# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १४ अंक २३० सोमबार, २७ असोज २०८२ | SOURYA NATIONAL DAILY | Monday, 13 October 2025 पृष्ठ : ८ मूल्य रू. १०


# देशलाई संकटमा हालेर आन्तरिक किचलोमा व्यस्त दलहरू

## ■ शीर्षस्थलाई नेतृत्व जोगाउने चिन्ता, नेतृत्व हत्याउने ध्याउन्नमा इतर पक्ष

■ **विक्रम रत्न**

काठमाडौँ । गत २३-२४ भदौको जेनजी आन्दोलनपछि राज्यसत्ता दलहरूको हातबाट बाहिर पुगेको छ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको गैरदलीय अन्तरिम सरकार बनेको छ । सो सरकारले प्रतिनिधिसभा विघटन गरी २१ फागुनका लागि निर्वाचन तय गरेको छ । सरकारले आफ्नो ढंगले निर्वाचन तयारी गरिरहँदा राजनीतिक दलहरू भने राष्ट्रिय मुद्दामा एक हुन सकेका छैनन् । विगतमा दलहरूकै कार्यशैली र कुशासनका कारण उदाएको जेनजी विद्रोहलाई अवमूल्यन गरेका दलहरू त्यसपछिको घटनाक्रमलाई समेत सम्पूर्ण रूपमा अनदेखा गरिरहेका छन् ।

देशमाथि ठुलो संकट आइपरेको भाषण गरिरहेका शीर्ष नेताहरू संकट टार्न भने एकजुट हुन सकेका छैनन् । आफ्नो नेतृत्वमाथि नै प्रश्न उठ्न थालेपछि शीर्ष नेताहरू राष्ट्रिय मुद्दालाई थाती राखेर पद जोगाउन केन्द्रित भएका छन् भने दोस्रो-तेस्रो पुस्ता र संस्थापन इतरका नेतालाई भने यही मौकामा नेतृत्व हत्याउने ध्याउन्न छ । अनिश्चयको भुमरीमा फसेको देशलाई निकास दिन आमराजनीतिक सहमतिका साथ अघि बढ्नुपर्ने बेलामा दलका सबै तहका नेताहरू मौकामा चौका हान्दै आन्तरिक शक्ति संघर्ष र पदलोलुपतामा केन्द्रित भएका हुन् ।

**दलको प्राथमिकतामै देखिएन देश**

२४ गतेको जेनजी विद्रोहले सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय जलेर खरानी भयो । सँगै अन्य केही मन्त्रालय पनि ध्वस्त भए । संसद् भवन, सर्वोच्च अदालत, प्रधानमन्त्री निवास, राष्ट्रपति भवनजस्ता महत्वपूर्ण संवेदनशील कार्यालयहरू जलाइयो । पार्टी कार्यालय र नेताहरूका निजी घरसमेत जलाइयो । २७ भदौमा मुलुकले नयाँ प्रधानमन्त्री पाएसँगै बिस्तारै देशको परिस्थिति सामान्य बन्दै थियो । २८ भदौपछि दलका नेताहरू सार्वजनिक रूपमा देखिन थाले । तर, उनीहरू जलेर भग्नावशेष भएका राज्यका कुनै पनि अंगका भवनमा पुगेनन् । बरु पार्टी कार्यालय पुगेर गोहीको आँसु झारे । पार्टी भवनको पुनर्निर्माण गर्ने घोषणा गरे, सरकारी संरचनाको पुनर्निर्माणको कुरा कसैले भनेनन् । बरु आफ्नो नालायकी छोप्न विदेशी चलखेल र घुसपैठको आरोप लगाइरहेका छन् ।

त्यसयता राजनीतिक दलहरू निरन्तर पार्टी गतिविधिमा संलग्न छन् । बहुदलीय व्यवस्था भएको देशमा दलहरू राज्य सञ्चालनबाट पूर्ण रूपमा बाहिर छन् । आफ्नै सिफारिसमा प्रधानमन्त्री नियुक्त भएकी सुशीला कार्कीलाई गैरसंवैधानिक भनिरहेका छन् । तर, संविधान जीवितै रहेको अवस्थामा देशलाई संवैधानिक ट्र्याकमा ल्याउने जिम्मेवारी पनि तिनै राजनीतिक दलहरूको हो । तर, सबैको एकै दृष्टिकोण र बुझाइ हुँदाहुँदै पनि दलगत स्वार्थका कारण एक ठाउँमा आएर संविधानको रक्षार्थ उभिन सकेका छैनन् । विगतका राजनीतिक परिवर्तनहरूमा आपसमा मिलेर अघि बढ्ने राजनीतिक दलहरू अहिले एकअर्कातिर्फ मुख फर्काउनसमेत सकेका छैनन् । बरु प्रतिस्पर्धी दल सरकारमा नभएकामा खुसी देखिएका छन् ।



### ■ राष्ट्रिय संकटको निकास खोज्न छाडेर दलभित्रै हानाथाप

राष्ट्रिय संकटको निकास खोज्नुको सट्टा दलहरू आन्तरिक शक्ति संघर्षमा केन्द्रित छन् । हरेक राजनीतिक दलमा संस्थापन र संस्थापन इतर पक्षबीच वैचारिक तथा संगठनात्मक मतभेद थियो । जेनजी आन्दोलन दलका नेतृत्व र उनीहरूको भूमिकाप्रति केन्द्रित भएपछि त्यसयता स्वाभाविक रूपमा नेतृत्व परिवर्तनको बहस उठेको छ । शीर्ष नेताहरूले राजीनामा दिनुपर्ने र पार्टी पुनर्गठन हुनुपर्ने मत सबै पार्टीमा बलियो रूपमा उठेको छ । यही मौकामा संस्थापन इतर पक्ष नेतृत्व हटाउन कम्मर कसेर लागेको छ भने संस्थापन पक्ष आफ्नो पद जोगाउन सम्पूर्ण रूपले केन्द्रित भएको छ । कांग्रेसभित्र सभापति शेरबहादुर देउवालाई हटाएर कार्यवाहक तोक्ने जाने र १५औँ महाधिवेशनको मिति तोक्ने विषयले लफडा निम्तिएको छ । आइतबारका लागि बोलाइएको केन्द्रीय कार्यसमितिको बैठक मंगलबारका लागि सारिएको छ । तर, एजेन्डा भने पार्टीको नेतृत्व परिवर्तन र महाधिवेशनलाई नै बनाइने भएको छ । यता, शुक्रबार सुरु भएको एमाले सचिवालय बैठकमा पनि मुख्य गरी पार्टी पुनर्गठन र नेतृत्व परिवर्तनको विषयमा नै चर्चा भएको छ । केन्द्रीय समिति बैठकमा पनि सोही विषयलाई एजेन्डा बनाउने एमालेको तयारी छ । ▸▸▸ **बाँकी पृष्ठ ६**

### ■ साना दल पनि छिन्नभिन्न

नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टीदेखि गत २०७९ को चुनावबाट वैकल्पिक शक्तिका रूपमा उदाएको रास्वपा, जनमत र नाउपा जस्ता दल पनि अन्तरद्वन्द्वमै छन् । उनीह पनि पार्टीको किचलो छाडेर राष्ट्रिय मुद्दामा बहस छलफलमा सहभागी भएका छैनन् । नेकपा एसमा जेनजी आन्दोलनअघि नै अध्यक्ष माधवकुमार नेपाल पतञ्जली जग्गा प्रकरणमा मुछिएपछि उनले नेतृत्व छाड्नुपर्ने बहस उठेको थियो । अहिले त्यो बहसले झन् ठुलो रूप लिएको छ । माओवादीसँग एकता तयारी गरेका नेपाललाई सम्मानित नेता झलनाथ खनालले चुनौती दिएका छन् र एकता रोक्न लागिपरेका छन् । राप्रपामा पनि अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमाथि प्रश्न उठाउँदै आएका महामन्त्री धवलशमशेर राणा फेरि सक्रिय हुन थालेका छन् । आइतबार उनले आफूपक्षीय नेताहरूको छुट्टै भेला गरे । सभापति रवि लामिछानेको मुद्दामै केन्द्रित भइरहेको रास्वपा हाल मुद्दा र एजेन्डाविहीन देखिन्छ । जनमत विभाजन भइसकेको छ । नाउपा फोरेर संरक्षक रेशम चौधरीले नयाँ पार्टी गठनको तयारी गरेसँगै नाउपा पनि अस्तित्व रक्षाको अवस्थामा छ । यी कुनै पनि वैकल्पिक भनिएका दलले नयाँ राजनीतिक परिस्थितिमा सशक्त भूमिका निर्वाह गर्नेतर्फ अग्रसर भएका छैनन् ।

● **गंगानारायण श्रेष्ठ,** *नेता, माओवादी केन्द्र*



दलहरूले जेनजी विद्रोहको उद्देश्यअनुरुप रूपान्तरण हुनुको विकल्प छैन । संसद् पुनर्स्थापना गर्नु पछि फर्किनु हो, चुनाव सम्पन्न गराउन लाग्नुपर्छ । कांग्रेस र एमालेले आफ्नो धारणा अझै स्पष्ट गरेका छैनन् । अग्रगामी, यथास्थिति वा पछि फर्किने भन्ने तीनै धार सबै दलमा देखिन्छ । विद्रोहको उद्देश्य स्वीकार गर्न नसक्ने र स्वीकार गर्नेहरूबीचको ध्रुवीकरण समग्र राष्ट्रिय राजनीतिमा देखिएको छ ।

● **सञ्जय गौतम,** *नेता, नेपाली कांग्रेस*



दलहरू आन्तरिक राजनीतिमा अल्झिइरहेका छन् । पार्टीभित्र र बाहिर बृहत् राष्ट्रिय एकता गर्न आवश्यक छ । नेताहरू यसप्रति गम्भीर किन भएनन् ? यो चिन्ताको विषय हो । दलगत स्वार्थभन्दा माथि उठेर मुलुकलाई केन्द्रमा राखेर जानुपर्छ । दलका कारण निर्वाचन नहुने परिस्थिति बनाउनुहुँदैन । एक ठाउँमा उभिन कांग्रेसले कुन बाटो लिन्छ भनेर सबैले पर्खिइरहेका छन् । कांग्रेसले निकाल्ने निष्कर्षकै आसपासमा राजनीति अघि बढ्छ ।

● **महेश बर्तौला,** *नेता, नेकपा एमाले*



दलहरूले समग्र घटनाको समीक्षासहित संस्थागत धारणा बनाएपछि आगामी बाटो तय हुन्छ । दलहरूमा आन्तरिक जीवनको अद्यावधिकको क्रम अघि बढ्नु स्वाभाविक हो । असामान्य परिस्थितिमा धेरै छलफल गर्दा अलमल भएजस्तो देखिएको हो । एमालेले औपचारिक निष्कर्ष निकाल्न बाँकी नै छ । चुनाव गर्ने वातावरण सरकारले बनाएको छैन । प्रतिनिधिसभा विघटन संवैधानिक वा असंवैधानिक भनेर परीक्षण गर्न पनि बाँकी छ ।

### ■ एमालेको ११औँ महाधिवेशन मंसिर अन्तिममा

काठमाडौँ । नेकपा एमालेले आगामी मंसिर अन्तिम साता ११औँ महाधिवेशन गर्ने भएको छ । आइतबार सम्पन्न सचिवालय बैठकले आगामी मंसिर अन्तिम साता महाधिवेशन गर्ने निर्णय गरेको हो । मिति र स्थानको बारेमा भने आगामी २९ भदौदेखि बस्ने केन्द्रीय कमिटी बैठकले निर्णय गर्ने उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए । बैठकले प्रतिनिधिसभा विघघटनलाई असंवैधानिक र अलोकतान्त्रिक ठहर गर्दै पुनर्स्थापनाको माग गर्ने निर्णय गरेको उनले बताए । सरकार चुनाव गराउने कार्यादेशमा नगई निषेध, प्रतिशोध र मुठभेडको बाटोमा हिँडेको ठहर गर्दै यथास्थितिमा चुनाव हुन नसक्ने निष्कर्ष निकालेको बैठकले राष्ट्रियता, लोकतन्त्र र संविधानका पक्षधर सबै राजनीतिक दल र नागरिकलाई संविधानको रक्षार्थ एकताबद्ध भएर अघि बढ्न अपिल गरेको ज्ञवालीले जानकारी दिए ।

# मापदण्डविपरीत भिआइपीको सुरक्षामा खटिएका २७१ सुरक्षाकर्मी फिर्ता

काठमाडौँ । नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट भिआइपी तथा भिभिआइपीको सुरक्षामा खटिएका २७१ जना सुरक्षाकर्मी फिर्ता भएका छन् । जसमा नेपाल प्रहरीका १७४ जना र सशस्त्र प्रहरीका ७४ जना छन् । गत २३ असोजमा मापदण्डविपरीत खटिएका सुरक्षाकर्मी फिर्ता गर्नेबारे गृहमन्त्रीस्तरीय निर्णय भएसँगै भिआइपी सुरक्षा पाउने व्यक्तिहरूका सुरक्षाकर्मी फिर्ताको काम सुरु भएको थियो ।

पूर्वप्रधानमन्त्रीहरूलाई १६ जना सशस्त्र प्रहरी र २ जना नेपाल प्रहरीको सुरक्षा दिइने विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा उल्लेख भए पनि पूर्वप्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एमाले अध्यक्ष केपी शर्मा ओलीले मापदण्डभन्दा दोब्बर बढी सुरक्षाकर्मी राखेका थिए । अन्य पूर्वविशिष्ट व्यक्ति तथा बहालवाला विशिष्ट व्यक्तिहरूले मापदण्डविपरीत राखेका सुरक्षाकर्मीसमेत गरेर २७१ जनालाई फिर्ता गरिएको हो । फिर्ता भएकाहरूलाई अब संगठनले तोकेको नियमित ड्युटीमा खटाउने भएको छ ।

# ६ हजार ५१६ फरार कैदीको नाम सार्वजनिक

काठमाडौँ । सरकारले २३ र २४ भदौको आन्दोलनका क्रममा विभिन्न कारागारबाट भागेका ६ हजार ५१६ कैदीबन्दीको नाम सार्वजनिक गरेको छ । गृह मन्त्रालयको निर्णयअनुसार फरार कैदीबन्दीहरूलाई शीघ्र नियन्त्रणमा लिन यो कदम चालिएको कारागार व्यवस्थापन विभागले जनाएको छ । फरार कैदीमध्ये ५ हजार ८६८ नेपाली, ५४० भारतीय र अन्य देशका १०८ जना छन् । विभागका अनुसार हालसम्म ९ हजार ८ जना कैदीबन्दी भने कारागार फर्किएका छन् ।

मन्त्रालयले यसअघि नै फरार बन्दीहरूलाई खोजी, नियन्त्रण र पक्राउ गर्न जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा 'फरार बन्दी खोजी तथा पक्राउ कार्यदल' गठन गरिसकेको छ । त्यस्तै, विभागले फरार कैदीबन्दीहरूको नामावलीसहितको विवरण निर्वाचन आयोग, सुरक्षा निकाय, अध्यागमन, भूमि व्यवस्थापन, यातायात व्यवस्थापन, राहदानी, वैदेशिक रोजगार, श्रम र नापी विभागलगायत सेवाग्राहीको भिड हुने निकायमा पठाउने निर्णय गरिसकेको छ । फरार कैदीबन्दीको विवरण कारागार व्यवस्थापन विभाग र सबै जिल्ला प्रशासन कार्यालयहरूको वेबसाइटमार्फत् सार्वजनिक गरिएको छ ।

# त्रिविको २ हजार रोपनीभन्दा बढी जग्गा विभिन्न संघसंस्थाको कब्जामा



प्रचण्डको पालामा छानबिन सुरु गरेको समितिले ओली प्रधानमन्त्री हुँदा प्रतिवेदन बुझाएको थियो भने कार्की प्रधानमन्त्री बनेपछि कार्यान्वयनको चरणमा प्रवेश गरेको छ

■ **सौर्य समाचार**

काठमाडौँ । त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन सार्वजनिक भएको छ । तत्कालीन केपी शर्मा ओली सरकारलाई बुझाएको प्रतिवेदन आइतबार शिक्षा मन्त्रालयले सार्वजनिक गरेको हो । पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा गठित समितिले २ पुस, २०८१ मा तत्कालीन ओली नेतृत्व सरकारलाई प्रतिवेदन बुझएको थियो । तर, सरकारले प्रतिवेदन कार्यान्वयन नगरी गोप्य राखेको थियो । २०८१ जेठमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' नेतृत्वको सरकारले पूर्वसचिव त्रितालको संयोजकत्वमा त्रिविको जग्गा खोजबिन समिति गठन गरेको थियो ।

जेनजी आन्दोलनपछि गठित अन्तरिम सरकारका शिक्षामन्त्री महावीर पुनले उक्त प्रतिवेदन सार्वजनिक गर्ने घोषणा गरेका थिए । त्यसपछि पुनले प्रधानमन्त्री कार्यालयमा रहेको प्रतिवेदन माग गरेर असोज २३ मा बसेको मन्त्रिपरिषद् बैठकबाट प्रतिवेदन सार्वजनिक र कार्यान्वयनका लागि स्वीकृत गराएका थिए । सोहीअनुसार आइतबार प्रतिवेदन सार्वजनिक भएको हो । मन्त्रालयले प्रतिवेदन सार्वजनिक गर्दै कार्यान्वयनको तयारी गरेको छ । समितिले त्रिविको झन्डै १ हजार रोपनी जग्गा हिनामिना भएको निष्कर्ष निकालेको छ । ▸▸▸ **बाँकी पृष्ठ ६**

### ■ भेपमार्फत् सुन तस्करी प्रकरण

# राजनीतिक संरक्षणमा उन्मुक्ति पाउँदै आएका पूर्वसभामुख महरा फेरि पक्राउ

■ **सौर्य समाचार**



काठमाडौँ । विद्युतीय चुरोट (भेप) भित्र सुन राखेर तस्करी गर्ने गिरोहमा संलग्न देखिएको आरोपमा नेकपा माओवादी केन्द्रका नेता तथा पूर्वसभामुख कृष्णबहादुर महरा फेरि पक्राउ परेका छन् । उनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले आइतबार पक्राउ गरेको हो । भेपमा सुन तस्करी गरेको प्रकरणमा केही दिनअघि मात्रै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीसँग बयान लिएको थियो ।

१० पुस, २०७९ मा फ्लाई दुबईको जहाजमार्फत् नेपाल आएका चिनियाँ नागरिक ली हानसोङले २ वटा सुटकेसभित्र ७३ वटा बट्टामा रहेको ७३० वटा भेपमा सुन लुकाएर अवैध रूपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपाल भित्र्याएका थिए । प्रहरीले अनुसन्धान गर्दा त्यसमा महराको पनि कनेक्सन भेटिएको थियो । सिआइबीले उनलाई भन्सार छली तथा संगठित अपराध कसुरमा आइतबार पक्राउ गरेको जनाएको छ । महराको पक्राउबारे सिआइबीले जारी गरेको विज्ञप्तिअनुसार फ्लाई दुबईको उडानमार्फत् नेपाल आएका चिनियाँ नागरिकले अवैध रूपमा नेपालमा भेपमार्फत् सुन भित्र्याएको र भेप जफतपछि भेपभित्रको ८ करोड ५५ लाख २८ हजार रूपैयाँ बराबरको सुन भन्सार कार्यालयका नायब सुब्बा रेवन्त खड्कामार्फत् बेचबिखन गरी आपराधिक समूह बनाई संगठित रूपमा आपराधिक लाभ लिएको देखिएकाले महरालाई पक्राउ गरिएको हो ।

**● के हो महरा जोडिएको भेप प्रकरण ?**

चिनियाँ नागरिक ली हानसोङ १० पुस, २०७९ मा फ्लाई दुबईको उडानबाट आउँदा भेपको ७३ बट्टामा ७३० थानमा करिब ९ केजी सुन लुकाएर ल्याएका थिए । जाँचपासका क्रममा त्यति धेरै मात्रामा भेप देखिँदा शंका लागेपछि ती भेप त्रिभुवन विमानस्थल भन्सार गोदाममा राखेर थप अनुसन्धान अघि बढाइएको थियो । तर, त्यसैबीच भन्सारले नियन्त्रणमा लिएको भेप सरकारकै गोदाममा रहेका बेला गिरोहकै सक्रियता र भन्सारका नायब सुब्बा रेवन्त खड्कामार्फत् साटिएको थियो ।

भेप साटिएपछि मात्र यस प्रकरणमा अनुसन्धान गर्न सिआइबीलाई जिम्मा दिइएको थियो । भेप साटिएको शंकापछि २६ वैशाख, २०८० मा भन्सारले सिआइबीलाई पत्राचार गर्दै अनुसन्धान गर्न भनेको थियो । ▸▸▸ **बाँकी पृष्ठ ६**

### ■ यसअघि राजनीतिक संरक्षणमा थिए महरा

तत्कालीन गृहमन्त्री रवि लामिछानेको पालामा महराविरूद्ध मुद्दा चलाउन सिफारिस भएको थियो । पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको सुन तस्करी अनुसन्धान जाँचबुझ आयोग, २०८० ले बुझाएको प्रतिवेदनमा महरालाई मुद्दा चलाउन सिफारिस गरिएको थियो । तर, यस प्रकरणमा उनीविरूद्ध सिआइबीले मुद्दा चलाएन, राज्यशक्तिको आडमा उनी फुत्किए । सिआइबीले भेपमार्फत् तस्करी भएको ९ किलो सुन प्रकरणमा त्यसबेला उनलाई कागज मात्रै गराएर छाडिएको थियो ।


करिब २ महिनासम्म लगाएर अनुसन्धान गरेको सिआइबीले ९ किलो सुन तस्करी भएको निष्कर्ष निकाल्दै भन्सारका नासु खड्कासहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । पछि पूरक अभियोजनमार्फत् चिनियाँ मूलका बेल्जियमका नागरिक दावा छिरिङ, उनका गाडी चालक लोकेन्द्र पौडेल, महराका छोरा राहुल र नीमा गुरुङलाई मतियार बनाएर अर्को मुद्दा दायर गरिएको थियो । तर, महराविरुद्ध भने कुनै मुद्दा चलाइएन । अहिले अन्तरिम सरकार गठन भएसँगै गृहमन्त्री ओमप्रकाश अर्यालले राजनीतिक दबाबमा रोकिएका मुद्दामाथिको अनुसन्धान गर्न सिआइबीलाई निर्देशन दिएपछि उनी पक्राउ परेका हुन् ।

### ■ दोस्रो पटक पक्राउ परे महरा

यही प्रकरणमा महरा पक्राउ परेको यो दोस्रो पटक हो । पहिलो पटक उनलाई अनुसन्धानपछि छाडिएको थियो । महरालाई यसअघि ५ चैत, २०८० मा सिआइबीले सोही प्रकरणमा पक्राउ गरेको थियो । कपिलवस्तुबाट पक्राउ गरी काठमाडौँ ल्याएपछि अदालतको आदेशअनुसार उनलाई ५ दिनसम्म प्रहरी हिरासतमा राखिएको थियो । तर, सो अवधिभित्र मुद्दा नचलाई प्रहरीले उनलाई रिहा गरेको थियो । सरकारी वकिल कार्यालय काठमाडौँका जिल्ला न्यायाधिवक्ता खडिन्द्रराज कटुवालले महरालाई हाजिरी जमानीमा छाड्ने आदेश दिएका थिए । स्वास्थ्य अवस्थालाई कारण देखाउँदै महरालाई हाजिरी जमानीमा छाडिएका महरासँग त्यसबेला सिआइबीले २ दिन लगाएर बयान लिएको थियो ।

### ■ आइसिसी टी–२० विश्वकप छनोट

# अन्तिम ओभरमा चामत्कारिक कमब्याक गर्दै युएईविरुद्ध नेपालको रोमाञ्चक जित



■ **दीपेन्द्र सापकोटा**

काठमाडौँ । आइसिसी टी-२० क्रिकेट विश्वकप छनोटको सुपर-६ मा नेपालले विजयी सुरुआत गरेको छ । नेपाली समयअनुसार आइतबार साँझ सकिएको खेलमा नेपालले युएईमाथि १ रनको रोमाञ्चक जित निकालेको हो । लगभग हारको संघारमा पुगेको अवस्थामा अन्तिम ओभरमा नेपाली टोली उत्कृष्ट कमब्याक गर्न सफल भयो । अन्तिम ओभरमा जितका लागि १० रन आवश्यक हुँदा बलिङमा आएका नेपालका उपकप्तान दीपेन्द्रसिंह ऐरीको बलमा युएईका ब्याटर ध्रुव परासरले छक्का प्रहार गरेका थिए । यस्तो अवस्थामा नेपाल लगभग हारको नजिक पुगेको थियो ।

तर, लगत्तै दीपेन्द्रले नै उनलाई सन्दीप जोरामार्फत् क्याचआउट गराए । त्यसपछि २ बलमा ३ रन आवश्यक हुँदा अर्को पनि रनआउटसँगै सर्ट रन भएपछि युएईले कुनै पनि रन जोड्न सकेन । यो पटक हैदर अली जोराबाटै रनआउट भए । अन्तिममा १ बलमा ३ रन चाहिएको अवस्थामा युएईले १ रन मात्र जोड्न सक्यो । दोस्रो रन लिने क्रममा जाहिद अली कप्तान रोहितकुमार पौडेलबाट रनआउट भएपछि नेपालले १ रनको झिनो अन्तरले जितेको हो ।

युएईविरुद्ध उत्कृष्ट कमब्याक खेल देखाएका दीपेन्द्र प्लेयर अफ द म्याच भए । ४ ओभर बलिङ गरेका उनले ३ विकेट लिए । उनले ५.५० को इकोनोमीमा किफायती बलिङसमेत गरे । यही भएर खेलपछिको प्रतिक्रियामा कप्तान रोहितले दीपेन्द्रको प्रदर्शनको प्रशंसा गरे । यस्तै, युएईविरुद्ध नेपालका लागि सोमपाल कामी, गुलसन झा र सन्दीप लामिछानेले समान १-१ विकेट लिए । सन्दीपले १६औँ ओभरमा लिएको विकेटले पनि नेपालको कमब्याकमा योगदान दियो । नेपालले दिएको १४१ रनको लक्ष्य पछ्याउने क्रममा युएईका अलिसान सरफुले अर्धशतकसँगै सर्वाधिक ५८ रन जोडे । साथै, परासरले ३२ रन बनाए ।

यसअघि, ओमानको अल अमेरत रंगशालामा नेपालले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लिएको थियो । नेपालले निधारित २० ओभरमा ६ विकेट घुमाएर १४० रन बनायो । नेपालका लागि ओपनर आसिफ शेखले अर्धशतक बनाए । उनले ४७ बलमा ५१ रन बनाए । यस्तै, अर्का ओपनर कुशल भुर्तेलले २६ बलमा २८, कप्तान रोहितले १९ बलमा २० बनाए । गुलसन झाले ५ ओभरमै १४ रन बनाएर नेपाललाई सम्मानजनक स्कोरमा पुऱ्याउन योगदान दिए । यसैगरी, कुशल मल्लले ११ बलमा १०, सोमपाल कामीले ६, जोराले ४ र दीपेन्द्रले १ रन बनाए । सोमपाल र जोरा अविजित रहे । युएईका लागि जुनेद सिद्दिकी, मुहम्मद रोहिद, जाहिद अली, ध्रुव पराशर, हर्षित कौशिक र हेदर अलीले समान १/१ विकेट लिए ।

नेपाल समूह बीको विजेताका रूपमा सुपर-६ मा पुगेको नेपालले पहिलो खेलमै तुलनात्मक बलियो मानिएको युएईलाई हराएर विश्वकप यात्रा सहज बनाएको छ । आइसिसी वरीयताअनुसार युएई नेपालभन्दा थोरै बलियो टोली हो । युएई १५औँ स्थानमा छ । नेपाल भने ३ स्थान तल अर्थात् १८औँ स्थानमा छ । वरीयतामा जेसुकै भए पनि निर्णायक खेलमा नेपालले युएईलाई हराउँदै आएको थियो । आइतबार पनि त्यही दोहोरिएको छ । नेपालले अब सुपर-६ मा ३ खेल खेल्न बाँकी छ । अर्को खेल आज सोमबार कतारविरुद्ध खेल्नेछ । उक्त खेल नेपाली समयअनुसार राति २०:४५ बजे सुरु हुनेछ । मंगलबार कुनै खेल राखिएको छैन । त्यसपछि बुधबार नेपाल ओमानविरुद्ध मैदानमा उत्रनेछ । ▸▸▸ **बाँकी पृष्ठ ६**

### ■ सरकारले घटायो स्टार्टअप कर्जाको सीमा

# अधिकतम २० लाख लिन पाइने, १० प्रतिशतमात्रै सुरक्षण राखे पुग्ने

■ **सौर्य समाचार**

काठमाडौँ । नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीलाई प्रोत्साहन गर्न सरकारले दिने स्टार्टअप कर्जाको सीमा घटाइएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नयाँ कार्यविधि जारी गर्दै स्टार्टअप कर्जाको सीमा ५ लाख रुपैयाँले घटाएको हो । यसअघि औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले विगतमा २५ लाख रुपैयाँसम्म वितरण गर्दै आएको कर्जाको सीमा अब २० लाखमा सीमित गरिएको छ । स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ जारी गर्दै मन्त्रालयले ३ प्रतिशत ब्याजदरमा स्टार्टअप कर्जाको अधिकतम सीमा न्यूनतम ५ लाखदेखि २० लाखसम्म निर्धारण गरेको छ । नयाँ कार्यविधिअनुसार अब कर्जा लिँदा पहिला सुरक्षण कोषमा कर्जाको १० प्रतिशतमात्र राखे पुग्ने भएको छ । यसअघि २५ प्रतिशत रकम राख्नुपर्ने व्यवस्था



थियो । जेनजी आन्दोलनको बलमा बनेको सरकारले युवा पुस्ता नै बढी सहभागी हुने स्टार्टअप कर्जाको सीमा र बजेट घटाएको भन्दै कतिपयले विरोध जनाएका छन् । स्टार्टअप कर्जामार्फत् बढीभन्दा बढी युवालाई रोजगार तथा उद्यमी बनाउनुपर्नेमा कर्जाको सीमा नै घटाउनु ठिक नभएको अर्थविद् हरूको तर्क छ । यता स्टार्टअप उद्यम कर्जा कार्यक्रम कार्यान्वयन गर्ने औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले भने मन्त्रालयले कार्यविधिमा प्रतिष्ठानसँग सल्लाह नगरी रकम घटाएको र पुरानै कायम गर्न पहल गर्ने जनाएको छ । ▸▸▸ **बाँकी पृष्ठ ६**

# एकसाता बित्दा पनि खुलेन अवरुद्ध मेची राजमार्ग

## इलामसहित पाँचथर र ताप्लेजुङबाट झापा जाने सवारीसाधन राजदुवाली पहिरोमाथि र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङ जाने सवारीसाधन माईखोलामा रोकिएका छन् । करिब डेढ किमी पैदल नै आवतजावत गर्नुपर्ने यात्रुहरूलाई बाध्यता छ

**सौर्य समाचार**

इलाम । गत १८ असोजको भीषण वर्षापछि गएको पहिरोका कारण अवरुद्ध मेची राजमार्ग अझै सञ्चालनमा आउन सकेको छैन । मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडकखण्डमा ठुलो पहिरो खसेपछि आवतजावत पूर्णरूपमा रोकिएको छ । सडक डिभिजन इलाम, स्थानीय बासिन्दा र सुरक्षाकर्मीले १ सातादेखि लगातार सडक खुलाउन प्रयास गरे पनि हालसम्म सफल भएका छैनन् । सडक विभागको प्राविधिक टोली र स्थानीय बासिन्दाले सडक खुलाउने प्रयास गरिरहेका छन् । सडक खुलाउने प्रयास भइरहेको सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख पवन भट्टराईले बताए । ठुलो पहिरो खसेकाले सडक सञ्चालन गर्न समस्या भएको उनको भनाइ छ ।

'सडक खुलाउन हामी दिनरात लागिरहेका छौँ,' उनले भने, 'तर सिंगो डाँडा नै भासिएकाले समस्या भएको हो ।' पहिरो पन्छाउन सडक डिभिजनले ३ वटा एस्काभेटरको प्रयोग गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंले सडक मर्मतकै क्रममा रहेकाले सुरक्षित रूपमा आवागमन गर्न सकिनेगरी मर्मत नहुन्जेलसम्म सो सडक सञ्चालनमा रोक लगाइएको बताए । 'सडकखण्ड मर्मतकै क्रममा छ । सुरक्षित रूपमा आवागमन गर्न सकिनेगरी मर्मत नहुन्जेलसम्म सडक सञ्चालनमा रोक लगाएका छौँ,' उनले भने ।



राजमार्गको राजदुवाली र इलाम-नेपालटार खण्डको मिलगोलाईमा ठुलो क्षति पुगेको छ । मिलगोलाईको अवरोध हटाइसकिएको सडक डिभिजनले जनाएको छ । मिलगोलाईको अवरोध हटाएपछि पाँचथर र ताप्लुजेङबाट राजदुवाली पहिरोमाथिसम्म सवारी सञ्चालनमा आएको छ । झापाबाट फिक्कल हुँदै माईखोलासम्म यातायात नियमित सञ्चालनमा छ । तर राजदुवालीमा पहिरो खसेकाले सडक अझै अवरुद्ध रहँदा इलामसहित पाँचथर, ताप्लेजुङ र झापाका यात्रुहरू प्रभावित भएका छन् ।

इलामसहित पाँचथर र ताप्लेजुङबाट झापा जाने सवारीसाधन राजदुवाली पहिरोमाथि र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङ जाने सवारीसाधन माईखोलामा रोकिएका छन् । सो ठाउँदेखि पहिरोमाथिसम्म करिब डेढ किलोमिटर यात्रुहरूलाई पैदल नै आवतजावत गर्नुपर्ने बाध्यता छ । बिरामी र ज्येष्ठ नागरिकलाई भने स्टेचरमा बोकेर माईखोला पारिबाट राजदुवाली माथिसम्म र राजदुवाली माथिबाट माईखोला पारिसम्म पुर्‍याउन सुरक्षाकर्मीले सहयोग गरिरहेका छन् ।

वैकल्पिक सडकका रूपमा प्रयोग हुँदै आएको मेची करिडोर (केचना-कञ्चनजंघा सडक) अन्तर्गत पुवाखोला र तिल्केनी-सिमलगोलाई सडकअन्तर्गत जोगमाईखोलाको बेलीब्रिज पनि बाढीले बगाएपछि इलामबाट झापा झर्ने कुनै सडक खुलेको छैन । बाढीपहिरोका कारण जिल्लाका अधिकांश स्थानीय पालिका सदरमुकामसँगको सडक सञ्जालबाट विच्छेद भएका छन् । जिल्लाका १० स्थानीय तहमध्ये ५ स्थानीयतह हालसम्म सदरमुकामसँगको सडक सञ्जालबाट विच्छेद भएका छन् ।

राजदुवाली सडकखण्ड अवरुद्ध भएकाले सूर्योदय नगरपालिका, बेलासे सडकखण्डको पुल भाँचिएपछि माई नगरपालिका, देउमाई पुल भत्किएकाले माङसेबुङ गाउँपालिका, जोगमाई खोलाको बेलीब्रिज बगाएपछि माईजोगमाई गाउँपालिकाका सडक क्षतविक्षत भएकाले फाकफोकथुम गाउँपालिका सदरमुकामसँगको सडक आवागमनबाट विच्छेद छन् ।

इलाममा हालैको सानाठुला गरी १९ पक्की पुल, २ बेलीब्रिज, ११ कल्भर्ट र ३ झोलुंगे पुलमा क्षति पुगेको छ भने ३१ सडकमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । यहाँ बाढीपहिरोबाट ३९ जनाको ज्यान गएको छ भने २६ जना घाइते भएका र १ जना बेपत्ता छन् । प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले ती घटनाबाट २७६ परिवार विस्थापित, १५१ घर पूर्ण र ३२७ घर आंशिक क्षतिग्रस्त भएको बताइन् ।

## बिपी राजमार्ग : 'ट्र्याक' खुलाएसँगै मर्मत थालियो

काभ्रे । गत साताको बाढीले क्षतिग्रस्त बिपी राजमार्गको विभिन्न खण्डमा अस्थायी 'ट्र्याक' खोलेर सवारी सञ्चालन गरेसँगै थप मर्मत गर्न थालिएको छ । बाढीले १ साता अवरुद्ध गराएको उक्त राजमार्ग औपचारिक रूपमा शनिबार बिहानदेखि खुलाइएको थियो । बाढीले क्षतिग्रस्त भएका स्थानमा 'डाइभर्सन बनाएर सञ्चालनमा ल्याइए पनि साँघुरो तथा अप्ठ्यारो सडकमा मर्मत गरिरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । हालको मर्मत कार्यले तिहारमा राजमार्गमा यात्रा सहज हुने कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताए । उनका अनुसार ३ वटा मेसिनले मर्मत गरिरहेको छ भने अन्य 'स्टेसन'मा मेसिनलाई 'स्ट्यान्डबाई' राखिएको छ । कार्यालय ५ दिन लगातार बाढीले कटान गरेको तथा बगर बनेको सडक बनाउन खटेको थियो ।

राजमार्गको क्षतिग्रस्त १९ स्थानमा 'डाइभर्सन' बनाएर अवरुद्ध राजमार्ग शनिबारदेखि खुलाइएको हो । शनिबारदेखि सवारीसाधन सञ्चालनमा ल्याउने गरी रातको समयमा करिब २ दर्जन मेसिनद्वारा कामलाई निरन्तरता दिइएपछि राजमार्ग पूर्णरूपमा खुलाउन सम्भव भएको कार्यालयले जनाएको छ । शुक्रबार साँझसम्ममा राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-६ स्थित चौकीडाँडादेखि रोसी गाउँपालिकाको माम्तीसम्म 'ट्र्याक' खोली सकेर परीक्षण गरिएको थियो । योगेशले राजमार्गको चौकीडाँडा, कटुन्जे-घुमाउने, चारसयबेँसी, गिम्दीबेँसी, नार्के, चिउरीबास, बोक्सीकुना, कालढुंगा, डालाबेँसी तथा पिप्लेको ४ स्थानलगायत माम्तीको २ स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी पूर्णरूपमा यातायात सञ्चालन गरिएको बताए । राजमार्गको काभ्रेपलाञ्चोकको सडकखण्डमा खोला फर्काएर 'डाइभर्सन' निर्माण भएको हो । कार्यालयले उक्त क्षेत्रमा सवारी साधन चलाउँदा चालक तथा यात्रुलाई विशेष सावधानी अपनाउनसमेत अपिल गरिरहेको छ ।

कार्यालयले उक्त राजमार्गको काभ्रेपलाञ्चोक खण्डमा १६ र सिन्धुली खण्डमा ३ स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी शुक्रबार अपराह्नमा ट्र्याक खुलाएको थियो । रोसी खोलाको बाढीले रोसी क्षेत्रमा करिब ४ किलोमिटर सडक कटान गरेको थियो । सोही क्षेत्रमा गत साल असोजको बाढीपहिरोले सडक क्षतिग्रस्त बनाएपछि डाइभर्सन बनाएर अस्थायी रूपमा सडक सञ्चालन हुँदै आएको थियो । पूर्वी नेपाल जोड्ने छोटो दुरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौँ यातायातका साधन आवतजावत हुने गर्छन् । कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि ४ खण्डमा ठेक्काको प्रक्रियामा अघि बढाइरहेको थियो ।

# सशस्त्र प्रहरी बलको झण्डा 'चुलु फार इस्ट' हिमालमा




**सौर्य समाचार**

काठमाडौँ । सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज पौडेलसहित ७ जनाले दामोदर हिमशृंखलाअन्तर्गत पर्ने 'चुलु फार इस्ट' हिमालको सफल आरोहण गरेका छन् । यही २५ असोज बिहान ७ बजे ६ हजार ३८ मिटर अग्लो हिमालको शिखरमा सशस्त्र प्रहरी बल, नेपालको झण्डा फहराइएको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

आरोहण गर्नेमा सशस्त्र प्रहरी उपरीक्षक टोपबहादुर डाँगी, नायब उपरीक्षक मनोज खड्का, निरीक्षकद्वय निर्मल बस्नेत र रवि खकुरेल तथा नायब निरीक्षक दन्तबहादुर छन्त्याल र जवान कमल श्रेष्ठ हुन् । आरोही मिङतेम्वा शेर्पा र सुम्बाछिरिङ शेर्पाको 'गाइडलाइन्स'मा 'फोर्टिन पिक्स एक्सपिडिसन'मार्फत उक्त हिमाल आरोहण गरिएको हो । पर्वतीय उद्धारको क्षेत्रमा सशस्त्र प्रहरी बल, नेपालको क्षमता अभिवृद्धि हुने विश्वाससहित आरोहरण गरिएको र यसले पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ ।

पर्वतीय उद्धार तालिम शिक्षालय मनाङमा सञ्चालन भइरहेको पर्वतीय उद्धार तालिमका लागि आवश्यक पर्ने प्रशिक्षकहरूको उत्पादनमा समेत यसले ठुलो भूमिका निर्वाह गर्ने सशस्त्र प्रहरीको दाबी छ । सशस्त्र प्रहरीले चुलु फार इस्ट हिमाल आरोहण गर्न अनुमति खुल्ला गर्ने प्रक्रियामा पहलसमेत गरेको थियो । यसअघि चुलु इस्ट हिमालको अनुमति लिएर चुलु फार इस्ट हिमालको आरोहण गर्ने प्रचलन थियो । सशस्त्र प्रहरीको यस आरोहणले चुलु फार इस्ट हिमाल आरोहण गर्ने कानुनी वैधानिकतासमेत प्राप्त गरेको छ ।

# सर्वोच्च अदालतले मंगलबारदेखि सबैखाले रिट दर्ता गरी सुनुवाइ गर्ने

**सौर्य समाचार**

काठमाडौँ । सर्वोच्च अदालतले २८ असोज मंगलबारदेखि सबैखाले रिट दर्ता तथा सुनुवाइ गर्ने भएको छ । आइतबार बसेको सर्वोच्च अदालतको पूर्ण बैठकले अदालतमा दर्ता हुने रिट निवेदन, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को दफा ७३, १३७ र १५५ का निवेदनहरू दर्ता गरी सुनुवाइ गर्ने निर्णय गरेको हो ।

वक्ता अर्जुनप्रसाद कोइरालाले आइतबार विज्ञप्ति जारी गरी निर्णयबारे जानकारी गराएका छन् । गत २४ भदौमा जेनजी आन्दोलनका क्रममा सर्वोच्च अदालतमा आगजनी ढुंगामुढा, तोडफोड र लुटपाट भएको थियो । उक्त घटनाबाट हुन गएको क्षतिका कारण बन्दी प्रत्यक्षीकरणका निवेदन तथा अत्यावश्यक निवेदन मात्र दर्ता र सुनुवाइ हुँदै आएका थिए ।

# घटस्थापनायता काठमाडौँमा १७५ दुर्घटना, ९ जनाको मृत्यु

**सौर्य समाचार**

काठमाडौँ । घटस्थापनादेखि आइतबारसम्म काठमाडौँ उपत्यकामा १७५ सवारीसाधन दुर्घटनामा परी ९ जनाले ज्यान गुमाएका छन् । दसैंको घटनस्थापनादेखि आइतबारसम्म उपत्यकामा १७५ सवारीसाधन दुर्घटना भएका र उक्त दुर्घटनामा परी १८८ जना गम्भीर घाइते भएको काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । उनका अनुसार अधिकांश घटना रातिको समयमा दुर्घटना भएका छन् ।

ट्राफिक प्रहरीको सक्रियतामा गत वर्षको तुलनामा यसवर्षको दसैंमा काठमाडौँ उपत्यकामा सवारीसाधन दुर्घटनामा निकै कमी आएको प्रवक्ता सुवेदीले बताए । उनले भने, 'हामीले दसैं सुरु हुनुअघिदेखि नै सवारीसाधनको जाँचलाई कडाइ गरेका थियौँ, मापसे (मादकपदार्थ सेवन)जाँच, चालक अनुमतिपत्रको निरीक्षण तथा गति सीमामा ध्यान दिने कुरामा पनि ट्राफिक प्रहरी सक्रिय थियो ।'

ट्राफिक प्रहरीले सवारीसाधन चालकलाई विशेषगरी रातिको समयमा चलाउँदा सावधानी अपनाउन, मादक पदार्थ सेवन नगर्न, ट्राफिक नियमको पूर्ण पालना गर्न र सुरक्षित यात्राका लागि सवारी जाँचलाई समर्थन गर्न आह्वान गरेको छ । रातिको समयमा सडक सुनसान हुने, चालकले सावधानी नअपनाउने र कतिपय अवस्थामा नशाको अवस्थामा तीव्र गतिमा गाडी चलाउनेजस्ता कारणले दुर्घटनाको जोखिम बढ्ने गरेको प्रवक्ता सुवेदीको भनाइ छ ।

# नेपाली सेनालाई बेलायतमा चौथोपटक स्वर्ण पदक




**सौर्य समाचार**

काठमाडौँ । नेपाली सेनाले संयुक्त अधिराज्य बेलायतको वेल्स, ब्रेकनमा सञ्चालन भएको एक्सरसाइज क्याब्रिअन पट्रोल, २०२५ मा स्वर्ण पदक प्राप्त गर्न सफल भएको छ । यही २३ देखि २५ असोजसम्म सञ्चालन भएको उक्त अभ्यासमा नेपाली सेनाको टोलीले सर्वोत्कृष्ट अंकसहित स्वर्ण पदक प्राप्त गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । उक्त अभ्यासमा बेलायतसहित ३३ राष्ट्रका ११७ टोलीको सहभागिता थियो । सन् १९६० बाट वार्षिक रूपमा सञ्चालन हुँदै आएको अन्तर्राष्ट्रियस्तरको उक्त प्रतियोगितामा नेपाली सेनाले सन् २०१४ देखि भाग लिँदै आइरहेको छ ।

तोकिएको समयसीमा २ दिनभित्रमा हतियार, करिब ७० पाउन्ड तौलको उपकरण र बन्दोबस्तीका सामग्रीसहित ६० किलोमिटर दुरी पार गर्नुपर्ने त्यस अभ्यासमा सहभागी टोलीको विभिन्न तयारी, खबर संकलन, घाइते-बिरामीको व्यवस्थापनलगायतका दक्षताको मूल्यांकन र परीक्षण गरिने निर्देशनालयले जनाएको छ । नेपाली सेनाले उक्त प्रतियोगितामा सन् २०१७, २०१९ र २०२४ मा पनि स्वर्ण पदक प्राप्त गरेको थियो ।

# वीर अस्पतालमा 'एनोरिज्य' को जटिल शल्यक्रिया

**सौर्य समाचार**

काठमाडौँ । वीर अस्पतालमा 'एनोरिज्म' (नसा फुलेर फुट्ने रोगको) जटिल शल्यक्रिया गरिएको छ । अस्पतालका न्युरो सर्जरी विभाग प्रमुख डा. राजीव झाको नेतृत्वमा ६ वटा एनोरिज्म एकैपटक ९ घण्टा लगाएर सफलतापूर्वक शल्यक्रिया गरिएको हो । उनले बिरामीको मस्तिष्कमा रहेका ६ वटा 'एनोरिज्म'को एकैपटकमा पहिलो शल्यक्रिया गरेर सफल उपचार गरेको बताए । यस्तो शल्यक्रिया अत्यन्त जटिल मानेर र कम मात्र देशमा यसको उपचार हुने उनको भनाइ छ । 'एनोरिज्म' मा नसा बेलुनजस्तै फुलेर फुट्ने गर्दछ । त्यसपछि मान्छेको ब्रेन ह्यामरेज भएर मृत्यु पनि हुन सक्दछ । शल्यक्रिया असोजको दोस्रो हप्ता गरिएको थियो ।

'ती बिरामीको एउटा 'एनोरिज्म' फुटेको थियो र अन्य ५ वटा फुट्ने तयारीमा रहेका थिए,' उनले भने, 'तर हाम्रो टिमले ९ घण्टा लगाएर उक्त एनोरिज्मलाई शल्यक्रियामार्फत उपचार गर्न सफल भयौँ ।' उनका अनुसार फुटेको एउटा 'एनोरिज्म' लाई बेलुनजस्तै बाँधेर राखिएको छ र अरू फुट्न तयारी रहेकालाई क्लिप लगाएर फुट्नबाट जोगाएर राखिएको छ । उनले एकैव्यक्तिको मस्तिष्कमा ६ वटा एनोरिज्म कमैमात्रामा हुने गरेको बताए । 'बिरामीको एनोरिज्य १ देखि ४ वटासम्म सामान्य हुने र त्यसपछि ५ तथा ६ वटा कमै मात्रामा हुने गर्दछ,' उनले थपे । उनले एनोरिज्म फुटेका ५० प्रतिशत बिरामी मात्र अस्पताल आउने र तीमध्ये ५० प्रतिशत मात्र उपचार पाएर बाँच्ने बताए । एनोरिज्मका कारणले बिरामीमा ब्रेन ह्यारेज हुने र तत्काल मृत्युसमेत हुने गर्दछ ।

न्युरो सर्जरी विभाग प्रमुख डा.झाका अनुसार चुरोट र मादक पदार्थ सेवन गर्ने, उच्चरक्तचाप, मधुमेह भएकालाई एनोरिज्म हुने गर्दछ । उनले अहिलेसम्म ११ वटा यस्ता एनोरिज्मका बिरामीको सफल उपचार गरेका छन् । 'अहिलेसम्म मैले ४ वटा 'एनोरिज्म' मस्तिष्कमा भएका बिरामीको सफलतापूर्वक उपचार गरेको थियो,' उनले भने, 'तर अहिलेको बिरामीमा ६ वटा एनोरिज्म रहेको थियो, तैपनि हामीले ६ वटैको जटिल शल्यक्रिया सफलतापूर्वक गर्यौं ।'

# 'मिडिया दर्ताको प्रक्रिया सूचना विभागबाट यथाशीघ्र सुरु हुन्छ'

**सौर्य समाचार**

काठमाडौँ । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सूचना तथा प्रसारण विभागबाट अनलाइन मिडियाको दर्ता र नवीकरण यथाशीघ्र सुरु गर्न प्रयास भइरहेको बताएका छन् । उक्त विभागको अनुगमन निरीक्षणपछि आयोजित कार्यक्रममा उनले अनलाइन मिडियाको दर्ता र नवीकरणका सन्दर्भमा धेरै सञ्चारकर्मीले झन्झट बेहोर्नु परेकाले त्यसका लागि सहजीकरण गरी सेवा सुविधा उपलब्ध गराउन विभागलाई निर्देशन दिए । सञ्चारमन्त्री खरेलले भने, 'यो दर्ता प्रक्रिया सम्भवतः तिहार अगाडि नै अघि बढ्छ । त्यसका लागि विभाग सम्पूर्ण तयारी अवस्थामा छ । दर्ता र नवीकरण गर्न अहिले धेरै साथीहरूले झन्झट बेहोर्नुभएको छ । छिट्टै विभागले सहजीकरण र सेवा सुविधा उपलब्ध गराउनेछ ।'

आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै मनसुनसम्बन्धी विपद् र दसैं परेकाले प्रक्रियागतरूपमा मिलाउन पर्ने भएकाले केही समय लागेको जनाउँदै मन्त्री खरेलले आगामी मन्त्रिपरिषद्बाट निर्णयभएपछि राजपत्रमा प्रकाशित हुनासाथ दर्ता र नवीकरण प्रक्रिया अघि बढने विश्वास दिलाए । अरू सरकारी निकायजस्तो ढिलासुस्तीको अनुभूति सूचना प्रविधि विभागसँग नरहेको जनाउँदै उनले जनता र पत्रकारसँग प्रत्यक्ष जोडिएको कार्यालय भएकाले सबै सेवाग्राहीलाई विधि र प्रक्रियाको सहजीकरणमा आवश्यक सहयोग हुँदै आएको बताए ।


**बढैयाताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मैनापोखर बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२।०६।२७ गते)**

यस बढैयाताल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०६।२१ गते को निर्णय अनुसार आर्थिक वर्ष २०८२।८३ मा स्थानिय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गत "म स्वस्थ, मेरो समुदाय स्वस्थ: घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" सञ्चालनका लागि यस बढैयाताल गाउँपालिकामा जनस्वास्थ्य अधिकृत पद करार सेवामा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग भए वमोजिमका विवरण र राजश्च बुझाएको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/२०८२-०८३ | जनस्वास्थ्य अधिकृत | सातौँ | १ | |

१. **आवश्यक न्युनतम शैक्षिक योग्यता**: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य संकायमा स्नातक तह (BPH) उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद (NHPC) मा दर्ता तथा नवीकरण भएको हुनुपर्ने छ ।
२. **उमेर हद**: २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
३. **दरखास्त दिने स्थान**: बढैयाताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मैनापोखर, बर्दिया ।
४. **दरखास्त दिने अन्तिम मिति**: सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२।०७।०९ गते) कार्यालय समय भित्र । तर अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको पहिलो दिन ।
५. **आवेदन दस्तुर**: १०००/- (अक्षररुपी एक हजार मात्र) ।
६. **छनौटको किसिम**: संक्षिप्त सुची प्रकाशन र अन्तरवार्ता परिक्षा ।
७. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु: आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिम कागजातहरुको प्रतिलिपिहरु:** (क) नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र प्रमाणपत्रको प्रतिलिपी । (ख) तोकिएको शैक्षिक योग्यताको प्रमाण-पत्रहरुको प्रतिलिपी । (ग) सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी । (घ) सम्बन्धित विषयमा कार्य अनुभव गरेको भए सोको प्रमाणित प्रतिलिपी । (ङ) हालसालै खिचिएको पासपोर्ट साईजको २ (दुई) प्रति फोटो ।
८. सेवा सुविधा र अन्य: सेवा करार सम्झौता बमोजिम ।

**नोट:**
१. दरखास्त फाराम यस कार्यालयको वेब साईट https://badhaiyatalmun.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।
२. परिक्षा सम्बन्धी सम्पुर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयसँग निहित रहने छ । साथै परिक्षा मिति र समय पछि प्रकाशित गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Pauwadungma Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chyangre, Bhojpur**
**Koshi Province, Nepal**

**Invitation for Bids for the Procurement of Supply & Delivery of Coloured C.G.I. Sheet**

**Contract Identification No : PRM/NCB/Goods/082-83/01**
**Date of publication: 2082-06-27**

1. **Pauwadungma Rural Municipality, Bhojpur** invites electronic bids only from eligible bidders for the The Procurement of Supply & Delivery of Coloured C.G.I. Sheet under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Pauwadungma Rural Municipality, Bhojpur** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# राउटे समुदायका युवाको माग– रातको समयमा बस्तीलाई सुरक्षा चाहियो

■ टेकराज केसी



सुर्खेत । राउटे समुदायमा त्रास सृजना गर्ने एक युवालाई राउटे समुदायका अन्य युवाहरूले यही असोज २४ राति नियन्त्रणमा राखे । सुर्खेतको लेकबेँसी नगरपालिकाका ती युवकले मदिरा सेवन गरी रातिका समयमा राउटेबस्तीमा छिरेका थिए । शनिबार बिहान ती समुदायका युवाहरूले नजिकैको प्रहरीलाई खबर गरी ती युवालाई प्रहरीको जिम्मा लगाएका थिए । त्रास सिर्जना गर्ने युवाकलाई आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता मोहनजंग बुढ्थापाले जानकारी दिए । पछिल्लो समय बाह्य व्यक्तिहरूको अनधिकृत प्रवेशले राउटे समुदायले असुरक्षित महसुस गर्न थालेका जनाइएको छ ।

आफ्नै जीवन्त रीतिरिवाज र वेशभूषामा जंगलमा बस्दै आएका उनीहरूका बस्तीमा जथाभावी बाह्य व्यक्तिहरूको प्रवेशले असुरक्षित बन्न थालेका हुन् । विभिन्न बहानामा राउटे बस्तीमा जाने र त्यहाँ विभिन्न अवाञ्छित क्रियाकलाप गर्ने प्रवृत्ति बढेको उनीहरूको भनाइ छ । कर्णालीका विभिन्न ठाउँमा फिरन्ते रूपमा जीवन बिताउँदै आएका राउटे समुदायमाथि केही वर्षअगाडि पनि अवाञ्छित काम गर्ने केही व्यक्तिलाई प्रहरीले कारबाही गरेको थियो । राउटे समुदायका युवा दीपक शाही भन्छन्, ‘बाहिरबाट बिनाकाममा बस्तीभित्र आउने गर्दा आफूहरूलाई असहजता बनाएको छ । रातिमा बस्तीभित्र बाहिरका मानिस आउन थालेपछि झनै असुरक्षित हुन थालेको छ, हामीलाई सुरक्षा चाहियो । हिजो मात्र हाम्रो बस्तीमा रक्सी खाएर १ जना मान्छे आएर हल्ला गर्‍यो । अरू बेलामा पनि जथाभावी मानिसहरू आउँदा हामी त्रासमा छौँ ।’ उनले दिउँसोको समयमा राउटे बस्तीमा आए पनि रातको समयमा मादक पदार्थ सेवन गरेर नआउन आग्रह गरे । यस्तै, राउटे समुदायको रेखदेखका लागि काम गर्दै आएका सोसेकका दुर्गा खत्रीले पनि पछिल्लो समय राउटे समुदायमा सुरक्षा चुनौती थपिएको जनाउँदै बस्तीको लागि प्रहरी खटाउन आवश्यक रहेका औँल्याइन् । राउटे बस्तीमा प्रहरी चाहिएको अवस्था छ । उनले भनिन्, ‘यहाँ बाहिरका मानिसहरू धेरै आउने, भिडियो बनाउनेसँगै रातिको समयमा गलत मानिसहरूको प्रवेश बढ्दै जाँदा राउटेको सुरक्षा जोखिम बढ्दो छ ।’

उनले राउटेहरूलाई भत्ताको सट्टा राशन दिनुपर्ने जनाउँदै भत्ताका रूपमा रकम दिँदा उनीहरू मदिराको लतमा फस्दै गएकाले उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको बताइन् । यसले पनि राउटेहरूको सुरक्षामा चुनौती थपिएको उनको भनाइ छ ।

### भाइरल ज्वरोको संक्रमण बढ्दै

केही दिनदेखि राउटे समुदायमा भाइरल ज्वरोको संक्रमण बढ्दै गएको पाइएको छ । सुरुमा २ जना मात्रै बिरामी परेकामा पछिल्लो १ हप्ता २५ जना बिरामी परेका छन् । उनीहरूले डेंगीलगायतका अन्य चेकजाँच गर्न नदिने गरेको भन्दै प्राथमिक उपचार मात्र गर्ने गरिएको राउटे समुदायको उपचारका लागि खटिएकी स्वास्थ्यकर्मी अनुजा पन्त बताउँछिन् । ‘अहिले राउटे बस्तीमा ज्वरोको संक्रमण बढ्दो छ, पछिल्लो १ हप्तादेखि २५ जनाभन्दा बढी बिरामी पर्नुभएको छ, उहाँहरूले डेंगु चेकजाँच गर्न दिनुहुन्न । हामीले प्राथमिक उपचार मात्र गरेका छौँ । अन्य समस्या चेकजाँच गर्नका लागि उहाँहरू ‘कन्भिन्स’ हुनुहुन्न,’ उनले भनिन् ।

### संख्या लगातार घट्दै

राउटे समुदायको संख्या लगातार घटिरहेको छ । राष्ट्रिय मानवअधिकार आयोगले गरेको अध्ययन २०८१ को प्रतिवेदनले पनि राउटे समुदायको संख्या लगातार घट्दो क्रममा रहेको देखाउँछ । प्रतिवेदनमा २०७५ सालमा १४९ रहेको राउटेको जनसंख्या १५ माघ २०८१ सालसम्म आइपुग्दा घटेर १३५ मा झरेको छ । २०७५ मा १४९ रहेको राउटेको संख्या १ जनाले घटेर २०७६ सालमा १४८ भयो । २०७७ सालमा फेरि ३ जनाको मृत्युपछि १४५ मा झरेको यो समुदायको संख्या २०७८ मा आउँदा १४४ मा झर्‍यो । अहिले यो समुदायको संख्या १३५ मा सीमित हुनपुगेको छ । यो समुदायको संख्या घट्नुका विभिन्न कारण रहेको विज्ञहरू बताउँछन् । उनीहरूका अनुसार यो समुदायको जनसंख्या घट्नुको पछाडि सामाजिक मूल्य, मान्यता प्रमुख कारण छ ।

राउटे समुदायको उत्थानका लागि काम गर्दै आएको गैरसरकारी संस्था सोसेक नेपालका कार्यकारी प्रमुख हीरासिंह थापा भन्छन्, ‘राउटे समुदायमा कल्याल, रास्कोटी र सोवंशी गरी ३ वटा समुदाय छ, एउटै समुदायका केटा र केटीको विवाह नहुने सामाजिक परम्परा भएका कारण धेरै युवायुवतीहरू विवाह नगरेर बसेको अवस्था छ । अर्को परम्परा भनेको पतिको मृत्युपछि जतिसुकै उमेर समूहका महिला भए पनि एकल भएर बस्नुपर्ने बाध्यता छ ।’

उनले थपे, ‘अहिले एकल महिला २३ जना छन्, तीमध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका छन् । उनीहरूले अर्को विवाह गर्न पाउँदैनन्, प्रजनन उमेरका महिलाहरू बच्चा जन्माउनै नपाएपछि कसरी संख्या बढ्छ ।’

प्रमुख थापाले राउटे समुदायमा युवाहरूको संख्याभन्दा ज्येष्ठ नागरिक र बालबालिकाको संख्या धेरै रहेको बताए । उनले भने, ‘राउटे समुदायको जनंख्या घट्नुको अर्को कारण अत्यधिक मदिराको सेवन हो, मदिराको सेवनले गर्दा उनीहरू भिरबाट लडेर मृत्यु हुने समस्या बढ्दै गएको छ ।’

राष्ट्रिय मानवअधिकार आयोगले दिएको प्रतिवेदनलाई आधार बनाएर तीनै तहका सरकारहरूले राउटे संरक्षणसम्बन्धी योजना बनाउनुपर्ने उनको सुझाव छ । आयोगले सिधैँ रकमको साटो आवास, खाद्यान्न, पोषण, लत्ताकपडा र शिक्षा उपलब्ध गराउने विधि प्रयोग गरी कार्यान्वयन गर्न जरुरी रहेको बताएको छ भने बाहिरी आधुनिक दुनियाँले उनीहरूको सभ्यतामा हस्तक्षेप गरेको भन्दै नियन्त्रण गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ । राष्ट्रिय मानवअधिकार आयोगको अध्ययनमा समेत राज्यको यथोचित ध्यान पुग्न नसक्नु, कमजोर जनस्वास्थ्य, कुपोषण, उपचारमा पहुँच नहुनु/नराख्नु, प्रजनन स्वास्थ्य अभाव, गुणस्तरहीन परम्परागत आवासमा बसोबास, मौसमअनुकूल लत्ताकपडा अभाव, स्वच्छ खानेपानी तथा सरसफाइको अभावजस्ता कारणले राउटेको जनसंख्या ऋणात्मक बन्दै जान थालेको उल्लेख छ ।

आयोगका कर्णाली प्रदेश संयोजक मानबहादुर कार्की भन्छन्, ‘राउटे समुदाय जीवन चलाउने भनेर सरकारले भत्ता दिने गर्‍यो, उनीहरूको जीविका चलाउन सहज होस् भनेर सरकारले भत्ता त दियो । तर त्यो भत्ताको प्रयोग उनीहरूले आफ्नो खानपानभन्दा पनि मदिरा सेवनमा प्रयोग गर्ने गरेको पाइयो । यसले गर्दा उनीहरूको मृत्यु धेरै भएको देखिन्छ । यही मात्र कारण त नहोला तथापि अन्य कारणले पनि उनीहरूको संख्या घटिरहेको छ ।’ उनीहरूको स्वास्थ्य अवस्था पनि बिग्रँदै गएको भन्दै तीनै तहका सरकारले मुख्यगरी उनीहरूको संरक्षणका लागि नयाँ योजना बनाउनुपर्ने सुझाव कार्कीको छ ।

‘उनीहरू स्वास्थ्य समस्या भइहाले उपचार गर्न नमान्ने, कडा खालको मदिराको सेवन गर्ने, पोषिलो खानाको कमी तथा विभिन्न कारणले मृत्युवरण गर्नुपर्ने यो समुदायको समस्या छ । त्यसका साथै सामाजिक परम्परा पनि छन् जनसंख्या घट्नुको कारण छन् । त्यसैले सरकारले नयाँ योजना बनाएर यो समुदायको संरक्षणमा लाग्न सुझाव दिन्छु,’ कार्की भन्छन् । पछिल्लो समय बढ्दो असुरक्षाले उनीहरूको मानवअधिकारसमेत हनन हुने सम्भावना बढेको उनको भनाइ छ । कर्णाली प्रदेश सरकारले भने उनीहरूका लागि राउटे करिडोर निर्माण गरी विभिन्न संरक्षणका योजना अगाडि सारेको छ ।

# हैजा महामारीविरुद्धको औषधि पर्सामा दिन थालियो

■ सौर्य समाचार




वीरगन्ज । हैजा महामारीविरुद्ध प्रतिकार्य खोप अभियान आइतबारदेखि पर्सामा सञ्चालन गरिएको छ । स्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मीले आइतबार प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीलाई औषधि खुवाएर सुरुआत गरिएको हो । बाल स्वास्थ्य तथा खोप सेवा शाखाका प्रमुख डा.अभियान गौतमले हैजा महामारीविरुद्धको औषधि पर्साका १ वर्ष उमेर माथिका सबैलाई खुवाउनका लागि अनुरोध गरे ।

‘पर्सामा हैजाको महामारी र वर्षापछिको डुबानको कारणले पनि हैजाको उच्च जोखिम रहेकाले पनि सबैले हैजाविरुद्धको प्रतिकार्य खोप अभियानमा सरिक जनाउनका लागि अनुरोध गर्दछु,’ उनले भने, ‘मुखबाट खुवाइने भएकाले सुरक्षित र भरपर्दो भएकाले पनि ढुक्क भएर सेवन गर्नका लागि अनुरोध गर्दछौँ ।’ डा.गौतमले हैजाको औषधि खाएर मात्रै पर्याप्त नहुने भएकाले आफ्नो घर वरपर सरसफाइ र सफा तथा स्वच्छ पानी पिउनका लागि पनि विशेष अनुरोध गरे । नारायणी अस्पताल वीरगन्जका डा.मनोजकुमार गुप्ताले पनि हैजाविरुद्धको औषधिले गम्भीर प्रकृतिको कुनै पनि ‘साइड इफेक्ट’ नपार्ने भएकाले पनि सर्वसाधारण सबैले खाएर सहयोग गर्नका लागि आह्वान गरे । ‘हैजाको खोप विश्वसनीय प्रकृतिको भएकाले पनि कुनै पनि आशंका गर्नु पर्दैन, यसले स्वास्थ्यलाई फाइदा नै पुर्‍याउनेछ,’ उनले भने ।

प्रमुख जिल्ला अधिकारी सुवेदीले यहाँ देखिएको हैजाको संक्रमण न्यूनीकरण र यहाँका जनतालाई सुरक्षित गराउनका लागि पनि खोपको महत्त्वपूर्ण भूमिका हुने बताए । भदौको पहिलो साता पर्सामा हैजाको संक्रमण देखिएको थियो । स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले पर्सामा करिब ६ लाख ५४ हजार जनालाई हैजाविरुद्धको खोप खुवाइने कार्यक्रम रहेको जानकारी दिए । उनका अनुसार यो अभियान आइतबारदेखि आगामी २ कात्तिकसम्मका लागि सञ्चालन भएको छ ।

प्रतिकार्यस्वरूप सञ्चालन गर्न लागिएको हैजाविरुद्धको अभियानमा एकपटक औषधि दिइनेछ । यो मुखबाट खुवाइने खोपयुक्त औषधि हो । यो सुरक्षित रहेको महाशाखाले जनाएको छ । यो औषधि १ वर्षभन्दा माथिका सबैले खानुपर्छ ।

गर्भवती र स्तनपान गराइरहने महिलालाई पनि यो औषधि दिन सकिने जनाइएको छ ।

# हिमपातले अवरुद्ध न्यालु खण्डको हिउँ पन्छाउन स्काभेटर परिचालन

■ सौर्य समाचार

हुम्ला । जिल्लाको उत्तरी नाम्खा गाउँपालिका-६ लिमीमा २ दिनदेखि परेको हिमपातका कारण अवरुद्ध बनेको न्यालु खण्डको हिउँ पन्छाउन स्काभेटर परिचालन गरिएको छ । हिमपातले बन्द भएपछि न्यालु खण्डको हिउँ पन्छाउन आइतबार सदरमुकाम सिमकोटबाट स्काभेटर त्यसतर्फ पठाइएको हो । पूर्वाधार विकास कार्यालय हुम्लाका प्रमुख नरेशराज जैसीले आइतबार सदरमुकामबाट गएको स्काभेटर सोमबार बिहान पुगेमा बिहानैदेखि हिउँ पन्छाइने बताए । उनका अनुसार सोमबार दिनरात हिउँ पन्छाएर सकिएमा मंगलबारदेखि सडक सञ्चालनमा आउने भएको छ ।

यसैबीच, सडक अवरुद्ध भएर तुम्लिङमा रोकिएका यात्रु र तथा सवारीसाधन सदरमुकाम फिर्ता भएको जैसीले उल्लेख गरे । पर्यटकीय क्षेत्र नाम्खा गाउँपालिकाअन्तर्गत लिमीको पदयात्रा सकेर सिमकोट फर्किने क्रममा २ दिन परेको बाक्लो हिमपातले न्यालुको बाटो छिचोल्न नसकेर ४० जनाभन्दा बढी यात्रु तुम्लिङमा रोकिएका छन् ।

# जनकपुरधाममा मधेस अस्पतालको शुभारम्भ




■ सौर्य समाचार

जनकपुरधाम । मधेस प्रदेशको राजधानी जनकपुरधामस्थित वडा-१३ मा जनकपुर मधेस अस्पताल आइतबारदेखि सञ्चालनमा आएको छ । स्वास्थ्योपचारसम्बन्धी अत्याधुनिक सुविधा र दक्ष एवं अनुभवी चिकित्सक तथा गुणस्तरीय स्वास्थ्योपचार र आधुनिक ल्याबको व्यवस्था रहेको सो अस्पतालको रामानन्दीय श्री वैष्णव संघका अध्यक्ष रामरोशन वैष्णवले शुभारम्भ गरेका हुन् । सो अवसरमा उनले पर्यटकीय एवं धार्मिकस्थल जनकपुरधाममा यस अस्पतालले स्वास्थ्योपचारका क्षेत्रमा गुणस्तरीय सेवा दिएर उदाहरणीय बन्नुपर्ने विचार व्यक्त गरे ।

अस्पतालमा २४सै घण्टा आकस्मिक सेवा, दैनिक ओपिडी सेवा, स्त्री तथा प्रसूति रोग उपचार, जनरल सर्जरी तथा ल्याप्रोस्कोपी, सर्जरी, बालरोग, जनरल फिजिसियन सेवाका साथै दन्त उपचार, आँखा उपचार, छाला, नाक, कान, घाँटी, हाडजोर्नी तथा नसाको उपचार र मानसिक रोग उपचारलगायत सेवा उपलब्ध रहेको अस्पतालका सञ्चालक चेतनारायण यादवले जानकारी दिए ।

साथै, अस्पतालमा अत्याधुनिक प्याथोलोजी, भिडियो एक्स-रे सेवा र २४सै घण्टा एम्बुलेन्स सुविधा उपलब्ध रहेको उनले बताए ।

# गोरखामा गर्भवतीलाई क्याल्सियम र आइरन चक्की अभाव

■ सौर्य समाचार

गोरखा । जिल्लाको पालुङटार नगरपालिकाका गर्भवतीलाई विगत २ महिनादेखि क्याल्सियम र आइरन चक्कीको अभाव छ । नगरपालिकाले समयमै खरिद नगर्दा पालिकाभरका गर्भवतीले नियमित रूपमा सेवन गर्नुपर्ने क्याल्सियम र आइरन चक्की खान नपाएका स्वास्थ्यचौकीका इन्चार्जहरूले बताएका छन् । विगत २ महिनादेखि गर्भवतीलाई क्याल्सियम र आइरन चक्की दिन नपाएको नगरपालिकाको केन्द्र ठाँटीपोखरी बजारमा अवस्थित वडा-५ को स्वास्थ्यचौकीले जनाएको छ । ‘केही महिनादेखि नै आइरन चक्की र क्याल्सियमको अभाव भइरहेको छ । २ महिनायता ठप्पै छ,’ ठाँटीपोखरी स्वास्थ्यचौकी स्वास्थ्यकर्मी रमा थापामगरले भनिन, ‘क्याल्सियम र आइरन चक्की लिन आउनेलाई बजारका औषधि पसलमा किनेर खान सुझाव दिने गरेका छौँ ।’

१० वटा वडा रहेको पालुङटार नगरपालिकाको सबै स्वास्थ्य संस्थामा क्याल्सियम र आइरन चक्की छैन । ‘विगत डेढ महिनादेखि आइरन चक्की र क्याल्सियम छैन,’ वडा-१० को स्वास्थ्यचौकी प्रमुख अनिशा जोशी भन्छिन्, ‘हामीले पनि आफैँ किनेर खानुस् भनेर फर्काउने गरेका छौँ । अब औषधि कहिले आउँछ थाहा छैन । सित्तैमा पाइने औषधि पैसा हालेर किन्नुपर्ने भन्दै गर्भवतीहरू गुनासो गर्नुहुन्छ ।’ कतिपय महिलाले भने स्वास्थ्यचौकीले नै किनेर उपलब्ध गराउन दबाब दिने गरेको उनको भनाइ छ । ‘कतिपय औषधि पसलमा पनि धेरै आइरन चक्की किन्न नदिने रहेछन् । अनि महिला रिसाएर हामीलाई नै किनेर व्यवस्था गरिदिन भन्नुहुन्छ,’ उनले भनिन् । मिरकोट स्वास्थ्यचौकीबाट करिब २५ गर्भवतीले नियमित रूपमा आइरन चक्की र क्याल्सियम खाँदै आएका जोशीले बताइन् । पालिकाको वडा-९ स्थित सेरा स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मी गंगादत्त सेढाईंले पनि आफ्नो स्वास्थ्यचौकीमा आइरन चक्की र क्याल्सियम अभाव रहेको गुनासो गरे । ‘२ महिनादेखि आइरन चक्की र क्याल्सियम अभाव छ,’ उनले भने ।

प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख यामप्रसाद शर्माले आइरन चक्की र क्याल्सियमजस्ता औषधि खरिद गर्ने जिम्मेवारी स्थानीय तहकै रहेको बताए । उनका अनुसार सरकारले नागरिकलाई निःशुल्क प्रदान गर्ने ९८ प्रकारका औषधिमध्ये कतिपय संघबाट, कतिपय प्रदेश र कतिपय स्थानीय तह आफैँले किन्नुपर्ने प्रावधान छ । जसमध्ये आइरन चक्की र क्याल्सियम संघीय बजेटबाट स्थानीय तह आफैँले किन्नुपर्ने हुन्छ ।

# झापाका बाढी प्रभावित क्षेत्रको अवलोकनमा मन्त्री घिसिङ



■ सौर्य समाचार

झापा । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री कुलमान घिसिङले झापाका बाढी प्रभावित क्षेत्रको बिहान अवलोकन गरेका छन् । उनले कनकाई नदी र विरिङ नदीले क्षति पुर्‍याएको अर्जुनधारा नगरपालिका र झापा गाउँपालिकाका पुल तथा बस्तीको आइतबार अवलोकन गरेका हुन् । बाढीपहिरो प्रभावित क्षेत्र इलामका विभिन्न स्थानको अवलोकन गरेर फर्कने क्रममा मन्त्री घिसिङले अर्जुनधारा नगरपालिकाको बुट्टाबारीबाट सालबारी हुँदै चियापानीबाट कालिस्थान जोड्ने सडक र मंगलमडी मार्गको स्थलगत अवलोकन गरेका छन् ।

मन्त्री घिसिङले झापा गाउँपालिकास्थित हुलाकी सडकखण्डअन्तर्गतको कनकाईमाई खोलामा बन्दै गरेको पुल र वर्षाका कारण दबिएको सानोमाईको पुल र आसपासका क्षेत्रको अवलोकन गरेको झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले जानकारी दिए । सोही क्रममा उनले झापा गाउँपालिका-२ का बाढी प्रभावित बासिन्दासँग संक्षिप्त अन्तरक्रिया गरेका थिए ।

# हराएका ३०३ राइफल बेवारिसे अवस्थामा भेटिए

■ सौर्य समाचार

भद्रपुर । झापास्थित दमक नगरपालिका-५ धनेश्वर मन्दिरको पूर्वपट्टि गेटनजिक बेवारिसे अवस्थामा ३०३ राइफल भेटिएका छन् । स्थानीयवासीले आइतबार बिहान बन्दुक फेलापरेको जानकारी इलाका प्रहरी कार्यालय दमकमा गराएपछि प्रहरी निरीक्षक नवीन राईको कमान्डमा खटिएको टोली घटनास्थल पुगेको थियो ।

प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार फेलापरेको सो हतियार गत भदौ २४ मा जेनजी प्रदर्शनका क्रममा कार्यालयबाट लुटिएको ३०३ राइफल म्यागजिनसहित भएको पुष्टि भएको छ । उक्त हतियार आवश्यक कानुनी प्रक्रिया पूरा गरी इलाका प्रहरी कार्यालय दमकमा राखिएको उनले बताए ।


**Dhangadhi Sub-Metropolitan City**

**Office of the Municipal Executive**

**Dhangadhi, Kailali**

**INVITATION FOR THE BIDS**

Date of publication: 13th October 2025 (2082/06/27 B.S.)

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures.

| S.N. | Contract ID Number | Description of Work | Estimate amount Ex. VAT and PS | Bid Security (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 18/DSMC/ 2082/083 | Fabrication and Supply of Tree Guard at DSMC | - | 88,000/- | 3,000/- | 12th November 2025 (2082/07/26 B.S.) 12:00 Noon |
| 2 | 19/DSMC/ 2082/083 | Construction of Blacktop Road from Shivaganga to Behadababa Temple Road Section Ward No. 16 DSMC | 1,40,47,458.98 | 3,52,000/- | 3,000/- | |
| 3 | 20/DSMC/ 2082/083 | Construction of Multi cell box culvert (2 cells 5 x 5 x 8.4) at Sukuti Nala Ward No. 5 DSMC | 1,39,29,731.90 | 3,50,000/- | 3,000/- | |
| 4 | 21/DSMC/ 2082/083 | Construction of RCC Motorable Bridge (Span 1X18) on Kailali Khola Near Rastriya Aadharbhut School on the way to Shivapuridham Ward No. 04 & 05 DSMC | AACT= 33.6 Million Experience= 17.9 Million | 11,20,000/- | 5,000/- | |
| 5 | 22/DSMC/ 2082/083 | Construction of RCC Motorable Prestress Bridge (Span 1X35) on Saurata Khola Ward No. 17 DSMC | AACT= 36.6 Million Experience= 19.5 Million | 12,20,000/- | 5,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

## सम्पादकीय

# वर्तमान संकट समाधानको आरम्भ विन्दु : राजनीतिबाट ओली र देउवाको बहिर्गमन

आफ्नो असफलता स्वीकार गर्न प्रमुख राजनीतिक दलका नेताहरू तयार नहुँदा शासन व्यवस्थामाथि नै प्रश्न उठ्नु स्वभाविकै हो। किनकी गत भदौ २३ र २४ गते जेनजी आन्दोलनले ल्याएको परिवर्तन राज्य तहको असफलताको परिणाम हो भन्ने कुरामा विवाद छैन। शासन व्यवस्थाका कारण राज्य तह असफल भएको हो कि दलहरूका कारण असफल भएको हो वा दलका नेताहरूका कारण असफल भएको हो भन्ने प्रश्न स्वभाविक रूपमा खडा भएको छ। यी प्रश्नको उत्तर निर्क्योल नगरी देशले अबको राजनीतिक दिशा तय गर्न सक्ने सम्भावना छैन। आन्दोलनको आह्वानकर्ता जेनजी समूहले संविधानलाई दोष दिएको छैन। नेपालको इतिहासमै पहिलोपटक जनताका प्रतिनिधिद्वारा लेखिएको वर्तमान संविधानमै टेकेर मुलुकका समस्या समाधान गर्न सकिने जेनजी समूहको भनाइ आफैँमा परिपक्व छ। त्यसैगरी दलीय शासन व्यवस्थालाई पनि जेनजी समूहले आत्मसात गरेको देखिन्छ। मुलुक दलीय शासन व्यवस्थाअनुसार नै अघि बढोस् भन्ने जेनजी समूहको प्रकट चाहनालाई नै टेकेर अन्तरिम सरकारले मध्यावधि आमनिर्वाचनको तयारी गरिरहेको छ। त्यसो त अनेक जुक्तिद्वारा आफैँले वर्तमान शासन व्यवस्था जोगाएको राष्ट्रपति राममचन्द्र पौडेलको भनाइ पनि यो मामिलामा असान्दर्भिक छैन। तर कसै न कसैले असफलताको जिम्मेवारी नलिँदासम्म मुलुकको जटिल राजनीतिले निकास पाउने सम्भावना देखिन्न।

देशको राजनीति अत्यन्त तरल रहेकोले परिस्थिति के कसरी परिवर्तन हुँदै जान्छ, एकिन भन्न सकिने अवस्था छैन। तर अहिलेसम्मको परिस्थिति हेर्दा असफलताको जिम्मेवारी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले लिने हो भने मुलुकको राजनीतिक संकटले सहज निकास पाउनसक्ने सम्भावना देखिन्छ। किनकी प्रधानमन्त्रीका रूपमा ओली असफल भएकै हुन्। १ वर्षपछि प्रधानमन्त्री पद आफूमा हस्तान्तरण हुने लोभमा ओलीको कुशासनलाई कांग्रेस सभापति देउवाले टुलुटुलु हेरेर बसेकै हुन्। सरकार असफल हुँदै गर्दा सरकार सञ्चालन गर्ने पार्टीहरू पानीमाथिको ओभानो हुन सक्दैनन्। सरकारको असफलता पछाडि कांग्रेस र एमालेको असफलता पनि जोडिएको छ। तर कांग्रेस र एमाले असफल हुनुमा पनि मुख्य कारक ओली र देउवा नै हुन्। किनकि आफ्नो व्यक्तिगत स्वार्थका लागि यी दुवै नेताहरूले आ-आफ्ना पार्टीभित्रको आन्तरिक लोकतन्त्र अवरूद्ध गरी निषेधको राजनीतिलाई अघि बढाए। यदि आलोपालो प्रधानमन्त्री बन्ने ओली र देउवाको 'कपाली तमसुक' बाधक नभएको भए नेपाली कांग्रेस यतिबेला १५औँ महाधिवेशनको तामझाममा हुन्थ्यो। देउवा सभापति पदबाट बिदा लिने तरखरमा हुन्थे। उता देउवासँगको कपाली तमसुकको आडमा प्राप्त प्रधानमन्त्री पदको दुरूपयोग गर्दै ओलीले पार्टीको विधान नै संशोधन गरी बाँचुन्जेल एमालेको अध्यक्ष भइरहने तरतम्य मिलाए। व्यक्तिगत स्वार्थका लागि लोकतान्त्रिक मूल्य, मान्यता तथा पद्धतिलाई तिलान्जली दिने ओली र देउवाको हर्कतले मुलुक संकटग्रस्त भएको हो। त्यसैले उनीहरूको राजनीतिबाट बहिर्गमन नै वर्तमान संकट समाधानको आरम्भ विन्दु हो।

२०४८ सालमा गृहमन्त्री बनेका देउवा त्यसयता निरन्तर सत्ताको धुरीमा छन्। उनी छैठौँपटक प्रधानमन्त्री बन्ने तयारीमा थिए। यसैगरी २०५१ सालमा गृहमन्त्री बनेका ओलीको ४ पटक प्रधानमन्त्री भइसक्दा पनि सत्ताको तीर्खा अझै मेटिन सकेको छैन। पटकपटक प्रधानमन्त्री बनेका देउवा र ओलीले देशका लागि गरेका राम्रा कामको एउटा पनि उदाहरण दिन सकिने अवस्था छैन। बरू विकृति र विसंगतिका उदाहरणहरू भने तमाम छन्। तर उनीहरूले आफूलाई आ-आफ्ना पार्टीबाट राजाजस्तै निर्विकल्प रूपमा प्रस्तुत गर्न थाले। त्यसैको उपज हो, जेनजी आन्दोलन। आन्दोलनको राप केही मत्थर भए पनि सेनाको सुरक्षा घेराबाट निस्केर आफ्नो नयाँ निवास प्रवेश गरेका ओलीले भनेका थिए, 'देउवालाई कुटपिट मात्रै गर्ने, मलाई चाही मार्ने नै योजना रहेछ।' देश र आमजनताको सुरक्षा गर्ने जिम्मेवारीमा रहेको व्यक्ति आफ्नो ज्यानको समेत सुरक्षा गर्न नसकी हेलिकप्टर चढेर भाग्नुपर्ने अवस्था आउनु भनेको सामान्य होइन। यसरी जनताले सजाय दिइसकेको व्यक्ति फेरी पनि राजनीतिमा सक्रीय हुने चाहनामा लिप्त हुनु भनेको मनोरोगसमेत हुन सक्छ। कांग्रेस सभापति देउवा व्यक्तिगत उदारताका कारण भन्दा पनि वैधानिक वाध्यताका कारण अवकाशतर्फ जालान्, तर एमाले अध्यक्ष ओलीले लिइरहेको हठले मुलुकको राजनीतिलाई अझै जटिल बनाउने सम्भावना छ। मुलुकको राजनीति कसैको हठ तथा मनोरोगको बन्दी हुनुको परिणाम ज्यादै घातक हुन्छ। ओलीको अहिलेसम्मको हठका कारण संविधान अर्धमृत बनेको छ, उनको अबको हठले लोकतन्त्र नै बढारिन सक्छ।

# एमालेले निम्त्याउन खोजेको मुठभेड र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको रडाको


श्रीमन नारायण

**एमालेका युवा र आन्दोलनकारी जेनजी समूहको आमने-सामने भएमा हिंस्रक झडप हुने पनि निश्चित नै छ । पटकपटक सरकारको नेतृत्व गरिसकेका र सरकारमा बसिसकेका पार्टीहरूबाट सधैं नै जिम्मेवार र संवेदनशील भूमिकाको निर्वाह हुने अपेक्षा गरिएको हुन्छ तर नेकपा एमाले भने यस मान्यतामाथि विश्वास राख्दैन ।**

नेकपा एमाले देशको दोस्रो ठुलो राजनीतिक दल हो। नेपालको विगत साढे तीन दशकको राजनीतिक इतिहासमा एमालेले निरन्तर रूपमा देशको राष्ट्रिय राजनीतिको दिशा निर्धारण गर्दै आएको छ। यस पार्टीका ४ जना शीर्ष नेता ७-८ पटकसम्म देशका प्रधानमन्त्री पनि भएका छन्।

पटकपटक सत्तामा बसेर अवसरको लाभ उठाएको भए पनि एमाले सधैँ नै आफूलाई क्रान्तिकारी पार्टीको रूपमा दाबी गर्दै आएको छ। सत्ताबाट हटेको रिसमा देशमा मुठभेड निम्त्याउन खोज्दै छ। अर्ध वामपन्थ र अर्ध लोकतन्त्र (बहुदलीय जनवाद) को चरित्र बोक्दै आएको यो पार्टी सैद्धान्तिक रूपमा पनि स्पष्ट छैन। आवश्यकता परे बामपन्थी कित्तामा उभिने र आवश्यकता परे लोकतान्त्रिक कित्तामा उभिने यसको बानी रहिआएको छ।

गएको भदौ अन्तिम सातामा जेनजी समूहको आन्दोलनलाई दबाउन तात्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले हिंसात्मक नीति अपनाएका कारण दर्जनौं विद्यार्थीहरू मारिएका थिए। आन्दोलन झन् बढी आक्रामक भएपछि ओली प्रधानमन्त्रीको पद त्याग गर्न बाध्य भएका थिए। भ्रष्टाचारीलाई संरक्षण गर्ने सवालमा एमालेको नीति जनतालाई आक्रोशित बनाउने खालको थियो।

अध्यक्ष ओली र सिंगो नेकपा एमाले पार्टीप्रति नै जनतामा आक्रोश व्याप्त छ। ओलीको राजीनामापछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गैरराजनीतिक पृष्ठभूमिका व्यक्तिहरूको सहभागितामा अन्तरिम सरकार अस्तित्वमा आएको छ। निर्वाचन आयोगले चुनावका कार्यक्रमहरू पनि घोषित गरिसकेको अवस्थामा एमालेले प्रतिनिधिसभा पुनःस्थापनाको माग राखी आन्दोलनमा उत्रिनु भनेको देशमा मुठभेडलाई निम्त्याउनु हो।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेस लगायतका दलहरूले सुरूमा नै चुनावमा सहभागी हुने विज्ञप्ति जारी गरिसकेको हो, यस्तोमा अब प्रतिनिधिसभा पुनःस्थापनाको पक्षमा सडकमा उत्रिनु भनेको केही दलहरूमा पराजयको आशंका उत्पन्न हुनु हो। एमालेका अध्यक्ष र यसका नेताहरू जसरी प्रधानमन्त्री र अन्तरिम सरकारका मन्त्रीहरूलाई लक्षित गरेर टीका-टिप्पणी तथा धम्कीपूर्ण आक्षेप लगाइरहेका छन्, यसले देशमा मुठभेड नै निम्त्याउनेछ।

एमालेका युवा र आन्दोलनकारी जेनजी समूहको आमना-सामना भएमा हिंस्रक झडप हुने पनि निश्चित नै छ। पटकपटक सरकारको नेतृत्व गरिसकेका र सरकारमा बसिसकेका पार्टीहरूबाट सधैँ नै जिम्मेवार र संवेदनशील भूमिकाको निर्वाह हुने अपेक्षा गरिएको हुन्छ तर नेकपा एमाले भने यस मान्यतामाथि विश्वास राख्दैन। कुनै बेला नेपाली कांग्रेससँग पनि मुडभेड गर्न यो तयार रहन्थ्यो। नेपालका प्रत्येक गाउँ-वडामा नेपाली कांग्रेस र नेकपा एमालेका समर्थकबीच झडपहरू भएका अनेकौँ दृष्टान्त छन्।

पछिका दिनमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र कार्यकर्ताहरूबीच पनि झडप भए। नेकपा एमालेका तत्कालीन महासचिव माधवकुमार नेपालको स्वभाव र व्यवहारका कारण मात्रै एमाले र माओवादी कार्यकर्ताबीच बढी हिंस्रक झडप भएन। नेपालको ठाउँमा ओली पार्टीका महासचिव भएका भए एमालेका कार्यकर्ताहरूले त्यतिबेला ठुलो भौतिक क्षति उठाउनु पर्थ्यो।

नेकपा एमालेका समर्थक युवाहरू लडाकु प्रवृत्तिका छन्। पार्टी नेतृत्वको आलोचना गर्ने, सही सुझाव दिने र पार्टीलाई आक्रामक हुनबाट रोक्ने नेताहरू अब एमाले पार्टीमा छैनन्। केबल नेतृत्वको आदेशमा लड्ने-भिड्ने कार्यकर्ताहरू मात्रै छन्। पार्टीका उपाध्यक्ष र महासचिवहरू नै जेनजीका युवा र सरकारलाई उक्साउने प्रकृतिका छन् भने त्यसभन्दा तल्लो स्तरका कार्यकर्ताको बोली र व्यवहारको त कुरा नै नगरौँ।

नेकपा एमालेले देशको ब्युरोक्रेसी, न्यायपालिका, मिडिया र बौद्धिक जमातमा समेत पनि आफ्नो सशक्त उपस्थिति बनाइसकेको छ। एमालेको यस संगठित शक्तिसित प्रतिस्पर्धा गर्ने क्षमता नेपाली कांग्रेससित पनि छैन। संगठन र कार्यकर्तामा आधारित पार्टीहरू योजनाबद्ध तरिकाले अगाडि बढछन्। तिनको बचाउ गर्छन्, संरक्षण गर्छन्, जस्तोकी नेपालमा नेकपा एमालेले गर्दै आएको छ।

केही अर्थमा यो गुण नेकपा माओवादी केन्द्र र अन्य साना-साना वामघटकहरूमा पनि देखिन्छन् फलस्वरूप वामपन्थी दलहरू सत्ताभन्दा बाहिर बस्दा पनि आफ्नो कार्यकर्ताको बचाउ गर्न सफल हुन्छन्। वामपन्थी दलका कार्यकर्ताहरू हत्तपत्ती पार्टी त्याग नगर्नुको कारण पार्टीमा मूल्यांकन प्रणाली हुनु हो। शतप्रतिशत सही पारख नभए पनि लोकतन्त्रवादी दलहरूभन्दा सैकडौं गुणा बढी मूल्यांकन यसमा हुने गर्दछ।

अहिले नेकपा एमाले सडकमा उत्रिने निर्णय गरेको छ। सरकारीतन्त्रसित मुकाबिला गर्नुको साथै यसले जेनजीका युवाहरूसित पनि मुडभेड गर्ने मानसिकता बनाएको छ। पार्टी कुनै नवोदित होइन, यसका नेताहरू कुनै ठुलो त्याग गरेर, आन्दोलन गरेर अथवा वर्षौं जेल बसेर आएका होइनन्। त्यसकारण सडकमा आउँदा जनताको सहानुभूति पाउने छैनन्। पटकपटक सत्ता सुखको रसास्वादन गरेका, भ्रष्टाचार गरेका र प्रत्यक्ष वा परोक्ष रूपमा अख्तियार दुरूपयोग अनुसन्धानको कारबाहीको सूचीमा रहेकाहरू छन्।

कुनै भ्रष्टाचारी जब सरकारको विरोध गर्दै सडकमा आउँछन्, भने प्रहरी प्रशासनले तिनीहरूसित व्यवहार गर्ने शैली एउटा अपराधीको जस्तो हुने गर्दछ। प्रहरी प्रशासनको नजरमा भ्रष्ट नेता अपराधीसरह नै हुन्छन्। हुन पनि यति काण्ड, गिरीबन्धु टि स्टेट, सुन तस्करी, मानव तस्करी, नक्कली भिसा, ओम्नी, वाइड बडी, औषधि काण्ड, सेक्युरिटी प्रिन्टिङ प्रेस लगायतका अनेकौं शीर्षकहरूमा भ्रष्टाचार भएका छन्।

जेनजीका युवाहरू भ्रष्टाचारको विरोधमा र वंशवादको विरोध गर्दै सडक संघर्षमा आएका हुन्। ७२ जनाको शहादतलाई राष्ट्रले बिर्सन सक्दैन। एमाले आफ्नो अस्तित्वको अन्तिम लडाइँ लड्दै छ। कथंकदाचित तिनको लडाइँ सफल भयो भने आगामी निर्वाचनमा पार्टी देशको पहिलो ठुलो दल पनि बन्न सक्दछ। तर सरकारले आक्रामक रूपमा आन्दोलनको दमन गर्न सक्यो भने एमालेमा भागा-भाग हुन्छ र पार्टी एकीकरणको विषयले चर्चा पाउनेछ।

यस्तोमा पूर्व राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी अथवा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको नेतृत्वको विषयले बढी चर्चा पाउनेछ। एमाले अध्यक्ष र एमालेका नेताहरूप्रति जनतामा आक्रोश व्याप्त छ। जेनजीका युवाहरूको आक्रोश नेकपा एमालेसहित देशका सबै ठुला दलहरूप्रति रहेको छ। यस्तोमा सडकमा उभिएर मुढभेड गर्न खोज्नु भनेको हिंसालाई बढावा दिनु हो। नेकपा एमाले बिनाकारण देशलाई मुढभेडमा लैजान खोज्दै छ। अन्तरिम सरकारका मन्त्रीहरू आआफनो क्षेत्रका विज्ञ भए पनि सरकार चलाउने अनुभवको कमी कारण चाहेर पनि समयमै निर्णय गर्न सकिरहेका छैनन्।

### प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री

अहिलेसम्म विश्वमा जति पनि शासन प्रणालीहरू अस्तित्वमा आएका छन्, तीमध्ये लोकतन्त्रभन्दा बढी सफल र लोकप्रिय शासन प्रणाली अर्को कुनै सावित भएको छैन। संयुक्त राज्य अमेरिका र दक्षिणी छिमेकी भारत लगायतका देशहरू यसका सफल उदाहरण हुन्। राजनीतिक अस्थिरताको नियति भोग्न अभिशप्त हामी नेपालीहरू यति राम्रो र सफलतम शासन प्रणालीको पनि सम्मान र सदुपयोग गर्न सकेनौँ। फलस्वरूप माध्यमिक विद्यालय र क्याम्पसका विद्यार्थी र युवाहरूले शासक विरोधी आन्दोलनलाई सफल बनाए।

आन्दोलनकारी शक्तिहरू पनि अग्रगमनका पक्षधर नै छन् तर देशमा व्याप्त विसंगति र विकृतिहरूको निम्ति कहीँ कतै शासन प्रणाली नै त जिम्मेवार होइन ? भन्ने आशंका पनि तिनको मनमा उब्जिएका छन्। देशबाट भ्रष्टाचारको अन्त्य गरी देशमा सुशासन कसरी स्थापना गर्ने, शासन प्रणालीलाई पारदर्शी कसरी बनाउने, राजनीतिबाट वंशवादको बिदाइ कसरी गर्ने, रोजगारको अवस्था कसरी सृजना गर्ने तथा देश र जनताको आर्थिक अवस्थामा सुधार कसरी ल्याउने ? लगायतका अनेकौँ प्रश्नहरू देशका नवयुवाहरूको मनमा उब्जिएका छन् र ती प्रश्नहरूको समाधानका निम्ति विभिन्न किसिमका शासन प्रणालीबारे विचारहरू चर्चामा आएका देखिन्छन्।

त्यसमध्येकै एउटा प्रस्ताव हो जनताको प्रत्यक्ष मतवाट निर्वाचित कार्यकारी अधिकारयुक्त प्रधानमन्त्री। यो प्रस्ताव अचानक चर्चामा आउनुको कारण के होला ? यदि यसलाई नै नेपालमा राजनीतिक स्थायित्वको ग्यारेन्टी मान्ने काम भइरहेको छ, भन्ने यो धारणा ठिक होइन। यो प्रस्ताव विश्व अनुभव यसको विपरीत छ।

विश्वमा अहिले कहीँकतै जनताको मतबाट प्रत्यक्ष रूपमा निर्वाचित प्रधानमन्त्रीले देशको नेतृत्व गरिराखेको एउटा पनि उदाहरण छैन। अतितका केही घटनाहरूको स्मरण गर्ने हो भन्ने ती प्रयोगहरू पनि असफल नै सावित भएका छन्। सन् १९९६ देखि २००१ सम्म इजरायलमा पनि यस्तो प्रयोग भएको थियो जब जनताका प्रत्यक्ष मतबाट लिकुड पार्टीका बेन्जामिन न्येतान्याहू प्रधानमन्त्रीको पदमा निर्वाचित भएका थिए। उनले लेबर पार्टीका सिमोन पेरेजलाई पराजित गरेका थिए। तर उनले पनि ३ (सन् १९९६-१९९९) वर्षसम्म मात्रै शासन चलाए। राजनीतिक अस्थिरताका कारण उनले राजनीनामा गर्नु पर्‍यो।

सन् १९९९ देखि २००१ सम्म वन इजरायल पार्टी (जसमा लेबर पार्टीको प्रमुखता थियो) का यहुद बराकले देशको नेतृत्व गरे तर सुरक्षा आदि कारण (प्यालेस्टाइन-इजरायल विवाद) ले त्यो निर्वाचन प्रणाली नै ध्वस्त हुन पुग्यो। प्रत्यक्ष कार्यकारीको चर्चा श्रीलंकामा पनि नभएको होइन तर त्यो कार्यान्वयनमा आएन।

९० को दशकमा संवैधानिक सुधार हुनुभन्दा अघि बोस्निया हर्जगोविना र सर्बियामा पनि यसको व्यापक चर्चा भएको थियो तर सफल सावित भएन। पपुवा न्युगिनीको अनुभव पनि उपयोगी र सफल सावित भएन। जनताको प्रत्यक्ष मतबाट राष्ट्रपति निर्वाचित भएका अनेकौँ उदाहरणहरू छन्। प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमा कार्यकारी अधिकार निहित हुन्छ, जस्तो कि अमेरिकामै छ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को हार्दिक चाहना त गणतान्त्रिक नेपालको प्रथम राष्ट्रपति नै बन्नु थियो तर नेपालको संविधानमा राष्ट्रपतिलाई कार्यकारी प्रमुख नबनाइएको कारण उनले आफ्नो इच्छामाथि रोक भने लगाए तर पूर्ण रोक लगाएनन् सम्भवतः यिनै कारणले होला उनी पटकपटक जनताको प्रत्यक्षमतवाट राष्ट्रपतिको निर्वाचन हुनुपर्ने माग गरिरहेका छन्।

कार्यकारी अधिकारयुक्त राष्ट्रपति बन्ने उनको अभिलाषा समाप्त भएको छैन। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको पनि यसमा सहमति रहेको देखिन्छ। नेपालजस्तो देशमा जहाँ सडक प्रदर्शनबाट व्यवस्था परिवर्तनदेखि सरकार परिवर्तनसमेत हुँदै आएको छ, यहाँ कार्यकारी अधिकारयुक्त प्रधानमन्त्री वा राष्ट्रपतिलाई पदमुक्त गर्न त झन् आक्रामक आन्दोलन हुनेछ।

कतिपयले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री अस्तित्वमा आए देशमा राजनीतिक स्थायित्व कायम हुने ग्यारेन्टी नै दिइरहेका छन्। तर यो अपरिपक्व र अदूरदर्शी विश्लेषण हो। नेपालको विगत ७५-७६ वर्षको राजनीतिक इतिहासमा एकजना प्रधानमन्त्रीले पनि ५ वर्षको आफ्नो कार्यकाल पूरा गरेको उदाहरण छैन। नेपाली कांग्रेसलाई तीनपटक बहुमत प्राप्त हुँदा पनि स्थिर सरकार प्रदान गर्न सकेन।

नेपाल कम्युनिस्ट पार्टीको दुईतिहाइको सरकार २ वर्ष पनि राम्ररी चल्न सकेन। गठबन्धन सरकारका आफ्नै बाध्यता र बन्धनहरू हुने गर्दछन्। तसर्थ गठबन्धन सरकारले पद, अवसर र धनको भागबन्डा गर्नेबाहेक थप केही नयाँ उल्लेखनीय कार्य गर्ने सक्दैन। यहाँ प्रतिपक्षमा बस्ने दल पनि सत्तामा आफ्नो भाग खोज्छन्, झन् गठबन्धनका दलहरूलाई त बिनापद र अवसर बाँच्नु नै गाह्रो हुने देखिएको छ।

कतिपयले शक्ति सन्तुलनको हिसाबले राष्ट्रपति र प्रधानमन्त्री दुवैमा कार्यकारी अधिकार हुनुपर्ने तर्क गरिरहेका छन् तर यसले देशमा झन् बढी अराजकता, अस्थिरता र अन्यौल बढाउनेछ। ९० को दशकमा अफगानिस्तानमा राष्ट्रपति बुरहानुदिन रब्बानीका बफादार सैनिकहरू त्यहाँका प्रधानमन्त्री गुलबुदिन हिकमत यारको कार्यालय र निवासमा गोली वर्षाउने गर्दथे। जबकी प्रधानमन्त्रीका वफादार सैनिकहरूले त्यहाँका राष्ट्रपति रब्बानीको कार्यालय जनतालाई सुरक्षाको निवासमा गोली बर्साउने ग्यारेन्टी दिने कुरा त सोच्न पनि सकिँदैनथ्यो। आखिर उपरोक्त घटनाले नै त्यहाँ तालिबानहरूलाई आफ्नो जनाधार बढाउन, शक्ति सञ्चय गर्न र काबुलको सत्तामा कब्जा जमाउने आधार प्राप्त भइरह्यो।

के हामी नेपालमा पनि यस्तै खाले शासन प्रणालीको कल्पना गरेका छौ त ? सत्ता, पद, अवसर र धनप्राप्ति प्रतिको अतृप्त लिप्साका कारण नेपालका नेताहरू ५ वर्षसम्म सत्ताभन्दा बाहिर बसेर प्रतिक्षा गर्न सक्दैनन्। यस्तोमा दिनहुँ बन्द, हडताल, चक्काजाम र राजीनामाको माग गर्दै नेपाली जनता सडकमा आउन पनि बेर लगाउने छैनन्। दोष व्यवस्थामा छैन, संविधानमा पनि छैन, यदि कही कतै दोष छ, भन्ने त्यो हो हाम्रो मानसिकतामा।

# प्रतिकूल प्रकृति, प्रवृत्ति र परिस्थिति

हाम्रो राजनीति र शासन प्रणालीमा धेरै धेरै परिवर्तन आए। तर ती यथार्थमा उपलब्धिविहीन भएर गए। यो कुरामा हाम्रा नेता, हाम्रा राष्ट्रका परिवर्तनका संवाहकहरू किन बारबार असफल सावित हुँदै गए, सोचनीय विषय बनेको छ। हरेक दिनका हरेक प्रहर उपलब्धकारी, निर्माणकारी र हितकारी हुँदै जानुपर्छ।


उपेन्द्र प्रेमी

हाम्रो यो सुन्दर देश नेपाल अहिले विरक्तलाग्दो संकटको घडीमा छ। घडी चलिरहन्छ काल बेला बदलिइरहन्छ। तर सूर्य चन्द्रको चक्र यथावत् स्थितिमा रहिरहन्छ। यही प्राकृत नियमअनुसार हाम्रो देश र हाम्रो देशीय अवस्था रहिरहनुपर्ने हो। तर अवस्था त्यो छैन। यावत स्थिति पद्धति हामीकहाँ निरन्तर भंगीत, निरन्तर विकृत हुँदै जाँदो छ। यसको दोष भागी को हो, के कस्तो दोष ग्रहदशाबाट यो यस्तो भएको हो, जो पत्तो छैन। अनि यस्तो अनिष्ठको शान्ति स्वस्ति कसरी गर्ने हो र यस्तो ग्रहदशाबाट मुक्ति कुन जुक्तिबाट गर्ने हो ? त्यसको पनि हुनै ठहर छैन।

### अज्ञात र अञ्जानको अवस्था

त्यो त हो कतिखेर प्रकृति के भइदिन्छ र कस्तो प्राकृतिक विपत्ती आइदिन्छ। तर पनि जलवायु मौसम र भूगर्भ विज्ञानको यत्रो प्राविधिक विकासको यो युगमा हाम्रो राजनीति अज्ञात एवं अञ्जानमा छ। राज्य पद्धति किन अज्ञान एवं अञ्जानमा छ ? त्यो यतिखेरको कठोर प्रश्न बनेको छ। प्रकृतिमा जाडोगर्मी, हावाहुरी, घामपानी त भइरहन्छ, तर त्यसको ज्ञान ज्ञातव्य राखेर हाम्रो गति बढ्नु पर्ने अनि त्यसको मतिमा चल्नुपर्ने हाम्रो प्राकृतिक धर्म हो, भइरहन्छ। यद्यपि ख्वै ? हामी अज्ञात र अञ्जानमै छौँ।

नाम मात्रै फरक

अब देशमा कोही कमारा छैनन्, कोही दास, रैती, प्रजा वा पिछडा दलित छैनन्। अब सबै सार्वभौम, सबै मालिक, सबै लोकतान्त्रिक संघीय गणतन्त्रको उन्नयनका नागरिक। संविधान, कानुन, दलीय घोषणापत्र, नेताहरूका चित्ताकर्षक भाषण, 'गोष्ठी सेमिनार भेला बैठक' अधिवेशन, सभासमारोह, सबै सबैका प्रावधान, नारा उद्घानेधन अभिप्राय आशय यही। कति मिठो, कति गुलियो, कति स्वादिलो कुरा। तर कुरामा भएजस्तो काम व्यवहारमा त्यो छैन। नाम कमैया छैन, त्यो 'मोर्डन वर्कर' भएको छ। अहिले कोही दास छैन, तर त्यसको नाम सेवक, सहायक, सर्भेन्टमा शब्दान्तरित भएको छ।

हैसियत, हविगत र काम उही हो, तर अहिले नोकरशाहीतन्त्र छैन। 'वर्किङ अपरच्युनिटी' तर्फ फर्किएको छ त्यो। अहिले विदेशी दलाल कहीँ छैन, 'इन्टरनेसनल एजेन्ट वा ग्लोबल प्रिभिलेज'का रूपमा त्यो सबै झांगिएको छ। अहिले प्रजातन्त्र होइन लोकतन्त्र छ, अहिले जनवादी दलीय केन्द्रीयता भए पनि शासनसत्ता संघीय, राजतन्त्र होइन गणतन्त्र छ, स्वकेन्द्रित होइन परकेन्द्रित छ, जनकेन्द्रित राष्ट्रकेन्द्रित छ।

हिजोको जस्तो भारदारी, हुकुमी, हैकमी शासन होइन, आज समाजवादउन्मुख अर्थकारी राज्य व्यवस्था छ। तर हिजो हेरेका र आज देखेका दर्शकहरूले यसलाई भाषा, शब्द, प्रत्यय मात्र बदलिएको अर्थमा बुझ्छन्, काम उही, नाम फरक। 'हामी झोले' भन्ने अनि त्यो 'दास मनोवृत्ति' भन्ने प्रसंग चलिरहेको बेला 'कर्मी-कमैया' को ठाउँमा 'कार्यकर्ता' तथा 'सक्रिय क्रियाशील सदस्यता' जस्ता सुस्वाद शब्द कति सुन्दर कति। तर, कुरो त्यही, काम उही, नाम फरक।

### उपलब्धिविहीन परिवर्तन

हाम्रो राजनीति र शासन प्रणालीमा धेरै परिवर्तन आए। तर ती यथार्थमा उपलब्धिविहीन भएर गए। यो कुरामा हाम्रा नेता हाम्रा राष्ट्रका परिवर्तनका संवाहकहरू किन बारबार असफल सावित हुँदै गए। अब यो सोचनीय विषय बनेको छ। हरेक दिनका हरेक प्रहर उपलब्धकारी, निर्माणकारी र हितकारी हुँदै जानुपर्छ। राज्यका जिम्मेवारहरू त्यसमा जुट्नुपर्छ। तर त्यो भएन, त्यस्तो देखिएन।

### विपरीत र विकृत परिस्थिति

अहिले हाम्रो राज्यव्यवस्था विपरीत दिशातर्फ लागिरहेको छ। अनि मुलुकमा अहिले विकृत परिस्थिति खडा भएको छ। विपरीत बुद्धि र विकृत नीतिका कारण देश दुर्दशाको स्थितिमा छ। यो अवस्थाबाट पार पाउन अब सबै मिलेर अघि बढ्नु आवश्यक छ। परिस्थिति सपारेर सुधारेर जानु जरूरी छ। हाम्रो विधि विधान, संविधान कारण र प्रावधानले कानुनका कुन कुन कारण र प्रावधानले हाम्रो परिस्थिति बिग्रेको हो, त्यसमा विचार विमर्श समीक्षा र विश्लेषण गर्नु अहिलेको आवश्यकता हो।

### सबै संकाय सन्देहमा

हाम्रा सबै राष्ट्रिय संयन्त्र, संकाय अहिले सन्देहको घेरामा छन्। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका सारा संयन्त्र कोही ध्वस्त छन्, कोही अविश्वस्त रहेका छन्। सरकार छ, सुरक्षाका अवयवहरू छन्, कर्मचारीतन्त्र छ, आयोगहरू छन्, तर ती देख्नका लागि र देखिनका लागि मात्र भए रहेका अवस्थामा छन्। आआफ्नो जिम्मेवारी काम कर्तव्य एवं दायित्वमा ती सबैको परिचालन हुन जरूरी छ, तर त्यो सबैको नियमन, नियन्त्रण कसरी हुने हो ? कोरा निर्देशनले काम हुने नहुने के हो स्पष्ट अवस्था छैन। राष्ट्रलाई राष्ट्रिय अंग प्रत्यंगलाई असफल हुन नदिन गहन प्रयत्न हुनुपर्ने देखिन्छ।

### पार पाउने बाटो

हाम्रो यो राम्रो राष्ट्र विभिन्न विविधता र मान्यता रहेको थलो हो। त्यसैले सबै अटाउने सबैलाई समेट्ने र सबैको संरक्षण गर्ने हाम्रो राष्ट्रिय नीति बन्नुपर्छ। राजनीति र राज्यको कार्यनीतिमा विरोध त हुनुपर्छ, तर प्रतिरोध र प्रतिशोधको मात्र गतिविधिले हाम्रो भलो गर्दैन। त्यसले सदा नै गतिरोध मात्र खडा गर्दछ।

त्यसैले विद्यमानको प्रतिकूल प्रकृति, प्रतिकूल प्रवृत्ति र प्रतिकूल परिस्थितिबाट अब सबै राष्ट्रिय शक्तिका बीच पार पाउन समन्वय एवं सामञ्जस्य स्थापित गर्न सक्नुपर्छ। यो नै अबको पार पाउने बाटो हो। यसका निम्ति समन्वयकारी ढंगले सबै राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक पक्षको गोलमेच सम्मेलन गरेर समाधानको साझा विन्दु निकाल्नु आवश्यक छ। पछिल्ला पुस्ताका नवयुवा र अघिका बुढापाकाहरूबीच सन्तुलन कायम गरी नयाँ जोश तथा नवीन होस राखेर अघि बढ्नुपर्दछ। अन्यथा देशको अस्तित्व कता लाग्छ थाहा छैन। सबैमा त्यस्तो दिव्य चेतना हुनु जरूरी छ। अहिलेको प्रतिकूल, प्रवृत्ति, प्रकृति र परिस्थितिबाट पार पाउन तथा अनुकूल अवस्था ल्याउन त्यस्तै सही बाटर एवं पाटो पहिल्याउनु पर्छ। नेपाल र नेपालीको सुखद् भविष्य कायम गर्न आफैँ माटो र मुटुको स्पन्दन बुझ्नु आवश्यक छ।

## असोज २७ गतेको राशिफल

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | मन प्रसन्नता। | मिथुन | सुख। | सिंह | आयवृद्धि। |
| तुला | परेशानी। | धनु | धन लाभ। | कुम्भ | दुर्घटना। |
| वृष | असफलता। | कर्कट | चिन्ता। | कन्या | गृह सुख। |
| वृश्चिक | अपच। | मकर | आनन्द। | मीन | विवाद। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# बहसमा प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था

■ चमिना भट्टराई

नेपालको संविधान, २०७२ जारी भएको एक दशकमा यसको कार्यान्वयन र संशोधनको बहसले यतिबेला नयाँ मोड लिएको छ। संविधानले प्रत्यक्ष निर्वाचित कार्यकारीको परिकल्पना गरेको छैन। यद्यपि अहिले यो विषय निकै चर्चामा छ। अझ भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनमा युवा पुस्ताले यो एजेन्डालाई जबर्जस्त उठाएको छ। तर, संसद् नरहेको अवस्थामा संविधान संशोधन सम्भव छैन। यही संविधानअन्तर्गत निर्वाचनमा जाँदा त्यो माग पूरा हुने अवस्था पनि छैन।

अर्कोतर्फ राजनीतिक दलहरू, जसले लामो समयसम्म संविधान सशोधनको मुद्दालाई सत्ता स्वार्थको भऱ्याङ बनाए, जेन-जी आन्दोलनपछि अब उनीहरू फेरि पनि सत्ताको खेलमै सीमित हुने वा जनताको हितमा गतिशील र व्यावहारिक बन्ने चुनौतीपूर्ण परीक्षणमा छन्। कांग्रेस, एमाले र माओवादीले संविधान संशोधनको बहस अहिले आएर मात्रै होइन, धेरै अगाडिदेखि बेला बेला उठाइरहेका छन्। २०८१ असार १७ गते कांग्रेस-एमालेले ७ बुँदे सहमतिमार्फत सत्ता समीकरण सुरु गर्दा पनि संविधान संशोधनको विषयलाई अगाडि सारेका थिए। तर, त्यो विषयले मूर्त रूप लिन सकेन।

आन्दोलनको जगमा उभिएर जेनजीले आगामी फागुन २१ मा घोषित प्रतिनिधिसभा निर्वाचनमै प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको निर्वाचन हुनुपर्ने बहस अघि बढाइरहेका छन्। संसद् विघटन भइसकेको अवस्थामा संवैधानिक सीमा र प्रक्रियागत जटिलताले चुनाव अगाडि नै संविधान संशोधन गरेर नयाँ शासकीय प्रणालीमा जाने सम्भावना नभएको कानुनविद्हरूको तर्क छ।





विद्यमान संविधानअनुसार प्रतिनिधिसभाको दुईतिहाइले पारित गरेपछि मात्रै संविधान संशोधन हुन्छ र त्यो संविधानको अंग बन्न सक्छ। त्यसपछि संसद् विघटन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी मोडलको निर्वाचनमा तत्कालै जान सकिने विज्ञहरूको तर्क छ। ठुला दल कांग्रेस र एमाले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने व्यवस्थामा जान तयार देखिँदैनन्। यद्यपि माओवादी केन्द्रले भने संविधान निर्माणका बखतदेखि नै बेलाबेलामा यो मुद्दा उठाएको थियो। त्यसो त चुनावी घोषणापत्रमा एमालेले पनि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको वकालत गरेको थियो। कांग्रेसभित्र दस्तावेजीकरण नभए पनि केही सीमित नेताले यो मुद्दा उठाउँदै आएका छन्। माओवादी र उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेसी जनाधिकार फोरम संविधानसभाका बेला र अहिले पनि प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षमा उभिएको छ।

उता जेनजीले भने, सरकारको स्थिरता, दशकौँदेखि एउटै व्यक्तिको शासनको निरन्तरता अन्त्यका लागि प्रत्यक्ष निर्वाचित शासकीय प्रणाली, अख्तियार, सम्पत्ति शुद्धीकरणलगायतका संवैधानिक आयोगहरूमा स्वतन्त्र व्यक्तिको नियुक्ति, भ्रष्टाचार नियन्त्रणमा दलीय हस्तक्षेपबाट मुक्ति खोजेका छन्। तर, राजनीतिक दलहरूले भने संविधानमा आफू र आफूले प्रतिनिधित्व गरेको राजनीतिक दलका लागि हुने लाभ र हानिलाई जोडेर संशोधनको आवाज उठाउँदै आएका छन्। यसमा तालमेल नमिल्दा नै संविधानको पुनरावलोकनको विषय पेचिलो मोडमा जान सक्ने विश्लेषकहरू बताउँछन्।

नेपालजस्तो देशमा संघ, प्रदेश र स्थानीय तहमा जनप्रतिनिधिको संख्या घटाउनुपर्ने व्यापक दबाब छ। जेनजी आन्दोलनको एउटा हिस्साले त प्रदेश खारेजीकै माग उठाएको छ। प्रदेश खारेजी नभए पनि जनप्रतिनिधि र प्रदेश सरकारमा मन्त्रीहरूको संख्यामा उल्लेख्य कटौतीको माग छ।

## ■ गलत नेतृत्व आयो भने, निरंकुशता निम्त्याउन सक्छ

● प्रा. कृष्ण पोखरेल, *विश्लेषक*



नेपालमा बेलाबेला राजनीतिक नेतृत्वमा देखिने अस्थिरताका कारण प्रत्यक्ष निर्वाचित कार्यकारी भए स्थिर राजनीतिक अवस्था हुन्थ्यो कि भनेर यो कुरा उठ्ने गरेको हो। हाम्रोमा नेतृत्वको अस्थिरताका कारण छिटो छिटो सरकार परिवर्तन हुने गरेको छ। यसको विकल्पका रूपमा यो विषय उठ्ने गरेको छ। त्यही स्थायित्वको अभावका कारणले सुशासन र जनताका काममा चाहिँ बाधा पुग्यो भन्ने आधारमा यो कुरा उठेको हो। भोलि यसले पार्ने असरभन्दा पनि निकासका लागि यसो गर्दा राम्रो होला भन्ने एउटा तर्क छ।

तर, यसको २ वटा पक्ष छन्। पहिलो यसको सकारात्मक पक्ष भनेको यसले स्थायित्व दिन्छ। सरकार फेरिइरहने, आफ्नो स्वार्थ सिद्ध नहुने बित्तिकै संसद् विगठन हुने समस्या रहँदैन। यो राम्रो पक्ष हो। दोस्रो यसको नकारात्मक पक्ष पनि छ। यदि गलत मान्छे नेतृत्वमा आयो भने, यसले निरंकुशता निम्त्याउने खतरा पनि रहन्छ। नेतृत्वको मनसाय गलत भयो भने, त्यसको परिणाम सकारात्मक नहुन सक्छ। यसलाई २ वटै पाटोबाट अध्ययन र विश्लेषण गरिनुपर्छ। त्यसैले यो विषयलाई सामान्य रूपमा लिन हुँदैन। यसले मुलुकलाई कता लान्छ ? भन्नका लागि त्यो प्रक्रियामा गएको अवस्थामा कस्तो नेतृत्व आउने भन्ने हेक्का हुनुपर्छ। हाम्रो मुलुकको निर्वाचन प्रणाली र जनताको अवस्था देखेकै छौँ। त्यसैले यसलाई गम्भीर रूपमा लिनुपर्छ। यो विषय जति सजिलै उठाइएको छ, त्यति सजिलो छैन।

त्यसैले अहिले नै यो सिधै शतप्रतिशत ठिक छ भनेर भन्ने पनि सकिन्न र शतप्रतिशत बेठिक छ भन्न पनि सकिन्न। यो चाहिँ कस्तो नेतृत्व आउँछ भन्ने कुराले सही कि गलत भन्नुपर्ने हुन्छ। हामीलाई चाहिएको राजनीतिक स्थायित्वभन्दा पनि नीतिको स्थायित्व हो। नीतिमा स्थायित्व भयो, नेतृत्व स्थायी प्रकृतिको र सकारात्मक भयो भने मुलुक ठिक ढंगले चल्छ। हामीकोमा त्यो नभएर समस्या भएको हो। त्यसैले हामीले जे भोगिरहेका छौँ, अब राम्रो चाहने हो। राम्रो चाहना गरिरहँदा त्यसबाट आउने परिणामको पनि ख्याल गर्नुपर्छ। तत्काल प्रत्यक्ष निर्वाचित कार्यकारी भनेर मात्रै हुँदैन यसका सकारात्मक र नकारात्मक पाटोको बारेमा पनि बुझ्नुपर्छ। फेरि यो भन्ने बित्तिकै हुँदैन। संविधान संशोधन गर्नुपर्छ। आज या भोलि त्यो भन्न पनि मिल्दैन।

यसको अर्को महत्त्वपूर्ण कुरा भनेको अहिलेकै अवस्थामा प्रत्यक्ष निर्वाचित कार्यकारी हुने सम्भावना छैन। यो विषय सबैले बुझ्नुपर्छ। हाम्रो अहिलेको संविधानले त्यसको परिकल्पना गरेको छैन। संविधानलाई यथावत राखेर फागुन २१ मा निर्वाचन गर्ने भनेको अवस्थामा प्रत्यक्ष निर्वाचित कार्यकारीको कुरो संविधानभित्र कहाँ अटाउँछ। त्यो कुरा बुझ्नुपऱ्यो नि। कि संविधान संशोधन गर्नुपऱ्यो। त्यो संशोधन पनि कसले गर्ने ? हामीले विषय उठाइरहँदा अवस्था के हो ? संवैधानिक व्यवस्था कस्तो छ ? सबै पक्ष बुझेर कुन बेला के सम्भव छ र आवश्यकता छ त्यसका आधारमा उठाउनुपर्छ। त्यसैले यो एजेन्डा लिएर पहिला निर्वाचनमा जानुपऱ्यो। निर्वाचनमा यो पक्षमा बहुमत आयो भने नयाँ संसद्मा यो विषयमा छलफल गरेर निष्कर्ष निकाल्न सकिन्छ। अब अहिले नै 'तातै खाउँ जल्दै मरुँ' गरेरचाहिँ यसको निष्कर्ष निस्कन्छ जस्तो लाग्दैन। अहिले तोकिएको निर्वाचनमा यो विषय कुनै पनि हिसाबले सम्भावना छैन। अहिलेका लागि बहस आवश्यक छ। त्यसलाई आगामी निर्वाचनमा एजेन्डाका रूपमा लैजाने र निर्वाचनपछि त्यसलाई निष्कर्षमा पुऱ्याउन सकियो भने, त्यसपछिको निर्वाचनमा भने प्रत्यक्ष निर्वाचित कार्यकारी सम्भव हुन्छ।

यो विषय पहिला पनि माओवादी र उपेन्द्र यादवको जसपाले यो कुरा उठाएकै हो। साँच्चै प्रत्यक्ष निर्वाचित कार्यकारी चाहने र त्यसको माग गर्नेले यसलाई चुनावी नारा बनाएर लैजानुपर्छ। यसको पक्षमा जनमत सिर्जना गर्नुपर्छ। त्यत्तिकै प्रत्यक्ष निर्वाचित कार्यकारी भनेको भरमा यो हुने होइन। अहिले नै प्रत्यक्ष निर्वाचित कार्यकारी भनेर हिँडने हो भने निर्वाचन पनि बिथोलिन्छ। यसले सबै राजनीतिक गतिविधि कचल्टिएर जान्छ र यसले झन ठुलो अनिश्चतता र अराजकताको अवस्थामा मुलुक फस्छ।

## ■ अहिले नै निष्कर्ष निकाल्न हतार हुनेछ

● टीकाराम भट्टराई, *वरिष्ठ अधिवक्ता*



प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था राम्रो वा नराम्रो भनेर अंक गणितीय ढंगले हेर्नुहुन्न। यो विषय संविधान बनाउँदै गर्दा संविधानसभामा पनि यो पर्याप्त छलफल भएकै हो। त्यतिबेलाका राजनीतिक दलका बीचमा पनि छलफल भएकै हो। त्यतिबेला २ वटा मोडलमा छलफल भएको थियो। माओवादीले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको एजेन्डा राखेको थियो भने, नेकपा एमालेले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको एजेन्डा राखेको थियो। ती दुवै एजेन्डामा गहन छलफल भएर नेपालको लागि अहिलेका लागि परिमार्जनसहितको संसदीय व्यवस्था नै उचित छ भन्ने निष्कर्षका साथ त्यो व्यवस्था अहिलेको संविधानमा राखेका हौँ।

अब त्यसलाई परिवर्तन गर्नुपर्ने आवश्यकता महसुस गरियो भने, संविधानसभामा त्यत्रो छलफल गरेर संविधान ल्याइयो। संविधान निर्माणको १० वर्ष व्यतित हुँदै छ। त्यति बेला र अहिले वस्तुगत अवस्थामा के परिवर्तन आयो ? आर्थिक, समाजिक अवस्थामा के परिर्वतन आयो ? अहिलेको संसदीय लोकतन्त्रमा के गल्ती र दोषका कारण परिवर्तन गर्नुपऱ्यो ? भन्ने विषयमा पर्याप्त छलफल भएको छैन।

संविधान संशोधन गर्ने त्यसमा पनि शासकीय स्वरूप परिवर्तन गर्ने भन्ने कुरा कुनै व्यक्तिलाई लाग्दैमा, २-४ हजार, १ लाख मान्छेलाई लाग्दैमा हुने विषय होइन। यसका पक्ष र विपक्षका बारेमा अहिलेका नयाँ पुस्ताका साथीहरूले उठाउनुभएको छ। अहिलेको पुस्तालाई त्यतिबेला भएको छलफल थाहा छैन। हामीले के निष्कर्षका आधारमा यो व्यवस्था राख्यौँ भन्ने कुरा थाहा छैन। उहाँहरूलाई यो कुरा बुझाउन जरुरी छ। पटकपटक शासकीय स्वरूप परिवर्तन गरेर मुलुकलाई फेरी एउटा परीक्षणको थलो मात्रै बनाउने कुरा त्यति उचित हुँदैन।

प्रत्यक्ष राष्ट्रपति वा प्रधानमन्त्री जे भने पनि त्यस्तो व्यवस्था अवलम्बन गर्ने मुलुक विश्वमा ज्यादै कम छन्। अमेरिकाको उदाहरण दिने गरिएको छ। अमेरिकाको छुट्टै संवैधानिक इतिहास छ। त्योदेखि बाहेक विश्वका १९३ मध्ये करिब १० वटा मुलुकमा मात्रै त्यस्तो व्यवस्था छ। त्यसले गर्दा नेपालका भू-राजनीति, भाषाभाषी, जातजाति जुन अवस्थाको छ, नेपालका जति विविधितता छ, त्यसलाई समेट्नका लागि त्यसले सक्छ कि सक्दैन भन्ने समग्र विषय नयाँ पुस्ता जसले यो माग गर्नु भएको छ उहाँहरूलाई बुझाउन जरुरी छ। यही एजेन्डा उठाएको पुराना दल माओवादीमा अहिले यो रहिरहला भन्ने लाग्दैन। त्यसैले यो ह्विमका भरमा अगाडि सारिने विषयबस्तु होइन।

यो विषयमा नयाँ प्रतिनिधिसभा निर्वाचन भएर संविधान संशोधनको एजेन्डा प्रवेश गरेपछि पर्याप्त छलफल गर्नुपर्छ। अहिले यो विषय निष्कर्ष निकाल्ने बेला भएको छैन। अहिले संविधान संशोधनको थलो पनि नभएकाले प्रतिनिधिसभाको उपस्थिति भएपछि मात्रै संविधान संशोधनका विषयमा छलफल हुन्छ। अबको प्रतिनिधिसभाको निर्वाचनमा दलहरूले संविधान संशोधनका स्पष्ट विषय राखेर जानुपर्छ।

प्रतिनिधिसभा निर्वाचनसँगै संविधान संशोधन गर्ने कि नगर्ने भन्ने जनमत संग्रहको रूपमा पनि आगामी प्रतिनिधिसभाको निर्वाचनलाई तय गरिनु पर्दछ। त्यसैले अहिलेका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीको कुरा एउटा छलफल हो। छलफलमा त्यो कुरा आउन सक्छ। तर, हाम्रो जस्तो मुलुकका लागि त्यो आवश्यक हो भन्ने कुनै अध्ययन, अनुसन्धान, छलफलबिना नै अहिले नै निष्कर्ष निकाल्नका लागि हतार हुनेछ। त्यो व्यवस्थाले हाम्रा विविध भाषा, भाषी, जातजाति, भूगोल र भू-राजनीतिलाई सम्बोधन गर्न सक्छ कि सक्दैन भनेर ठन्डा दिमागले सोच्नु आवश्यक छ।

# प्राकृतिक विपत्ति बिर्सँदै चाडपर्वको तयारीमा मैथिल

■ सौर्य समाचार

महोत्तरी। अविरल वर्षासँगै बाढी र डुबान खेप्दै दशहरा (दसैँ) पर्व सकेका मधेसको महोत्तरीसहितका मिथिला क्षेत्रका बासिन्दा प्राकृतिक विपत्तिलाई बिर्सँदै दीपावली र छठसहितका मुख्य पर्वको तयारीमा जुटेका छन्।

दीपावलीमा बस्तीका सडक, ढल सरसफाइ गर्दै घर सिंगार्ने मैथिल परम्पराअनुसार यतिखेर यहाँका बस्तीबस्तीमा पर्वको उल्लास छाउँदो छ। सबै घरघरमै जसो दीपावली र त्यसलगत्तै आउने निष्ठाको पर्व छठको तयारी देखिएको छ। उज्यालोको पर्व मानिने दीपावली र छठको तयारीले अहिले मिथिला क्षेत्र पर्वमय बन्दै गएको छ।

'दशहरा त बाढी, डुबानबीचमै बित्यो, मन खोलेर रमाइलो गर्न पाइएन। वर्ष दिनमा आउने पर्व हुन्, अब दीपावली र छठ राम्ररी मनाउन पाइयोस् भन्ने छ,' घर रङरोगनमा व्यस्त भंगाहा-५ कटैयाकी ६० वर्षीया रामराजी यादव भन्छिन्, 'काममै दलिएर भए पनि रमाउने भनेको चाडपर्वमै हो।' बस्तीबस्तीमा राष्ट्रिय महत्त्वका यी पर्वको तयारीले मिथिला क्षेत्रमा अहिले चहलपहल निकै बढेको छ।

कात्तिक कृष्ण त्रयोदशीका दिन 'धनतेरस' मनाएर सुरु गरिने मिथिलाको दीपावली पर्व कात्तिक शुक्ल द्वितीयाका दिन 'भैयादुज' मनाएर सम्पन्न गर्ने परम्परा छ। दीपावलीमा घरगाउँ झिलीमिली बनाउने यहाँको स्थापित परम्पराले केही दिन अगाडिदेखि नै पर्वको तयारी सुरु हुने गरेको छ। कात्तिक कृष्णपक्षको एकतिहाइ कटिसक्दा अब पर्वले छ्याप्पै छोपेको मैथिल बताउँछन्।

दीपावली र छठमा पूजाका सामग्री राखनधरनका लागि माटो मुछेर बनाइएका र बाँसको कप्टेराले बुनिएका नयाँ भाँडाको प्रयोग गरिने चलन छ। मैथिल यस प्रयोजनका लागि आवश्यक पर्ने माटाका तौला, छ्याँची, कलशको अंखोरा, दीपमालिका गरिने दियौरी तथा बाँसको कप्टेराले बुनिएका ढाकी, छिटी, नाङ्लो, चाल्नोसहितका सामानको जोहोमा लागेका छन्। 'पवनी (पर्व) त अब आइ नै सक्यो माटाका भाँडा बनाउने कुम्हाल र बाँसको कर्चीं (कप्टेरा)ले छिटीसहितका सामग्री बुन्ने बिनहरूसँग सम्पर्क गरेर टुंगो गरिसकेकी छु', मटिहानी-९ बहुअर्बाकी गृहिणी उषा ठाकुर भन्छिन्, 'अब घर लिपपोत र रंगरोगन थालिहाल्नु छ।' पर्वको तयारीसँगै बाढीले लडाएका धानका बोट उठाउने, तरकारी बाली स्याहार्ने धमाधमले यतिखेर मैथिल व्यस्त देखिन्छन्। खासगरी तरकारीखेतीका किसानलाई भ्याइनभ्याइ छ।

'चाडपर्वले छोपिसक्यो, कामहरू भ्याइनभ्याइ छ', भंगाहा-४ का किसान गंगाराम महतो भन्छन्, 'भन्टा र भिन्डी (रामझिगनी) २-२ दिनको पालोमा टिपेर बजार लानपर्छ, १ दिन ढिला भए छिप्पिन्छ।' चाडपर्वको मेसो पनि यिनै फसल बेचेर त मिलाउन पर्ने हुँदा झन् बढी व्यस्त हुनुपरेको महतोको भनाइ छ। मैथिलका खेतीपातीदेखि सबै व्यावसायिक काम अहिले पर्वकेन्द्रित बनेका छन्।

यहाँ बर्खेधान खेतमा पाकेर पहेँलपुर छ। यो धान दीपावलीअघि थन्क्याइसक्नुपर्ने हुन्छ। दीपावली र छठका लागि बजार लगिनुपर्ने तरकारी बालीको स्याहार किसानको नियमित तालिकाकै काम हुन्। दीपावली र छठमा कतिपय कृषिउपज विधिमै उपयोग गरिने परम्पराले किसान अहिलेदेखि नै त्यसको तारतम्य मिलाउन लागिपरेका छन्। खासगरी छठमा उखुका लाँक्रा, अदुवा, बेसारका गानो र पातसहितका बोट, ज्यामिर र अन्य कन्दमूल पूजा सामग्री नै हुन्छन्। छठताका यिनको माग र बिक्री राम्रो हुने भएपछि थोरै करेसाबारी हुने गरिबका उत्पादनले पनि बजार पाउँछन्।

यसैगरी बाँसको चोया र कप्टेराले बुनिने डाला, छिटी, नाङ्लो र चाल्नोसहितका राखनधरनका सामग्री बनाउने बिन र डोम समुदायलाई अहिले कामको चटारो छ। यसैगरी माटाका भाँडा बनाउने कुम्हाल रातदिन नभनी काममा जुटेका छन्। अब अन्य बेला कम प्रयोग हुने यस्ता भाँडा दीपावली र छठमा मात्र बिक्री हुने हुँदा अहिले यिनीहरूको व्यस्तता बढेको हो।

ससाना नानीहरूको रहर मेट्न पनि अभिभावकले दीपावली र छठ भनेर थुमथुम्याएका हुन्छन्। यसले बालबालिका र किशोरकिशोरी यो चाड कहिले आउँला भनेर पर्खेका हुन्छन्। उमेरले १५ वर्ष नाघेका किशोरकिशोरी रमाइलोका लागि पिङ बनाउने र चंगा उडाउने तयारी गद छन्। पर्वको उमंग किशोरवय टेक्दै गरेका बालबालिका, किशोर र युवामा बढी देखिँदो छ। बस्तीबस्तीमा सडक, ढल सरसफाइमा बस्तीका बासिन्दा आफैँ जुटेका छन्। जताततै पर्वले मिथिला उमंगित देखिएको छ।


**शेयरधनीहरुको शेयर प्रमाणपत्र हराएको सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

यस कम्पनीले शेयर रजिष्ट्रारको कार्य गरिरहेको तपसिल बमोजिम कम्पनीको शेयरधनीहरुको शेयर प्रमाणपत्रहरु हराएकोले प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराइ पाऊ भनी निवेदन पेश गरेको हुँदा सो माथि कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित मितिले ३५ (पैंत्तिस) दिनभित्र स-प्रमाण सहित कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंमा निवेदन दिनु हुन अनुरोध गरिन्छ। अन्यथा उक्त मिति पछि सो शेयरहरु आवश्यक प्रक्रिया पूरा गरि निवेदनमा माग भए बमोजिमका हकवालाहरुको नाममा प्रतिलिपि शेयर प्रमाणपत्र जारी गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद पछि तथा रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन।

तपसिल

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैंका लागि — काठमाडौं-२, टंगाल, फोन : ०१- ४४४३०७७, ४४४३०७९ — प्रतिलिपि शेयर प्रमाणपत्र जारी हुने :

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|
| १. | कमल प्रसाद नेपाल, सोमादी-०३, पाल्पा | ७७२, ४२८९ (साविक : काँक्रेविहार विकास बैंक लिमिटेड) | ५६०, १०६ |
| २. | तिब्बता थापा (भण्डारी), धर्मभक्त मार्ग-१०, विराटनगर | ३७४०२ (साविक : नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड) | ४० |
| ३. | विशेष शेरचन, खिचापोखरी-२२, काठमाडौं | ९२४३० (साविक : नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड) | ५ |
| ४. | रोहण भक्त अधिकारी, झपर्दी-०४, नवलपरासी | ११११९९ (साविक : देव: विकास बैंक लिमिटेड) | ५८८५ |
| ५. | सेलन लाल शाक्य, बाह्रबिसे-०९, सिन्धुपाल्चोक | ९४७७३ (साविक : नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड) | १२ |
| ६. | राजन मानन्धर, सानेपा-०२, ललितपुर | ५९४०३ (साविक : काष्ठमण्डप डेभलपमेन्ट बैंक लिमिटेड) | ३० |
| ७. | गुरुदत्त पाध्या, देउपुर-०४, पर्वत | ५१५४१ (साविक : देव: विकास बैंक लिमिटेड) | २१२ |
| ८. | प्रेम बहादुर सिंह, बडागाउँ-०४, गुल्मी | २३५६०, ६०१६९ (साविक : काष्ठमण्डप डेभलपमेन्ट बैंक लिमिटेड) | १०, १० |

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited (नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त संस्था) — कर्पोरेट कार्यालय महालक्ष्मी-०४ ललितपुर, फोन नं.०१-५९१२७५२ — प्रतिलिपि शेयर प्रमाणपत्र जारी हुने :

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|
| १. | निशा तिमल्सिना, हेटौंडा-०७, मकवानपुर | २२२ (साविक : वोमी लघुवित्त वित्तिय संस्था लिमिटेड) | २० |

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना:**

कुमारी क्यापिटल लिमिटेड KUMARI CAPITAL LIMITED Invest for your Future — का.जि.का.म.न.पा., वडा नं. ०१, नागपोखरी, नक्साल फोन नं. ०१-५९७००८२ Email: info@kumaricapital.com, Web : www.kumaricapital.com



**Urlabari Municipality**
**Office of Municipal Executive**
Urlabari, Morang
Koshi Province, Nepal

**Invitation of Electronic Bids**

Date of Publication: 2082/06/27 (13th of October 2025)

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-BlacktopRoad-Ward4&7-W-NCB-06-082/83 | "Construction of Blacktop Road of Bhadramari road, ward 4 & 7 " | 1,42,75,660.00 /- | 3,16,000.00/- | 3,000.00/- |
| 2 | URL-Blacktoproad-Ward9-W-NCB-05-082/83 | Construction of Blacktop Road of Lama tole – Bhotepul – Dada tole - Ambari Sadak , Urlabari-09 | | 10,75,000.00/- | 5,000.00/- |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेजी ३0 दिने सूचना**

यस कार्यालयमा मि ति २०७०।०४।२७ मा दर्ता भएको प्रा.लि .नं. ११५०२६ को युथ मिसन कन्सल्टेन्सी नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५।०६।११ मा दर्ता भएको **प्रा.लि. नं. १९९७१८** को **एकता यातायात चितवन मुनाफा वितरण नगर्ने प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६३।०२।१६ मा दर्ता भएको **प्रा.लि. नं. ३९६९०** को **ग्रीन स्टार होटल प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४।०८।१० मा दर्ता भएको **प्रा.लि. नं. १७८९५५** को **त्रिपुरा सुन्दरी मल्टी एग्रिकल्चर एण्ड रिसर्च** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०६।२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## देशलाई संकटमा...

### राष्ट्रिय संकटको निकास खोज्न छाडेर...

माओवादी केन्द्रले देशको वर्तमान समस्याको समाधान आफ्नो पार्टीको महाधिवेशन गर्नुलाई ठानेर आगामी मंसिरसम्ममा विशेष महाधिवेशन गर्ने निर्णय गरेको छ। विगत प्रतिनिधिसभाका यी प्रमुख दलले आपसी छलफल र देशको निकासका लागि कुनै पहल गरेका छैनन्। राजनीतिक दलको न्यूनतम कर्तव्यबाट समेत विमुख हुनुले उनीहरूको औचित्यमाथि नै गम्भीर प्रश्न खडा गरेको छ।

### झन् अस्थिरता निम्त्याउँदै दलहरू

चुनावको प्रमुख स्टेकहोल्डर राजनीतिक दलहरू भए पनि त्यसका लागि दलहरूले गम्भीरता नदेखाउँदा २१ फागुनमा तोकिएको चुनावप्रति अन्योल सिर्जना भएको छ। कांग्रेस, एमालेलगायत दलहरू चुनावलाई लिएर सशंकित देखिएका छन्। अझ एमाले त चुनाव हुनै नदिने रणनीतिमा लागेको उसका अभिव्यक्ति र गतिविधिले पुष्टि गर्छ। कांग्रेस-एमाले जस्ता पुराना र ठुला भनिएका पार्टीले नै चुनाव हुन नदिने र प्रतिनिधिसभा पुनर्स्थापनालाई प्रमुख मुद्दा बनाउने बताइरहँदा चुनावप्रति आमजनतामा शंका छ। निर्धारित मितिमा चुनाव हुन नसके देशका संवैधानिक तथा राजनीतिक संकट निम्तिन सक्ने खतरा रहेको विश्लेषकहरू बताउँछन्।

## त्रिविको २ हजार...

सार्वजनिक प्रतिवेदनअनुसार त्रिविले देशभर फैलिएका आंगिक क्याम्पस तथा शैक्षिक संरचनाका लागि उल्लेख्य मात्रामा जग्गा स्वामित्वमा लिएको पाइएको छ। तर, अझै पनि त्रिविका नाममा दर्ता हुन बाँकी र विवादमा परेका जग्गा थुप्रै रहेको प्रतिवेदनले देखाएको छ। समितिको प्रतिवेदनमा विश्वविद्यालय आसपासका करिब १ हजार रोपनी जग्गा हराएको, अन्य ठाउँमा लगभग १ हजार रोपनी जग्गा अतिक्रमणमा परेको र ललितपुरको लुभु तथा पुल्चोकमा करिब ४०० रोपनी जग्गा वर्षौंदेखि भोगचलन बाहिर रहेको उल्लेख छ। प्रतिवेदनले २०१३ सालयताका त्रिविको कीर्तिपुर, नैकाप, ढुंगेअड्डा, पाटनलगायत काठमाडौं उपत्यकाका २१ वटा क्याम्पसका जग्गाको अवस्था, दुरुपयोग र उपयोगका लागि समाधानका उपायसमेत सुझाएको छ। प्रतिवेदनमा त्रिभुवन विश्वविद्यालयको जग्गामा विभिन्न १८ वटा संघसंस्थाको नियन्त्रणमा रहेको देखाएको छ। त्रितालको संयोजकत्वमा गठित समितिको प्रतिवेदनमा त्रिविका पदाधिकारी र कर्मचारीको मिलेमतोमा २ हजार रोपनीभन्दा बढी जग्गामा विभिन्न नाममा १८ वटा संघसंस्थाले भोगचलन गरिरहेको उल्लेख छ। विश्वविद्यालयको जग्गा संरक्षण नहुनुमा समितिले मुख्य गरी ५ वटा कारण औंल्याएको छ। त्रिवि पदाधिकारी, त्रिवि कर्मचारी, राजनीतिक, कानुनी एवं नीतिगत र व्यक्तिगत व्यवहारलाई त्रिविको जग्गा संरक्षण नहुनुको मुख्य कारण मानेको छ।

## राजनीतिक संरक्षणमा...

यही समयमा राज्यशक्तिको दुरुपयोग गर्दै महराले विमानस्थल भन्सारका कर्मचारीलाई दबाब दिएका थिए। भेप साट्दा महराका बाबुछोराले कर्मचारी, गिरोहका सदस्य र बिचौलियासँग पटक-पटक टेलिफोन संवाद गरेको तथ्य अनुसन्धानबाट खुलिसकेको छ। भेपमार्फत् सुन तस्कर गर्ने गिरोहको सम्पर्क पूर्वसभामुख कृष्णबहादुर महरा, उनका छोरा राहुल महरालगायतसँग समेत भएको सरकारी वकिल कार्यालयमा बुझाइएको प्रतिवेदनमा उल्लेख छ। सिआइबीले यो घटनाको अनुसन्धान गर्ने क्रममा कसको कोसँग सम्पर्क भएको थियो भनेर एउटा चार्ट बनाएको थियो। उक्त चार्टमा महराको सम्पर्क शंकास्पद चिनियाँ नागरिकसँग भएको देखिन्छ भने उनका छोरा राहुलको सम्पर्क अरू चिनियाँ नागरिक र भन्सार अधिकृतसँग भएको देखिन्छ।

## अन्तिम ओभरमा...

नेपालले शुक्रबार सामोआविरुद्ध अन्तिम खेल खेल्नेछ। समूह चरणमा अपराजित रहेका नेपाल, युएई र ओमानसँग सुपर-६ मा खेल्नुअघि नै २-२ अंक भएको थियो। ९ मध्ये जापान, कतार र सामोआ गरी बाँकी ३ टोलीसँग कुनै अंक हुनेछैन। यस्तोमा नेपालसहित ३ टोलीलाई २ अंकको फाइदा छ। पहिलो जितले नेपालले महत्वपूर्ण २ अंक जोडेको छ। नेपालको समग्रमा ४ अंक भएको छ। सुपर-६ मा पुगेकामध्ये कतार र सामोआ नेपालभन्दा तुलनात्मक कमजोर टोलीहरू हुन्। यद्यपि, घरेलु टोली ओमान भने बलियो टोली हो। तर, अझ बलियो टोली युएईलाई हराएर मनोबल उच्च बनाएको नेपालले यी सबै टोलीलाई हराउने क्षमता राख्छ। यसर्थ, नेपाल सुपर-६ को शीर्ष ३ मा रहँदै आगामी वर्ष छिमेकी देश भारत र श्रीलंकामा हुने विश्वकपमा छनोट हुने क्रिकेट समर्थकले अपेक्षा गरेका छन्। क्रिकेट विश्लेषकहरूले पनि नेपाललाई विश्वकपमा छनोट हुन योग्य टोली मानेका छन्। सुपर-६ को शीर्ष स्थानमा रहने २ टोलीबीच फाइनलमा उपाधि भिडन्त हुनेछ। नेपालले उपाधि पनि जित्ने अपेक्षा गरिएको छ। यस पटक नेपालको लक्ष्य विश्वकपमा छनोटसँगै उपाधि जित्नु पनि रहेको कप्तान रोहितले बताइसकेका छन्।

## अधिकतम २0 लाखसम्म...

गत आर्थिक वर्षमा स्टार्टअप उद्यम कर्जाका लागि १ अर्ब रकम छुट्याइएकामा चालु आव २०८२/८३ मा ७३ करोड रुपैयाँ मात्रै छुट्याइएको छ। आर्थिक वर्ष २०८१/८२ मा स्टार्टअप कर्जाका लागि ५ हजार १५८ वटा प्रस्ताव आएका थिए। जसबाट कृषि फार्म, होस्टेल, घरेलु उद्योग, आइटीलगायत क्षेत्रका १ हजार ३१४ वटा परियोजना प्रारम्भिक सूचीमा परेका थिए। त्यसमध्ये ६०० जना उद्यमीलाई कर्जा प्रवाह गरिएको थियो।

### कर्जा अब बैंकिङ प्रणालीमा

सरकारले अघि सारेको 'स्टार्टअप उद्यम कर्जा कार्यक्रम' अब प्रचलित बैंकिङ प्रणालीमै समाहित हुने भएको छ। नयाँ कार्यविधि २०८२ अनुसार कर्जा प्रवाहदेखि असुलीसम्मको सम्पूर्ण जिम्मेवारी अब बैंक तथा वित्तीय संस्थाहरूले वहन गर्नेछन्। प्रतिष्ठानले कर्जा प्रवाहका लागि छुट्ट्याइएको रकम सरकारी स्वामित्वको वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ। कर्जा प्रवाह गर्न प्रतिष्ठानले सरकारी स्वामित्वको एक वा एकभन्दा वढी वाणिज्य बैंकलाई तोक्न सक्ने व्यवस्था गरेको छ। स्थानीय तहमा सरकारी स्वामित्वको वाणिज्य बैंक नभएमा सरकारी कारोबारसमेत गर्न तोकिएको निजी क्षेत्रका वाणिज्य बैंकमार्फत् कर्जा प्रवाह हुने नयाँ कार्यविधिमा उल्लेख छ।

कार्यविधिले स्टार्टअप उद्यमीलाई आफ्नै परियोजना धितो राखेर कर्जा लिन सकिने व्यवस्था गरेको छ। कर्जा नतिर्ने उद्यमीलाई कालो सूचीमा राख्न, सम्पत्ति वा बैंक खाता रोक्का गर्न बैंकलाई अधिकार दिइएको छ। कर्जा प्रवाह गर्ने बैंकले कर्जा प्रवाह गर्दा प्रशासनिक वा सेवा शुल्कबापत सम्बन्धित उद्यमीबाट कर्जा रकमको अधिकतम ०.१५ प्रतिशतसम्म सेवा शुल्क लिन सक्ने व्यवस्था गरिएको छ।

### कस्ता उद्यमीले पाउँछन् कर्जा ?

कृषि, वन तथा उत्पादनमूलक क्षेत्रसँग सम्बन्धित उद्यमलाई स्टार्टअप उद्यम क्षेत्र तोकिएको छ। जसमा कृषि, सिँचाइ तथा पशुपन्छीमा आधारित, उत्पादनमूलक उद्यम, वन (जडीबुटी, वन पैदावार) मा आधारित, खानी तथा खनिज अनुसन्धान तथा विकास र खाद्य प्रविधि तथा पोषण उद्यमलाई कर्जा प्रवाह गरिने कार्यविधिमा उल्लेख छ। त्यस्तै, सूचना प्रविधि तथा डिजिटल क्षेत्रमा विज्ञान प्रविधि, सञ्चार तथा सूचना प्रविधि, घरायसी वा दैनिक जीवन सरलीकरण प्रविधि, फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित र सार्वजनिक सेवा प्रवाह, उत्पादन तथा सेवा प्रक्रिया सुधारसँग सम्बन्धित उद्यम समेटिएको छ।

पूर्वाधार तथा यातायात क्षेत्रलाई पनि स्टार्टअप उद्यम कर्जा प्रवाह गरिनेछ। जसमा सहज र सुरक्षित परिवहन तथा लजिस्टिक, पूर्वाधार निर्माण कार्य, विद्युतीय सवारीसाधन तथा अटोमोबाइल र वस्तु वा सेवाको वितरण प्रणालीसँग सम्बन्धित उद्यम पर्छन्। प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगका रूपमा सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने कार्यविधिमा उल्लेख छ। वस्तु वा सेवाको उत्पादनमा नवीन एवं सिर्जनशील सोच र प्रविधिको उपयोग गरी उद्यम व्यवसायको रूपमा रूपान्तरणमार्फत् उच्च वृद्धिको सम्भावना भएको उद्योगले यस्तो कर्जा पाउने जनाइएको छ। त्यस्तै, प्रविधिको अवलम्बन भएको उद्यम व्यवसाय दर्ता भएको मितिले १० वर्ष ननाघेको, दर्तापछिको कुनै पनि आर्थिक वर्षमा वार्षिक कारोबार १५ करोड रुपैयाँ ननाघेको हुनुपर्नेछ। साथै सञ्चालित उद्यम व्यवसाय नगाभिई वा नटुक्रिई नयाँ उद्यम व्यवसाय गरेको हुनुपर्ने उल्लेख छ। अघिल्ला वर्षहरूमा भदौमा आह्वान हुँदै आएको कर्जा वितरणको प्रस्ताव आह्वानमा यस वर्ष भने ढिलाइ भएको छ। यो वर्ष जेनजी आन्दोलनका कारण केही ढिलाइ भएको हो। अब केही दिनमै कर्जाका लागि प्रस्ताव आह्वान हुने प्रतिष्ठानले जनाएको छ।

# बन्धकमध्ये 'जीवित' विपिन एक मात्र गैरइजरायली



तेल अभिव। इजरायलले अझै जीवित रहेको विश्वास गर्ने २२ जना बन्धकमध्ये एक मात्र गैर-इजरायली नेपाली नागरिक विपिन जोशी पनि रहेका छन्। उनको कथा अहिले पनि इजरायल र नेपाल दुवै देशमा पीडा र आशाको प्रतीक बनेको छ। अक्टोबर ७, २०२३ मा हमासद्वारा इजरायलमा गरिएको विनाशकारी आक्रमणपछि २ वर्ष लामो युद्ध सुरु भएको थियो। हमासको उक्त आक्रमणमा करिब १ हजार २०० जनाको मृत्यु र २५१ जना अपहरणमा परेका थिए।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार लडाइँमा हालसम्म ६७ हजारभन्दा बढी प्यालेस्टिनीहरूको मृत्यु भइसकेको छ। त्यसमा झण्डै आधा महिला र बालबालिका रहेका छन्। हाल गाजाको जनसंख्याको करिब ९० प्रतिशत विस्थापित भइसकेको अनुमान गरिएको छ। गाजामा हाल ४८ जना बन्धकहरू रहेका छन्। तिनमा अघिल्ला युद्धका १ सैनिकको शव पनि समावेश छ। इजरायली अधिकारीहरूले कम्तीमा २५ जना बन्धक मरेको पुष्टि गरेका छन्, तर बाँकी २० जनामध्ये कति जीवित छन् भन्ने अझै स्पष्ट छैन। तिनै बन्धकमध्ये १ जना नेपाली विद्यार्थी विपिन जोशी पनि छन्। उनी जीवित रहेको विश्वास गरिएको छ।

२४ वर्षीय विपिन आक्रमण हुनुभन्दा १ महिनाअघि मात्र नेपालबाट इजरायल पुगेका थिए। उनी कृषि अध्ययनका लागि विद्यार्थी आदानप्रदान कार्यक्रममा सहभागी हुन गाजाको सीमामा रहेको किबुट्ज अलुमिममा कार्यरत थिए। कार्यक्रमका १७ जना नेपाली विद्यार्थीमध्ये १० जनाको हमासको आक्रमणका क्रममा मृत्यु भएको थियो। उनीहरू बंकरमा लुकेका थिए र हमलाको क्रममा फ्याँकिएका जीवित ग्रेनेडहरूबाट बाँच्न सफल भए पनि विपिन घाइते भएर अपहरणमा परेका थिए।

विपिनका परिवारका अनुसार उनी गाजामा जीवित रहेको हुनसक्ने विश्वास अझै बलियो छ। उनकी १७ वर्षीया बहिनी पुष्पा जोशीले आफ्ना दाजुको रिहाइका लागि अहोरात्र प्रयास गरिरहेकी छन्।

अधिकारीहरू र कूटनीतिक निकायहरूसँग भेट गरी दाजुको रिहाइका लागि आवाज उठाउन सकियोस् भनेर उनी पश्चिम नेपालको आफ्नो गाउँबाट प्रत्येक हप्ता काठमाडौं आउन ८-८ घण्टाको बस यात्रा गरिन्। गत अगस्टमा जोशी परिवारले इजरायलका राष्ट्रपति आइज्याक हर्जोगलाई भेट्न र तेल अभिवको 'होस्टेज स्क्वायर' मा बन्धक परिवारहरूले आयोजना गर्ने प्रदर्शनमा सहभागी हुन इजरायल यात्रा गरेका थिए। उनीहरूले नेपाल सरकार र अन्तर्राष्ट्रिय समुदायसँग पनि जोशीको उद्धारका लागि सक्रिय भूमिका खेल्न आग्रह गर्दै आएका छन्।

विपिन अहिले पनि गाजामा जीवित रहेको विश्वास इजरायली अधिकारीहरूले राखेका छन्। उनका साथीहरूले विपिन अध्ययनशील, मिलनसार र सहयोगी स्वभावका युवा रहेको बताएका छन्। विपीनले आफ्नो भविष्य कृषि विकासमा योगदान गर्ने सपनासँग इजरायल यात्रा गरेका थिए। विपिनको परिवार भने आशाको झिल्को निभ्न नदिई, दाजु-छोरा फर्किने दिनको प्रतीक्षा गर्दै अझै पनि प्रतीक्षामा छ। परिवारले विपिन फर्किएमा त्यो केवल आफ्नो परिवारको जित नभई नेपाल र मानवताकै जित हुने बताएका छन्।

इजरायलले युद्धविराम सुरु भएपछि बाँकी रहेका बन्धकहरूलाई ७२ घण्टाभित्र रिहा गरिने आशा व्यक्त गरेको छ। यसको बदलामा करिब २ हजार प्यालेस्टिनी कैदीलाई रिहा गर्ने तयारी भइरहेको छ।

इजरायलले अझै जीवित रहेको विश्वास गर्ने २२ जना बन्धकहरूमा मातान एंग्रेस्ट (२२), गली बर्मन (२८), जिव बर्मन (२८), एल्काना बोबोट (३६), रोम ब्रास्लावस्की (२१), निम्रोद कोहेन (२१), अरिएल कुनियो (२८), डेविड कुनियो (३५), एव्यातार डेविड (२४), गाइ गिलबोआ-दलाल (२४), मक्सिम हार्किन (३७), इटन होर्न (३८), विपिन जोशी (२४), सेगेव काल्फोन (२७), बार कुपरस्टीन (२३), ओमरी मिरान (४८), एटान मोर (२५), तामिर निमरोदी (२०), योसेफ-चेइम ओहाना (२५), एलोन ओहेल (२४), अविनातन ओर (३२) र मातान जाङ्गाउकर (२५) छन्।


**वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारीको लागि प्रस्ताव माग गरिएको सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२।०६।२७**

यस वन उपभोक्ता समूहले संरक्षण र व्यवस्थापन गर्दै आएको जिल्ला नवलपरासी (ब.सु.पू.) मध्यविन्दु न.पा. वडा नं. ७ स्थित करिब १५६.४७ हेक्टर क्षेत्रफल रहेको यस सामुदायिक वनको विस्तृत सर्वेक्षण गरी गण्डकी प्रदेशको वन संम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका-२०८२ बमोजिम सामुदायिक वन व्यवस्थापन कार्ययोजना तयारी गर्नुपर्ने भएकोले सो कार्य गर्नसक्ने इच्छुक व्यक्ति वा परामर्शदाता संस्थाबाट संक्षिप्त प्रस्ताव पेश गर्न यो ३० दिने सूचना प्रकाशन गरिएको छ। यस कार्यको लागि तयार पारिएको कार्यसूची तथा अन्य विस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति : २०८२।०७।२५**
**स्थान : मध्यविन्दु न.पा. ७, समूहको कार्यालय**
**समय : दिनको ३:०० बजे सम्म।**

श्री मध्यविन्दु लालिगुँरास सामुदायिक वन उपभोक्ता समूह
मध्यविन्दु न.पा.- ७, नवलपरासी (ब.सु.पू.)

**मोटरसाइकल हरायो**

मिति २०८२।०६।१२ गते अपरान्न ७:०० बजेको समयमा का.जि.कागेश्वरी मनोहरा न.पा. वडा नं. ०८ पहेलोपुल स्थित रहेको ठाउँमा पार्किङ गरि राखिएको मेरो निम्न विवरण भएको मोटरसाइकल हराएको वा चोरी भएको हुँदा कुनै पनि महानुभावहरुले पाउनु वा फेला पार्नु भएमा नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**स.ध.को नाम : रमेश तामाङ**
**(हुलास फाईनान्स लि.ऋणी)**
**ठेगाना: जिल्ला काठमाडौ, शंखरापुर न.पा.वडा नं.०२**
**च्यासिक नं: :D2A13EX4SCB83541**
**मोडेल न.वा बनेको मिति :बा.प्र.०२-०५९५९४१२**
**इन्जिन.नं.र कम्पनी: DKXCSB25098, बजाज**
**रङ र हर्ष पावर : कालो रातो, पल्सर २२०**
**सम्पर्क नं. ९८४३१५१४०३**

**इन्डेक्स सेक्युरिटिज लिमिटेडको**
(स्टक ब्रोकर नं. ६९)
कमलादी-२८, काठमाडौं

**रजिष्टर्ड कार्यालय सरेको सूचना**

यस कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ३०, कमलमार्ग, कमलपोखरीमा रहेकोमा मिति २०८२/०६/३० गतेदेखि का.म.न.पा. वडा नं. २८, कमलादी (गणेश मन्दिरसँगै, स्काई टावरको अगाडि), काठमाडौंमा सारिने भएको हुँदा सो उपरान्त कम्पनीबाट आफ्ना सेवाग्राहीहरूलाई प्रदान गरिंदै आएको सम्पूर्ण सेवा, पत्राचार, कानूनी सूचना तथा अन्य सम्पर्क कार्यहरू मिति २०८२/०७/०२ गतेदेखि नयाँ रजिष्टर्ड कार्यालय ठेगानाबाट सम्पादन गरिने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरू माझ यस सूचना मार्फत अवगत गराइन्छ।

कम्पनी सचिव

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री गणेश प्रसाद पन्तको नातिनी, श्री हरीहर प्रसाद पन्तको छोरी काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला वडा नं. ३ बस्ने श्रीमती शान्ती भट्टराईको यही मिति वि.सं. २०८१/०९/०२ का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०४६०११०९०००३४३३ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको बुहारी श्रीमती लिजा सिग्देलले मिति २०८२/०५/२३ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सानिमा बैंक www.sanimabank.com
महाराजगञ्ज शाखा, काठमाडौं, फोन : ०१-४३७१४२८/४३७१४४३६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४।०९।०७ मा दर्ता भएको **प्रा.लि. नं. १८०३१९** को **सेभ मेडिक** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०६।२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**Sotang Rural Municipality**
**Office of Rural Municipal Executive**
**Sotang, Solukhumbu**
**Koshi province, Nepal**

**Invitation for Online Bids**

**Date of Publication: 2082/06/27 (13/10/2025)**

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S.N | Contract No. | Description of work | Bid Security Amount (NPR) | Bid Validity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT and PS | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 02/SRM/NCB /2082/83 | Diplighat bajar, Barbot Aadharbhut Bidhyalaya, pachkanya Kalika Debimandir, kharharey Aabi, ward No3 karyala,zero point hudai Sotang Gaupalika Sammako Sadak stherunnati tatha kalopatrey. | 6,81,792.00 | 90 days | 5,000.00 | 3,07,95,159.52 | 2082/07/27 (13-11-2025) 12:00 PM | 2082/07/27 (13-11-2025) 2:00 PM | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9841323347 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:
   **Name of the Bank: Agriculture Development Bank, Solukhumbu**
   **Name of the Office: Sotang Rural Municipality Office, Solukhumbu**
   **Office Code No. 801010908**
   **Office Account No. 1125501429939116 (For Bid Document)**
   **Office Account No. 1125501429939035 (For Bid Security)**
4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

*Acting Chief Administrative Officer*

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**बैदेशिक रोजगार विभाग, काठमाडौंको**

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८२/०६/२४

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Red Panda International Overseas Pvt. Ltd.** (ई.प्र.नं. १३७५/०७४/०७५) को संचालक/शेयरनधीले आ-आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यलयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोहि कसैको हक स्वामित्व तथा लेनदेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०६/२४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| साविकका शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. संजय बुलुन - ०१ देखि १२५०० सम्म | १. संजय बुलुन - ०१ देखि १२५०० सम्म |
| २. इन्द्र प्रसाद गुरुङ - १२५०१ देखि २५००० सम्म | २. सरोज खडगी - १२५०१ देखि २५००० सम्म |
| ३. उपेन्द्र सिग्देल - २५००१ देखि ३७५०० सम्म | ३. उपेन्द्र सिग्देल - २५००१ देखि ३७५०० सम्म |
| ४. राज कुमार बानिया ३७५०१ देखि ५०००० सम्म | ४. राज कुमार बानिया ३७५०१ देखि ५०००० सम्म |

**Malaysia मा रोजगार** **Phg Plantation Sdn. Bhd.**

पूर्व स्वीकृती मिति: २०८२/६/२६ | चलानी नं.६०२४५९८३ | LT No. : 332247

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Plantation Worker | 15 | काममा दक्ष | 1700 | ५७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता २०८२ कार्तिक ९ गते (26 Oct., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ५) [illegible] ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौंमा सम्पर्क राख्नुहोला।

**Kailash International Manpower Pvt. Ltd.**
Samakhushi-26, Kathmandu, Tel-4957734, 4981922, 4983944
Gov.Lic.No. 317/059/060 Email : kailashmanpower@gmail.com, Web : www.kailashmanpower.com.np

**Gramthan Rural Municipality**
**Office of Rural municipal Executive**
**Tetariya Morang**
**Koshi Province, Nepal**

**Invitation for Bids**

Date of publication: 2082/06/27

1. Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders NCB under Single Stage Double Envelope Procedure for the construction of work as stated in table below.

| S.N. | Contract ID/IFB No. | Description | Bid Document Fee | Bid Security | Last date and time for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | G.R/NCB/WORKS/ 03-082-083 | Ring Road Banigama Purba Sadak Kalopatre (Ward no 6 Package) | 5000 | 6,40,000 | 13th Nov 2025 till 12:00PM |

2. Eligible Bidders may obtain further information from the PPMO e-GP system web portal www.bolpatra.gov.np/egp.
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever

■ बजेट कार्यान्वयन गत वर्षको भन्दा कमजोर

## ३ महिनामा १७ प्रतिशत बजेट खर्च




■ सौर्य समाचार

काठमाडौं । बजेट कार्यान्वयन सरकार गत वर्षको भन्दा कमजोर देखिएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को ३ महिना बित्न लाग्दा यसको बजेट कार्यान्वयनको अवस्था सुस्त देखिएको हो । महालेखा नियन्त्रक कार्यालयका अनुसार, सरकारले २५ असोजसम्म सरकारले कुल बजेटको १७.२ प्रतिशत मात्र अर्थात ३ खर्ब ३७ अर्ब ७८ करोड रुपैयाँ खर्च गरेको छ । गत वर्ष यही अवधिमा १७.६८ प्रतिशत बजेट खर्च भएको थियो ।

यस वर्ष चालुतर्फ विनियोजित बजेटको १९.६६ प्रतिशत अर्थात २ खर्ब ३२ अर्ब खर्च भएको छ, भने विकास बजेट (पुँजीगत) विनियोजितको रकमको ४ प्रतिशत अर्थात १६ अर्ब ९५ करोड रुपैयाँ मात्र खर्च भएको छ । त्यस्तै वित्तीय व्यवस्थापनमा २३.६१ प्रतिशत अर्थात ८८ अर्ब खर्च भएको छ ।

त्यस्तै, राजस्व संकलमा पनि यसवर्ष सरकार कमजोर देखिएको छ । सरकारले कुल राजस्व लक्ष्यको १४.७९ प्रतिशत मात्रै उठाउन सकेको छ । जबकि, अघिल्लो वर्षको यसै अवधिमा १६.६६ प्रतिशत राजस्व उठाइएको थियो । यस वर्षको भदौमा भएको जेनजी आन्दोलनको कारण बजेट कार्यान्वयन कमजोर भएको सरकारको दाबी छ । आन्दोलन पछिको राजनीतिक अस्थिरता र अन्यौलताको कारण राजस्व तथा खर्च कम भएको सरकारी अधिकारीहरूको दाबी छ ।

■ जलविद्युत् र सडकले ल्याएको परिवर्तन

# व्यापारिक केन्द्र बन्यो अपीको मकरीगाड

■ सौर्य समाचार

दार्चुला । सडक यातायातको सहज पहुँचसँगै अपीहिमाल गाउँपालिका-५ स्थित मकरीगाड अहिले व्यापारिक केन्द्र बनेको छ । करिब २० वर्षअघि सामान्य होटल-पसलसम्म सीमित मकरीगाड अहिले दर्जनौं पसल, होटल र गोदामसहितको आधुनिक बजार बनेको छ । २०७६ सालमा मकरीगाड जलविद्युत् आयोजना सुरु भएपछि सडक विस्तारले यहाँको आर्थिक रूपान्तरणलाई गति दिएको छ । २०६० सालदेखि मकरीगाडमा व्यापार गर्दै आएका धनसिंह लोथ्याल सडक पुगेपछि अहिले मकरीगाडमा बजार व्यवसाय बढेको बताउँछन् । ‘ यो क्षेत्रमा २२ वर्षदेखि होटल व्यवसाय गर्दै आएको छु, पहिले खाना खाने र बास बस्ने मात्रै व्यापार थियो’, लोथ्याल भने, ‘तर अहिले सबै किसिमको व्यापार मकरीगाडमा भइरहेको छ, बिहानदेखि साँझसम्म चहलपहल बढेको छ ।’

सडक पुगेपछि जिप र मालबाहक ट्रक दैनिक रूपमा मकरीगाडसम्म पुग्न थालेका छन् । पहिला मार्मा गाउँपालिकाको लटिनाथ-सेलविसा हुँदै हुने व्यापार अहिले मकरिगाडमा केन्द्रित भएको छ । लोथ्यालका अनुसार पारिबगरदेखि मकरीगाड सडक खण्डमा खुलेका अधिकांश होटल पसल बन्द भएका छन् । अपीहिमालका वडा-१ देखि ५ सम्मका स्थानीयका लागि मकरीगाड अहिले मुख्य बजार केन्द्र बनेको छ । पहिले लटिनाथबाट पिठ्युँमा सामान बोकेर आउनुपर्ने बाध्यता हटेको छ । पहिले मार्माको सेलविसासम्म मात्रै सडक थियो । स्थानीय लटिनाथबाट पिठ्युँमा समान बोकेर आउँथे । सडक पुगेपछि सामान सबै यहीं सहज पाउन थालेको लोथ्यालले बताए । उनका अनुसार यहाँ व्यापारिक चाप बढेको छ ।

धनगढीबाट रात्रिकालीन आउने यात्रु जिपमार्फत



बिहानै मकरीगाड पुग्छन् । अहिले विटुले-पारिबगर-मकरीगाड सडकखण्डमध्ये मार्माको पारिबगरसम्म सडक ग्राभेल गरिएको छ । पारिबगर क्षेत्रसम्म बस सेवा सञ्चालनमा छ । पारिबगरदेखि मकरीगाडसम्म सडक कच्ची भए पनि सामान बोकेका ट्रक मकरीगाडसम्म नियमित सञ्चालन हुने गरेका छन् ।

मकरीगाडभन्दा माथि सडक नहुँदा पनि अहिले यस क्षेत्रमा व्यापार व्यवसाय बढेको मकरीगाडमा व्यापार व्यवसाय गर्दै आएका विसनसिंह धामीले बताए । अहिले यो क्षेत्र सबै प्रकारको व्यापारका लागि केन्द्रबिन्दु बनेको छ । स्थानीयले आफ्नो उत्पादन मकरीगाडसम्म बिक्री गर्न ल्याउँछन् । खण्डेश्वरी घुसाबाट स्थानीयले हरियो साग, दुध दही मकरीकगाड बजारमा व्यापार गर्ने अवस्था बनेको छ । तराई क्षेत्रबाट खाद्यान्न लत्ताकपडा सहजै यहाँ पुग्ने गरेको छ । यहाँका होटल तथा पसल राम्रो चलेका छन् ।

‘विद्युत् नबनेको भए सायदै अहिले नै सडक पुग्थ्यो’, धामीले भने, ‘यो सडक कालोपत्र भयो भने अझै यहाँको व्यापार राम्रो हुन्थ्यो ।’ अहिलेकोभन्दा सस्तो मूल्यमा सामान मकरीगाडमा उपलब्ध हुनेछ । खाद्यान्न उत्पादन न्यून हुने अपीहिमालका ४ वडाका लागि अहिले तराईबाट सहजै खाद्यान्न मकरीगाड पुग्ने गरेको छ । विकास निर्माणमा चाहिने छड, सिमेन्टदेखि दैनिक उपभोग्य सामानको सहज उपलब्धता मकरीगाडमा पुगेको व्यापारी धनसिंह जागरी बताउँछन् । अहिलेको अवस्थामा अझै सडक स्तरोन्नतिको खाँचो छ ।

व्यापारी जागरीका अनुसार खाद्यान्न, लत्ताकपडा, सिमेन्ट, छडलगायत दैनिक उपभोग्य सामग्री मकरीगाडमै सहज उपलब्ध छन् । सडक स्तरोन्नति र भाडादर समायोजनको आवश्यकता अझै रहेको उनले बताए । तराईबाट आउने ट्रकहरूले अहिले अपीहिमालमा उत्पादित राज्मा, भटमास, आलु, कोदो, स्याउ र जडीबुटी धनगढीसम्म लैजान थालेका छन् । यसरी पहाड र तराईबीच दोहोरो व्यापार सहज बनेको छ । तराईबाट समान लिएर आउने ट्रकले सिजनमा पहाडको उत्पादन तराई पुऱ्याउन थालेका छन् । अपिहिमालमा उत्पादन हुने राज्मा, भटमास, कोदो, आलु, स्याउ र जडीबुटी तराई पठाउन सहज भएको जागरीले बताए । पहाडको आलु, दाल, स्याउ धनगढीसम्म पुग्न थालेको छ । यो क्षेत्रमा सडकका कारण दोहोरो व्यापार सहज बनेको छ ।

सडक माथि उक्लिँदै गर्दा व्यापार पनि माथि सर्ने गर्छ । पहिले लटिनाथ सेलविसा व्यापारिक केन्द्र चहलपहल हुन्थ्यो । अहिले मकरीगाड बनेको छ । मकरीगाडबाट झण्डै १.५ किलोमिटर सडक माथि उक्लिएको छ । अपिहिमालको केन्द्रसम्म सडक पुग्यो भने व्यापार फेरि माथि सर्नेछ ।

# गोदावरी पुष्प मेला २९ असोजदेखि

■ सौर्य समाचार

काठमाडौं । फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) ले गोदावरी पुष्प मेला तथा प्रदर्शनी आयोजना गर्ने भएको छ । आउँदै गरेको तिहार तथा छठ पर्वलाई लक्षित गर्दै फ्यानले यही २९ असोजदेखि २ कात्तिकसम्म ललितपुरको जावलाखेलस्थित खेल मैदानमा ‘१८औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी-२०८२’ आयोजना गर्न लागेको हो ।

फ्यानका उपाध्यक्ष तथा मेला संयोजक सुमन महर्जनका अनुसार ‘रोपेर फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि’ भन्ने मूल नाराका साथ आयोजना हुन लागेको प्रदर्शनीले पुष्प व्यवसायको प्रवर्द्धन, समयअनुसार फूलका जातीय विकास र गुणस्तरीय उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको हो ।

५ दिनसम्म चल्ने यस प्रदर्शनीमा ८० वटा व्यावसायिक स्टल, ३ वटा सूचनामूलक स्टल, एउटा प्रतिस्पर्धी स्टल र एउटा सेल्फी स्टल गरी कुल ८५ वटा प्रदर्शनी कक्षहरू रहनेछ महर्जनले बताए । उनका अनुसार नेपालमा व्यावसायिक उत्पादन हुँदै आएका र भित्रिएका केही नयाँ प्रजातिका गोदावरी फूलका बिरुवासहित ४५० बढी फूलका बिरुवा पनि प्रदर्शनीमा राखिने तथा बिक्री वितरण गरिनेछ ।

गोदावरीका साथै यस सिजनमा फुल्ने सयपत्री, मखमली र अन्य मौसमी फूलबिरुवा, बिउवीजन, मलखाद र कृषि औजारसमेत प्रदर्शनीमा उपलब्ध हुने आयोजकले जनाएको छ । यस प्रदर्शनीमा ४० हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने र १ करोड ३० लाखभन्दा बढीको व्यावसायिक कारोबार हुने अनुमान छ । विशेष गरी यो प्रदर्शनी गोदावरी फूलको प्रतिस्पर्धात्मक प्रदर्शनी रहेकोले गोदावरी फूलका विविध विधामा प्रतिस्पर्धा गराई पुरस्कृत गरिने कार्यक्रमलाई पनि निरन्तरता दिइनेछ ।

यसअन्तर्गत प्रदर्शनीमा सहभागी नर्सरी/फर्मले उत्पादन गरेको गोदावरी फूलको ५ वटा प्रजातिमा प्रतिस्पर्धा गराइने छ । प्रतिस्पर्धा हुने गोदावरीको प्रजातिमा मिनियचर, स्पाइडर, रिफ्लेक्स, इन्कर्भ र गोदावरीको कट फ्लावर रहनेछ । साथै, मेलामा सहभागी भएका नर्सरी व्यवसायीलाई उत्साह थप्नका लागि उत्कृष्ट स्टलतर्फ पनि प्रतिस्पर्धा गराइने जानकारी दिइएको छ । समग्र प्रतिस्पर्धामा प्रथम, दोस्रो, तेस्रो तथा विधागत उत्कृष्ट हुने नर्सरी/फर्मलाई सिल्ड, नगद तथा प्रमाण पत्रद्वारा पुरस्कृत गरिनेछ । प्रदर्शनीस्थलमै व्यवसायका क्षेत्रमा भएका नयाँ प्रविधि र उपलब्धिको जानकारी पनि प्रदान गरिनेछ ।

पुष्प व्यवसायीहरूलाई व्यवसाय प्रवर्द्धनमा हौसला प्रदान गर्ने र उनीहरूबीच प्रतिस्पर्धात्मक भावनाको विकास गरी गुणस्तरीय उत्पादनमा टेवा पुऱ्याउनु मुख्य उद्देश्य रहेको फ्यानका अध्यक्ष राजेशभक्त श्रेष्ठले बताए । उनले अहिले पुष्प उत्पादक कृषकहरूको बजार सीमित रहेको सन्दर्भमा यस प्रकारको प्रदर्शनीले पुष्पप्रेमी उपभोक्ताहरू बढाएर बजार विस्तार गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे । साथै फ्यानको आयोजना र लाइन्स क्लब अफ ग्लोबल फ्लोरिकल्चरसँगको सहकार्यमा मेला अवधिको तेस्रो दिन २०८२ असोज ३१ शुक्रबार, रक्तदान कार्यक्रमकोसमेत आयोजना गरिने बताइएको छ ।




### ■ तिहार फ्लोरा एक्स्पोको तयारी पूरा

पुष्प व्यवसायीहरूको अर्को संस्था नर्सरी व्यवसायी संघ नेपालले ‘तिहारको उत्सव, फूलको महोत्सव’ भन्ने नाराका साथ यस वर्ष पनि तिहार फ्लोरा एक्स्पो-२०८२ आयोजना गर्ने भएको छ । तिहारलाई लक्षित गरी फूल, बोटबिरुवा तथा नर्सरी व्यवसायको प्रवर्द्धनको उद्देश्यले यही २८ असोजदेखि १ कात्तिकसम्म एक्सपो आयोजना गर्न लागिएको संघले जनाएको छ ।

संघका उपाध्यक्ष तथा मेला संयोजक लक्ष्मी महर्जनले गत वर्षको तुलनामा यस वर्ष अझ व्यापक सहभागिता बढाउने किसिमले प्रचारप्रसार भइरहेको बताए । उनका अनुसार नर्सरी व्यवसायको विकास, विस्तार र प्रवर्द्धनसहित स्वच्छ वातावरणीय आम्दानी तथा रोजगारी सिर्जनालाई यस एक्स्पोको प्रमुख उद्देश्य बनाइएको छ ।

‘वनस्पति र बोटबिरुवाको संरक्षण, पुनःरोपण र दिगो उपयोगका माध्यमबाट मानव र वातावरणबीचको सन्तुलन कायम गर्न नर्सरी व्यवसायीको भूमिका महत्त्वपूर्ण हुन्छ । यसका लागि सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य आवश्यक छ’, संयोजक महर्जनले भने, ‘नर्सरी व्यापारिक गतिविधि नभई मानव सभ्यताको संरक्षणसँग पनि सम्बन्धित विषय हो । वनजंगल र जैविक विविधता जोगाउन, हरियाली बढाउन र जलवायु सन्तुलनमा योगदान पुऱ्याउन नर्सरी व्यवसायीको योगदान छ ।’ संघले नर्सरी व्यवसायलाई व्यवस्थित बनाउन राष्ट्रिय नीति, कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार मापदण्डअनुसार अघि बढाउनुपर्नेमा जोड दिएको छ । साथै गुणस्तरीय बिउ, बिरुवा, वनस्पति संरक्षण र अनुसन्धानमा लगानी बढाउनुपर्ने संघले बताएको छ ।

# हिल्सा हुँदै मानसरोवर जाने तीर्थयात्रीबाट यसवर्ष ७२ लाख राजस्व संकलन

■ सौर्य समाचार

हुम्ला । हुम्लाको हिल्सा हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय तीर्थयात्रीको संख्या उल्लेख्य बढेको छ । कोरोना संक्रमणपछि भारतीय तीर्थयात्रीको धेरै संख्या हुम्ला भएर मानसरोवर दर्शन गर्न पुगेका हुन् । भारतीय तीर्थयात्रीको यस वर्षको यात्रा सकिएको छ । चिसो बढ्दै जाँदा भारतीय तीर्थयात्रीको यस वर्षको मानसरोवर कैलाश यात्राको याम सकिएको होटल व्यवसायी मिम लामाले जानकारी दिए । काठमाडौं, नेपालगन्ज हुँदै हुम्लाको हिल्सा भएर मानसरोवर जाने तीर्थयात्रीको यस वर्षका यात्रा सकिएको उनले बताए ।

सदरमुकाम सिमकोट र चीनसँगको सीमानाका हिल्सामा रहेका होटल व्यवसायीले यस वर्ष राम्रो आम्दानी गरेको लामाले बताए । एउटा होटलले १० लाखभन्दा बढी कमाई गरेका छन् । अन्य देशबाट जिल्लाका विभिन्न स्थानमा घुम्न आउने १-२ जना फाट्टफुट्ट भए पनि भारतीय तीर्थयात्रीको याम सकिएको छ ।

#### साढे ६ हजार विदेशी पर्यटक हुम्ला भित्रिए

चीनसँग नेपालको हुम्ला हिल्सानाका गत वर्षको १८ वैशाखमा खुलेपछि ६ हजार ४०७ जना विदेशी पर्यटक हुम्ला भित्रिएका छन् । जेठदेखि असोजको पहिलो हप्तासम्म नेपालगन्ज भएर हुम्ला हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने ६ करिब ६ हजार भारतीय तीर्थयात्री पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शंकर पोखरेलले जानकारी दिए ।

उनले भने, ‘अन्य देशका ४५० जना र भारतका ५ हजार ९५७ सहित ६ हजार ४०७ विदेशी पर्यटक हुम्ला पुगेका हुन् । जेठको दोस्रो हप्ताबाट हुम्ला भएर मानसरोवर दर्शका लागि २५ जना विदेशी पर्यटक यहाँ पुगेका थिए ।’ मानसरोवर कैलाश दर्शन गर्न आउने विदेशी पर्यटकको यो संख्या यस वर्षको अब अन्तिम हो । मानसरोवर कैलाश दर्शनका लागि हुम्लाको रुट छोटो दुरीमा पर्ने भएकाले जेठ, असार, साउन, भदौ र असोजको पहिलो सातासम्मका दैनिक दिन सिमकोट



> “ अन्य देशका ४५० जना र भारतका ५ हजार ९५७ सहित ६ हजार ४०७ विदेशी पर्यटक हुम्ला पुगेका हुन् । जेठको दोस्रो हप्ताबाट हुम्ला भएर मानसरोवर दर्शका लागि २५ जना विदेशी पर्यटक यहाँ पुगेका थिए ।

विमानस्थलमा विदेशी तीर्थयात्रीको चाप बढ्ने गरेको थियो । चीनले कोरोनापछि हिल्सानाकालाई हुम्लीसहित भारतीय पर्यटकका लागि खुला गरेपछि धार्मिक पर्यटकहरूको संख्या वृद्धि भएको सिमकोट विमानस्थलमा सिमकोट गाउँपालिकाबाट खटिएका दीपेन्द्र भण्डारीले बताए । उनले भने, ‘मानसरोवर कैलाशको दर्शन गर्न हुम्लामा कोरोना संक्रमपछिको यो उल्लेखनीय संख्यामा भित्रिएका हुन् ।’

जिल्लाको सिमकोट र नाम्खा गाउँपालिकाले हुम्ला पुगेका विदेशी पर्यटकबाट शुल्कसमेत उठाउँदै आएको छ । भारतीय प्रतिव्यक्ति तीर्थयात्रीबाट १ हजार १०० राजस्व संकलन गर्दै आएको छ भने अन्य देशका पर्यटकबाट १ हजार ५०० शुल्क लिने गरेको छ । मानसरोवर कैलाश दर्शन गर्न जान हुम्ला पुगेका ५ हजार ९५७ जना भारतीयबाट ६५ लाख ५२ हजार शुल्क र अन्य देशका पर्यटकबाट ६ लाख ७५ हजार गरी ७२ लाख २७ हजार राजस्व संकलन भएको छ ।

#### व्यस्त सिमकोट विमानस्थल सुनसान

पर्यटक आउँदाको समय दैनिक बिहानदेखि बेलुका ५ बजेसम्म व्यस्त देखिएको सिमकोट विमानस्थल यतिबेला सुनसान देखिएको छ । जेठ, असार, साउन र भदौमा सिमकोट विमानस्थल निकै व्यस्त देखिनुका साथै नागरिकको समेत बाक्लो चहलपहल देखिए पनि असोजको दोस्रो हप्तादेखि सुनसानजस्तै देखिन थालेको छ । मानसरोवर कैलाश दर्शन यात्रा सकिएसँगै निजी जहाज पूर्वमा उडान भर्दा विमानस्थलमा चहलपहल कम देखिएको हो ।

■ वीरगन्ज भन्सार

## पेट्रोलियम पदार्थबाट ११ अर्ब १८ करोड राजस्व संकलन



■ सौर्य समाचार

वीरगन्ज । वीरगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको २ महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट ११ अर्ब १८ करोड रुपैयाँ संकलन गरेको छ । कार्यालयले चालु आवको २ महिनामा २६ अर्ब ३३ करोड रुपैयाँ खर्चिएर ५ थरिका पेट्रोलियम पदार्थ आयात गरेको हो । आयातबाट प्राप्त कुल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने २८.५६ प्रतिशत रहेको छ ।

वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीका अनुसार भन्सारको राजस्वमा पेट्रोलियम पदार्थ र सवारीसाधनको योगदान निकै उच्च रहेको छ । यहाँको भन्सार आयातमा निर्भर रहेको छ । जसमा पनि पेट्रोलियम पदार्थ र सवारीसाधनको हिस्सा भने महत्त्वपूर्ण छ । यस्तै, यातायातका साधन र तिनका पार्टपुर्जा आयातबाट भने ६ अर्ब १४ करोड रुपैयाँ अर्थात् १५.६८ प्रतिशत रहेको छ । त्यसैगरी, फलाम तथा फलामबाट बनेका सामानबाट भने २ अर्ब ५४ करोड रुपैयाँ अर्थात् ६.४९ प्रतिशत राजस्वको हिस्सा रहेको छ । सबै प्रकारका कपडाबाट १ अर्ब ९८ करोड रुपैयाँ अर्थात् ५.०६ प्रतिशत हिस्सा ओगटेको छ । वीरगन्ज भन्सार कार्यालयले चालु आवको २ महिनामा ३९ अर्ब १५ करोड रुपैयाँ राजस्व संकलन गरेको छ ।

# नेसनल पेमन्ट स्विच र इकोसिस्टममा सुझाव माग

■ सौर्य समाचार

काठमाडौं । नेपाल राष्ट्र बैंकले सुझावको लागि नेसनल पेमेन्ट स्विच र नेसनल पेमेन्ट इकोसिस्टमको प्रतिवेदन सार्वजनिक गरेको छ । केन्द्रीय बैंकले आइतबार प्रतिवेदन सार्वजनिक गर्दै १० मंसिरभित्र सुझाव दिन आह्वान गरेको हो । नेपालको डिजिटल भुक्तानी प्रणाली तीव्र गतिमा विस्तार भइरहेको भए पनि यसले अझै पनि केही चुनौतीहरू सामना गरिरहेको राष्ट्र बैंकले जनाएको छ । डिजिटल भुक्तानीमा एकीकृत पूर्वाधार र ‘इन्टिग्रेसन’ को समस्या रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । यस्ता कमी र समस्याहरू सम्बोधन गर्न र देशका भुक्तानी प्रणालीहरूलाई एकीकृत गर्न नेसनल पेमेन्ट स्विचले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास रहेको प्रतिवेदनमा उल्लेख छ ।

नेसनल पेमेन्ट स्विच नेपालका खुद्रा भुक्तानीहरूका लागि केन्द्रीय स्विचिङ पूर्वाधारको रूपमा कार्य गर्ने प्रतिवेदनमा उल्लेख छ । यसले भुक्तानी प्रणालीका ‘ क्लोज्ड-लुप’ नेटवर्क/स्किमहरू र भुक्तानी पूर्वाधारहरू बीच सहज रूपमा अन्तरआवद्धता गराउने डिजाइन गरिएको राष्ट्र बैंकले जनाएको छ ।

यसले विभिन्न भुक्तानी प्रणालीबीच अन्तरआबद्धता कायम गरेर सबै प्रयोगकर्ताहरू फन्ड ट्रान्सफर, बिल भुक्तानी



र डिजिटल भुक्तानी रिसिभ गर्नेजस्ता डिजिटल कारोबारमा एकीकृत, छिटो र प्रभावकारी भुक्तानी अनुभव सिर्जना गर्ने लक्ष्य रहेको प्रतिवेदनमा उल्लेख छ । राष्ट्र बैंकले प्रतिवेदनमा परिकल्पना गरेको समग्र राष्ट्रिय भुक्तानी इकोसिस्टम विकासको आधारभूत सिस्टम नेसनल पेमेन्ट स्विच त्यसको संरचना र प्रमुख साझेदारहरू, कार्ड र गैर-कार्ड दुवै प्रकारका खुद्रा भुक्तानी प्रणालीहरूको अन्तरआवद्धता सुनिश्चित गर्न नेसनल पेमेन्ट स्विचको भूमिकाको विषय समावेश गरेको छ ।

नेसनल पेमेन्ट स्विचको कार्यान्वयन कानुनी र नेपाल राष्ट्र बैंकको रणनीतिक निर्णयबाट समेत अगाडि बढेको हो । भुक्तानी तथा सेटलमेन्ट ऐन, २०७५ मा सबै संस्था र तिनका भुक्तानी उपकरण राष्ट्र बैंकले तोकेको प्रक्रियाअनुसार नेसनल पेमेन्ट स्विचसँग एकीकृत हुनुपर्ने व्यवस्था छ । सोही व्यवस्थाले देशभर एकीकृत, सुरक्षित र अन्तरआवद्धता भएको भुक्तानी ‘नेसनल पेमेन्ट इकोसिस्टम’ को विकासलाई सुदृढ आधार प्रदान गरेको प्रतिवेदनमा उल्लेख छ ।

**Bardagoriya Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Bardagoriya Project Implementation Unit**
**Muda, Kailali**

**Notice for Opening of Price Bids**

**Date of publication: 13th October, 2025**

This is to notify to all the bidders, who have submitted technical and price bids for the **Construction of Gairigaun Water Supply Project IFB No. 03/WATER/PIU/BARDAGORIYA** as per invitation for bid notice published on 9th July, 2025 in Aarthik National Daily Newspaper. As per the Technical Bid Evaluation following bidders have been substantially responsive for this project.

| S.N. | Successful Bidders Name, Address | Remarks |
|---|---|---|
| 1 | C.A.B Construction Pvt. Ltd. Jawalakhel, Lalitpur, Nepal. | |
| 2 | Sagarmatha/Kalika JV KMC-32, Koteshwor, Kathmandu. | |
| 3 | KASHMIRILAL CONSTRUCTION PVT. LTD-Paradise Builders Pvt. Ltd Chaysal, Lalitpur (KCPL-PBPL JV). | |
| 4 | Swaminarayan Nirman Sewa Pvt. Ltd./P.S. Nirman Sewa-JV Naubasta -8 Banke. | |
| 5 | Uchchakoti Nirman Sewa Pvt. Ltd. Dhangadhi, Kailali. | |

We would like to invite above mentioned Successful Bidder in the opening of price bids in the following date, time and Venue.
Date: 26th October, 2025
Time: 2:00 PM
Venue: Project Implementation Unit, Bardagoriya Rural Municipality, Muda, Kailali.

**Project Manager**

# पर्यटन प्रवर्द्धनका लागि साहसिक खेलमा लगानी गर्दै गुल्मीका स्थानीय तह

छत्रकोट गाउँपालिका र लुम्बिनी प्रदेशको समपुरक बजेटअन्तर्गत ८६ लाख ७३ हजार १४४ रुपैयाँ लागतमा जिपलाइन निर्माण गरिएको छ। पछिल्लोपटक मदानेमा पनि जिपलाइन र स्काई साइक्लिङ निर्माण गरिसकिएको छ

■ सौर्य समाचार

गुल्मी। पछिल्लो समयमा स्थानीय पालिकाले जिल्लामा 'जिपलाइन' र 'स्काई साइक्लिङ' का क्षेत्रमा लगानी गर्न थालेका छन्। युवावर्गमा साहसिक खेलप्रति आकर्षण बढ्न थालेसँगै यहाँका पालिका पर्यटन प्रवर्द्धनका लागि नयाँनयाँ पूर्वाधार निर्माणमा लाग्न थालेका हुन्। साहसिक खेलप्रति जिल्लामा स्थानीय युवा, पाका उमेर समूहसम्मका व्यक्तिको रुचि बढ्न थालेको छ। जिल्लामा स्थानीय पालिकाले साहसिक खेलका रूपमा रहेको जिपलाइन र स्काई साइक्लिङका लागि लाखौं रकम खर्चिएर पूर्वाधार निर्माणमा जुटेका हुन्। जिल्लामा पहिलोपटक छत्रकोट गाउँपालिकाममा जिपलाइन निर्माण भइसकेको छ। छत्रकोट-३ अन्तर्गत रहेका छत्र देवालय मन्दिर र लुम्छाको भगवती मन्दिर जोड्ने गरी १ हजार ८० मिटर लामो जिपलाइन निर्माण गरिएको हो।

छत्रकोट गाउँपालिकाले १ वर्षदेखि जिपलाइन सञ्चालनमा आएको जनाएको छ। 'रुरु रेसुंगाको धार्मिक आश, छत्रकोटमा बसौं बास' भन्ने नाराका साथ गाउँपालिकाले छत्रकोटभित्र रहेका पर्यटकीय स्थानलाई जिपलाइन सेवामार्फत माध्यमबाट प्रचारप्रसार गर्न थालेको गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेले बताए। उनका अनुसार गाउँपालिका र लुम्बिनी प्रदेशको समपुरक बजेटअन्तर्गत ८६ लाख ७३ हजार १४४ रुपैयाँ लागतमा उक्त जिपलाइन निर्माण गरिएको हो। पछिल्लोपटक मदाने गाउँपालिकामा पनि जिपलाइन र स्काई साइक्लिङ निर्माण गरिसकिएको छ। मदाने-७ स्थित भनभनेको रोल्मा तिखेचुलीमा पर्यटन पूर्वाधार कार्यक्रमअन्तर्गत जिपलाइन र स्काई साइक्लिङसहित विभिन्न पर्यटकीय पूर्वाधारहरू निर्माण गरिएको गाउँपालिका कार्यालयले जनाएको छ।

सालझण्डी-ढोरपाटन सडक, मदनभण्डारी राजमार्गसँगै पर्यटकीय क्षेत्रका रूपमा रहेको कंके देउरालीलाई समेटेर पर्यटन प्रवर्द्धन गर्ने मुख्य योजना



रहेको मदाने गाउँपालिका अध्यक्ष महेन्द्रबहादुर कुवँरले बताए। गुल्मी, अर्घाखाँची र प्युठानको सीमा नजिकै रोल्माको तिखेचुलीमा जिपलाइन र स्काई साइक्लिङलाई व्यावसायिक रूपमा अघि बढाउन थालिएको उनले उल्लेख गरे। मदानेमा ७४ लाख २५ हजार २९२ रुपैयाँ लागतमा ३२० मिटर जिपलाइन र ९० मिटर डवलस्काई साइक्लिङ निर्माण गरिएको गाउँपालिकाका उपाध्यक्ष सरिता खड्काले जानकारी दिइन्।

त्यसैगरी, रेसुंगा नगरपालिकाले पनि धार्मिक एवं पर्यटकीयस्थल रेसुंगाको गर्जुरा क्षेत्रमा निर्माण गर्न थालेको जिपलाइन र स्काई साइक्लिङको काम अन्तिम चरणमा पुगेको छ। १ करोड २५ लाख रुपैयाँको लागतमा उक्त क्षेत्रमा ४२५ जिपलाइन र १८० मिटर स्काई साइक्लिङ निर्माण थालिएको बताउँदै शीघ्र सेवा सञ्चालनको तयारी भइरहेको नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले जानकारी दिए।

यसले धार्मिक तथा ऐतिहासिक क्षेत्र रेसुंगालाई पर्यटकीय दृष्टिकोणले थप विकास गर्न मद्दत पुग्ने नगर प्रमुख पन्थीले बताए। रेसुंगा नगरपालिकाले सुरु गरेको 'जाउँ हिँड रेसुंगा' अभियानलाई थप टेवा पुग्ने उनले विश्वास व्यक्त गरे। रुरुक्षेत्र गाउँपालिकाले पनि स्याङ्जाको कालीगण्डकी गाउँपालिकासँगको साझेदारीमा रिडीको देवदत्तपार्कबाट स्याङ्जाको हनुमानबाटीका जोड्ने गरी जिपलाइन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ। जिल्लामा पछिल्लो समय स्थानीय पालिकाले पर्यटन प्रवर्द्धनका क्षेत्रमा लगानी बढाउन थालेका छन्।

## काभा नेसन्स कपका लागि नेपाली भलिबल टोली घोषणा

■ सौर्य समाचार

काठमाडौं। नेपाल भलिबल संघले बंगलादेशमा हुने सेन्ट्रल एसियन भलिबल संघ (काभा) पुरुष नेसन्स कपको लागि नेपाली भलिबल टोलीको घोषणा गरेको छ। संघले २ असोजदेखि प्रशिक्षणमा रहेका खेलाडी मध्येबाट असोज २३ र २४ मा भएको अन्तिम चरणको छनोटबाट प्रशिक्षकले १४ खेलाडी छानेको हो।



टोलीमा धनबहादुर भट्ट क्षेत्री, हरिहजुर थापा, शरणसामरी क्षेत्री, धीरजकाजी बस्नेत, सुनिल बोहोरा, पहल गहतराज, शैलेन्द्र यादव, विनोद चन्द, अर्जुन नेपाली, सफल विक, रविन नगरकोटी, नृपध्वज बस्नेत, सुजन सुनार र सन्तोष राई समावेश छन्। प्रतियोगिता बंगलादेश भलिबल संघको आयोजनामा ५ देखि ११ कात्तिकसम्म हुनेछ।

## नेपाली अम्पाएर थापाले विश्व आइटिएफमा खेल खेलाए

■ सौर्य समाचार

काठमाडौं। आइटिएफ तेक्वान्दोका अन्तर्राष्ट्रिय अम्पायर घमबहादुर थापाले २३औं आइटिएफ तेक्वान्दो विश्व च्याम्पियनसिपमा निर्णायकको भूमिका निर्वाह गरेका छन्। अक्टोबर ३ देखि सुरु भइ आइतबार सम्पन्न प्रतियोगिता इटालीको जेसोलोमा भएको थियो। प्रतियोगिताका लागि आइटिएफ अम्पायर कमिटीले थापालाई निर्णायक मनोनीत गरेको थियो। उक्त प्रतियोगिताका थापासहित विभिन्न राष्ट्रबाट कमिटीले ८० अम्पायर छनोट गरेको थियो।



नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघ (आइटिएफ) का महासचिवसमेत रहेका थापा दोस्रोपटक आइटिएफ तेक्वान्दो विश्व च्याम्पियनसिपको अम्पायरमा मनोनीत भएका हुन्। सन् २०१९ मा बुल्गेरियामा भएको २१औं संस्करणमा पनि थापाले निर्णायकको भूमिका निर्वाह गरेका थिए।

## भेट्रान फुटबल : चाबहिलका दुवै टोली क्वार्टरफाइनलमा

■ सौर्य समाचार

काठमाडौं। चाबहिल स्पोर्ट्स क्लबको 'ए' र 'बी' दुवै टोली पाँचौं वडाध्यक्ष कप भेट्रान फुटबल प्रतियोगितामा आइतबार क्वाटरफाइनलमा प्रवेश गरेका छन्। चाबहिल 'ए' ले कपन भेट्रानलाई टाइब्रेकरमा २-१ गोलले पराजित गर्‍यो। चाबहिल 'ए' का 'म्यान अफ द म्याच' राजेश शाही र दीपक लामाले गोल गरे। कपनका ओमले १ गोल गरे। आइतबारै भएको अर्को खेलमा चाबहिल 'ए' ले सिन्धु स्पोर्ट्सलाई १-० गोलले हरायो। 'म्यान अफ द म्याच' सगुन श्रेष्ठले निर्णायक गोल गरे।




चाबहिल 'बी' ले डिफेन्डिङ च्याम्पियन बौद्ध भेट्रानलाई २-१ गोलले पाखा लगायो। विजेताका 'म्यान अफ द म्याच' टीकाराम कार्की र विक्रम कार्कीले गोल गरे। बौद्धका उमेश लामाले १ गोल फर्काए। काठमाडौं महानगरपालिका-७ को आयोजनामा भइरहेको प्रतियोगितामा फ्रिडम फाइटर 'बी' पनि क्वाटरफाइनलमा पुग्यो। चाबहिलमा भइरहेको प्रतियोगितामा फ्रिडम 'बी' ले एजे भेट्रानलाई २-१ गोलले पन्छायो। विजयी टिमका लागि 'म्यान अफ द म्याच' कन्या गुरुङ र राजु तामाङले गोल गरे। एजेका राजन उप्रेतीले सान्त्वाना गोल गरे।

यससँगै क्वार्टरफाइनल समीकरण तयार भएको छ। सोमबार हुने क्वाटरफाइनलमा चाबहिल 'ए' को भेट बुटवलसँग हुनेछ भने चाबहिल 'बी' ले कैलाली विरुद्ध खेल्नेछ। अन्य क्वाटरफाइनल बानेश्वर फ्रेन्डसिप र चितवन भेट्रान तथा फ्रिडम 'बी' र हेटौंडाबीच हुनेछ।

# आयरल्यान्डविरुद्ध रोनाल्डोको पेनाल्टी मिस, नेभेसले गरे पोर्चुगललाई उद्धार

■ एजेन्सी

लिस्बन। आयरल्यान्डविरुद्धको खेलमा कप्तान क्रिस्टियानो रोनाल्डोले महत्त्वपूर्ण पेनाल्टी मिस गर्नका बाबजुद पोर्चुगलले जित हासिल गरेको छ। विश्वकप फुटबल छनोटअन्तर्गत नेपाली समयअनुसार आइतबार बिहान भएको खेलमा रुबेन नेभेसले इन्जुरी टाइममा निर्णायक गोल गर्दै पोर्चुगललाई १-० को नाटकीय जित दिलाएका हुन्। यस जितसँगै पोर्चुगलले समूह 'एफ' मा शतप्रतिशत जितको कीर्तिमान कायम राख्दै शीर्ष स्थान सुरक्षित गरेको छ।

घरेलु मैदान एस्टाडियो जोसे अल्भालाडेमा भएको खेलमा नेभेसले अतिरिक्त समयको पहिलो मिनेटमा हेड गोल गर्दै आफ्नो पहिलो अन्तर्राष्ट्रिय गोल दर्ता गरे। उक्त गोल दिवंगत साथी डियोगो जोटाप्रति समर्पित गरिएको थियो,



जसको जुलाईमा सवारी दुर्घटनामा मृत्यु भएको थियो। नेभेसले जोटाको सम्झनामा उननले लगाउने २१ नम्बरको जर्सी पनि लगाएका थिए।

खेलको पहिलो हाफमा रोनाल्डोको पेनाल्टी आयरल्यान्डका गोलकिपरले रोक्दै खेललाई रोचक बनाए पनि अन्तिम समयमा आएको गोलले पोर्चुगललाई महत्त्वपूर्ण ३ अंक दिलायो।

यस जितसँगै पोर्चुगल समूह 'एफ' को आधा यात्रापछि ९ अंकसहित शीर्ष स्थानमा रहेको छ। दोस्रो स्थानमा रहेको हंगेरीभन्दा उनीहरू ५ अंकले अघि छन्।

बुधबार हुने हंगेरीविरुद्धको खेलमा पोर्चुगलले जित निकाले विश्वकपको लागि छनोट सुनिश्चित गर्न सक्छ। अर्कोतर्फ, पराजित आयरल्यान्ड १ अंकसहित तालिकाको पुछारमा रहेको छ।

कला

# साहित्यमाथि बहससँगै कवितावाचन

■ सौर्य समाचार

काठमाडौं। गैरआवासीय नेपाली संघ(एनआरएनए) स्थापनाको २२औं वर्षको अवसर पारेर राजधानीमा साहित्य र सिर्जनामाथि बहस गरिएको छ। नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजना तथा गैरआवासीय नेपाली संघ र भाषा साहित्य समितिको सहकार्यमा 'साहित्यिक गोष्ठी तथा बहुभाषिक सिर्जना' विषयमा बहस गरिएको हो।

बहसको शुभारम्भ गर्दै प्रतिष्ठानका कुलपति भूपाल राईले बहुभाषिक कविगोष्ठीले नेपाली मौलिकताको अनुहार झल्किने बताए। उनले नेपालका सबै भाषाको प्रतिनिधित्वसहित गरिएको सिर्जना वाचनले नेपाली समाजको मौलिक अनुहार प्रतिबिम्बित भएको जनाए। राईले संसारभरि छरिएर रहेका नेपालीले आफ्नो भाषा, साहित्य र संस्कृतिलाई विस्तारित गरेको उल्लेख गरे। 'यसबाट बहुभाषिक देश नेपाललाई समान रूपमा समृद्ध बनाउन सकिन्छ', कुलपति राईले भने, 'अहिले प्रज्ञा-प्रतिष्ठानको संरचना विगतको जस्तो एकल भाषी नभई बहुभाषिक प्राज्ञिक केन्द्रको रूपमा अघि बढेको छ।'

प्रज्ञा-प्रतिष्ठानका सदस्य-सचिव डा.धनप्रसाद सुवेदीले नेपाली भाषा र साहित्यको विकासमा गैरआवासीय नेपाली संघसँग सहकार्य गर्दै अघि बढ्न



सकिने बताए। प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य मातृभाषा विभाग प्रमुख राजन मुकारुङले मुलुक चलाउन नेपालमा बोलिने सबै तहतप्का र समुदायका भाषालाई प्रवर्द्धन गर्दै राज्यले समान व्यवहार गर्नुपर्नेमा जोड दिए।

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष महेशकुमार श्रेष्ठले विदेशमा रहेका नेपालीका सन्तानलाई नेपाली भाषा, साहित्य, संस्कृतिप्रति आकर्षित गर्दै आफ्नो मौलिकताको संरक्षण गर्नुपर्ने बताए। उनले भाषा नजोगाए, संस्कृति नबचाए र साहित्य सिर्जना नगरे सभ्यता तथा इतिहास नामेट हुने खतरा रहने भन्दै चिन्ता व्यक्त गरे। गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्वमहासचिव जानकी गुरुङले आफूहरू जहाँ रहे पनि नेपालप्रतिको अगाध स्नेह, माया र ममतामा कुनै कमी नआउने बताइन्। नेपाली भाषा प्रवासमा रहेका नेपालीका सन्तानलाई समयमै सिकाएर आफ्नो मातृभाषा जोगाउनसके मात्रै पहिचान बाँच्ने उनले जनाइन्।

कार्यक्रममा नेपाली भाषा, विभिन्न मातृभाषा र अंग्रेजी भाषामा गरी ५९ कविले आफ्ना कविता वाचन गरेका थिए। प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमलाले नेपाली भाषा र अर्का प्राज्ञसभा सदस्य जनक रसिकले डोट्याली भाषामा कविता वाचन गर्दा प्राडा गोविन्दमान सिंह कार्की, विश्वासदीप तिगेला, मनोज न्यौपाने, स्वप्निल स्मृति, रमेश पौडेल, विमला तुम्खेवा, सन्ध्या पहाडी, मणिराज सिंह, देवेन्द्र सुर्केली, अमित थेबे, जनार्दन अधिकारी धड्कन, तीर्थराज भट्ट, संगीता काली, मिथोच सुनुवार, विशाल नाल्बो, मिमबहादुर परियार, सोझो गाउँले, निरन्ती तुम्बापोलगायतले नेपाली भाषामा आआफ्ना कविता वाचन गरेका थिए।

मातृभाषाका कवि अञ्जु राजवंशी, ओमकृष्ण श्रेष्ठ, जगत् वशिष्ठ, गणेश वाम्बुले राई, डम्बर थामी, निशेष आङ्देम्बे, पदम बालाहाङ राई, पेम्बा गेलु शेर्पा, भूमिका थारू, राकेशबहादुर बुढा मगर, आलोक तिवारी, शर्मिला राना थारू, शोभा सुनुवार, रचना मोक्तान तामाङ, स्नेहा झा, मनु ठाडा मगर, रितेश त्रिपाठी, प्रगति राई, विमला गुरुङ, प्रकृति थारू, शिलाखा वाम्बुले राई, निरा श्रेष्ठलगायतले कविता वाचन गरेका थिए।

## ■ फिल्मफेयर अवार्ड २०२५
## लापता लेडिजलाई १३ अवार्ड



■ एजेन्सी

अहमदाबाद। गुजरातको राजधानीमा अहमदाबादमा आयोजना गरिएको '७०औं फिल्मफेयर अवाड्र्स २०२५' मा निर्मात्री किरण रावको फिल्म 'लापता लेडिज' ले अलग-अलग विधामा सर्वाधिक १३ अवार्ड जितेको छ। किरणले इन्स्टाग्राम 'द टेरिफिक १३' लेख्दै खुसी व्यक्त गरेकी छन्।

यसपटक अवार्ड अहमदाबादको इकेए एरिनामा तयार पारिएको थियो, जहाँ बलिउडकका दिग्गज कलाकारसँगै भोजपुरी उद्योगका कलाकारको पनि उपस्थिति थियो। शाहरूख खान र करण जोहरले होस्ट गरेको अवार्डमा विभिन्न कलाकारहरूले आफ्नो प्रस्तुति दिएका थिए। यसपटक अवार्ड विजेतालाई 'ब्ल्याक लेडी' ट्रफी प्रदान गरिएको थियो।

कम बजेटको फिल्म 'लापता लेडिज'ले 'बेस्ट फिल्म'को अवार्ड जित्दा फिल्मका लागि किरण राव 'बेस्ट डिरेक्टर', प्रतिभा रन्त 'क्रिटिक्स अवार्ड फर बेस्ट एक्टर(फिमेल)', रवि किसन 'बेस्ट सपोर्टिङ एक्टर(मेल)', छाया कदम 'बेस्ट सपोर्टिङ एक्टर(फिमेल)', स्नेहा देसाई 'बेस्ट स्क्रिनप्ले', 'बेस्ट डायलग', राम सम्पत 'बेस्ट म्युजिक एलबम', प्रशान्त पाण्डे 'बेस्ट लिरिक्स', अरिजीत सिंह 'बेस्ट मेल प्लेब्याक सिंगर', राम सम्पत 'बेस्ट ब्याकग्राउन्ड स्कोर', दर्शन जलन 'बेस्ट कस्ट्युम', नितांशी गोयल 'बेस्ट डेब्युट एक्टर(फिमेल)' घोषित भए।

अवार्डमा 'चन्दु च्याम्पियन'का लागि कातिक आर्यन र 'आइ वान्ट टु टक'का लागि अभिषेक बच्चन 'बेस्ट एक्टर(मेल)', 'जिग्रा'का लागि आलिया भट्ट 'बेस्ट एक्टर(फिमेल)', 'श्रीकान्त'का लागि राजकुमार राव 'बेस्ट एक्टर क्रिटिक्स', 'आइ वान्ट टु टक'का लागि सोजित सिरकारले 'क्रिटिक्स अवार्ड फर बेस्ट फिल्म', 'आर्टिकल ३७०'का लागि आदित्य धर र मोनाल थक्करले 'बेस्ट स्टोरी', 'आइ वान्ट टु टक'का लागि रितेश शाह र तुसार शितल जैनले 'बेस्ट एडप्टेड स्क्रिनप्ले', 'स्त्री-२'का लागि मधुबाती बाग्चीले 'बेस्ट प्लेब्याक सिंगर(फिमेल)', 'किल'का लागि सुबास साहोले 'बेस्ट साउन्ड डिजाइन', शिवकुमार भी पानिकेरले 'बेस्ट एडिटिङ', राफे मेहमोदले 'बेस्ट सिनेमाटोग्राफी', मयुर शर्माले 'बेस्ट प्रोडक्सन डिजाइन', लक्ष्यले 'बेस्ट डेब्युट एक्टर(मेल)' र सियोङ ओह र परवेज शेखले 'बेस्ट एक्सन' अवार्ड जिते।

त्यस्तै 'मुन्जय'का लागि रिडिफाइनले 'बेस्ट भिएफएक्स', 'ब्याड न्युज'का लागि बोस्को-सिजरले 'बेस्ट कोरियोग्राफी', 'आर्टिकल ३७०'का लागि आदित्य सुहास जम्भाले र 'म्याडगाउ एक्प्रेस'का लागि कुनाल केमुले 'बेस्ट डेब्यु डिरेक्टर'को अवार्ड पोल्टामा पारे।

कार्यक्रममा जीनत अमन र श्याम बेनेगललाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड', दिलीप कुमार, नुतन र मीना कुमारीलाई 'सिने आइकन अवार्ड' प्रदान गरियो।

## परानको काव्यिक टिजर



■ सौर्य समाचार

काठमाडौं। आगामी १४ कात्तिकमा रिलिज हुने फिल्म 'परान'ले काव्यिक टिजर सार्वजनिक भएको छ। अभिनेता नीर शाहको आइतबार परेको जन्मदिनमा कवि नवराज पराजुलीको शब्द तथा स्वरमा रहेको टिजर सार्वजनिक गरिएको हो।

कवि पराजुलीका शब्दहरूमा फिल्मका प्रमुख कलाकारसमेत रहेका नीरको मनोभावनालाई प्रस्तुत गरिएको छ। ओएसआर डिजिटलमार्फत सार्वजनिक टिजरमा कविताका माध्यमबाट जीवनको उत्तरार्धमा रहेका १ बाबुले छोरासँग जीवनको अन्त्यसम्म साथ पाइयोस् भन्ने चाहनालाई व्यक्त गरिएको छ।

कवितामा छोरालाई ईश्वरले दिएको उपहार मान्दै छोरालाई जसरी हुर्काइयो र बढाइयो, त्यसरी नै एउटा बाबुलाई पनि छोराले जीवनको अन्तिम समयसम्म सोही प्रकारले साथ देओस् भन्ने भाव छ। टिजरमा मदनकृष्ण श्रेष्ठ, केकी अधिकारी, महेश त्रिपाठी, बुद्धि तामाङ, प्रवीण खतिवडा, पूजा चन्द र अन्जना बराइलीलाई पनि अँटाइएको छ।

हाँस्य टेलिश्रृंखला 'सक्किगोनी'का दीपकप्रसाद आचार्य 'काकु' निर्देशित फिल्ममा नीर शाह, मदनकृष्ण श्रेष्ठ पूजा चन्द, केकी अधिकारी, प्रवीण खतिवडा, बुद्धि तामाङ, यासेली योङहाङ, बबिन राई, पुष्पराज ओझा, सीमा काफ्ले, दमन रुपाखेती, यमन श्रेष्ठ, सुव्रतराज आचार्य, सुरेश थापा, विनोद राई र बाल कलाकार आर्यादीप आचार्यलगायतको अभिनय छ। देशकै प्रतिष्ठित व्यावसायिक घराना गोल्छा समूह तथा प्रिज्मा समूहको साझेदारी रहेको कम्पनी बाइस्कोप सिनेमा प्रालिले निर्माण गरेको हो।

## ई-रिक्सा र अटोमा मैझारोको प्रचारप्रसार

■ सौर्य समाचार

काठमाडौं। आगामी ७ कातिकबाट रिलिज हुने फिल्म 'मैझारो'को प्रचारप्रसार तीव्र पारिएको छ। यतिबेला निर्माण पक्षले प्रचारप्रसारलाई उपत्यका बाहिर केन्द्रित गरेको छ। यहीक्रममा पूर्वका विभिन्न सहरमा सांगीतिक कार्यक्रमको आयोजनासँगै अधिकांश ई-रिक्सा र अटोमा फिल्मका फ्लेक्स झुन्ड्याएर प्रचारप्रसारलाई तीव्रता दिइएको छ।

गायक तथा हास्य कलाकार विल्सनविक्रम राईको निर्माण र निर्देशन रहेको फिल्मको प्रमोसनमा विल्सन व्यस्त छन्। उनी आफ्नै सांगीतिक प्रस्तुतिमार्फत दर्शकलाई हँसाउँदै फिल्मबारे प्रचारप्रसार गरिरहेका छन्। उनलाई गायक राजेशपायल राई, संगीतकार तथा गायक अनमोल गुरुङले साथ दिएका छन्।

निर्देशक राईले गत शनिबार गृह जिल्लामा झापामा ई-रिक्सा र अटो रिक्सामा फिल्मको प्रचारप्रसारसँगै दर्शकमाझ पुगेर सांगीतिक कार्यक्रम गरेको बताए। 'झापाको बिर्तामोड, दमक, मोरङको बेलबारी, सुनसरीको इटहरी, धरानमा कार्यक्रम गरिसकेका छौं।

फिल्मप्रति दर्शकको चासो उत्साहप्रद छ। दर्शकलाई मनोरञ्जनका साथै फिल्म हलमा लाग्न लागेको जानकारी दिनका लागि यो कार्यक्रमको आयोजना गरेका हौं। यो नौलो तरिका पनि हो,' उनले भने।

फिल्ममा धीरज मगर, मिरुना मगर, दिया पुन, बुद्धि तामाङ, सुनील थापा, पुस्कर गुरुङ, अभयराज बराल, माओत्से गुरुङ, कविता आले, रजनी गुरुङ, प्रेम सुब्बा, उदय सुब्बा, अनिल सुब्बा, भूपेन्द्र लिङदेन र विशाल लिम्बुलगायतका कलाकारको अभिनय रहेको छ।

तक्मे प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा अनमोल गुरुङ र तोरेम्पाहाङ राईको संगीत, सौरभ लामाको छायांकन छ। आरआर फिल्मस्ले वितरण गर्ने फिल्मको डिजिटल अधिकार ओएसआरले लिएको छ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी